मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ७० माघ २०६६

मूल्य : रु. २०/-

दिगो शान्तिका लागि दण्डहीनताको अन्त्य

RESEARCHERS

STUDENTS

ACADEMICS

ACTIVISTS

Visit INSEC Library to have access to

Human Righs Resources and Information

Books on Human Rights Including :

- Children, Child Rights
- Women, Women's Rights
- Conflict & Peace Studies
- Economics
- Social Sciences
- Media Studies
- Law, Rights, & Politics
- News clippings
- Reports
- Photographs
- Video footages

Facilities :

- Photocopy
- Internet Access
- Computerised Catalogue

NATIONAL AND INTERNATIONAL NEWSLETTERS AND JOURNALS ON HUMAN RIGHTS

इन्सेक insec

Informal Sector Service Centre (INSEC)

Syuchatar, Kalanki, P. O. Box : 2726, Kathmandu, Nepal

Tel : 977-01-4278770, Fax : 977-01-4270551

Email : insec@insec.org.np

Web-site : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति
प्राची
संचेतना द्वैमासिक
वर्ष १७ पूर्णाङ्क ७० माघ २०६६

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
विजयराज गौतम

संयोजक
गीता गौतम

सम्पादक
प्रतिवेदन वैद्य

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np
www.inseconline.org

मुद्रक
धौलागिरि अफसेट प्रेस
बल्खु, काठमाडौं
फोन : २००४६१२

अन्यौलमा संविधान निर्माण



- द्वन्द्वमा देशहरूमा सङ्क्रमणकालीन न्याय

६

- अन्तर्वार्ता : दण्डहीनताको संस्कृति गैर जवाफदेहिताको उपज हो
  सुशील प्याकुरेल ११
- फिचर : सुनको फुली जाकटी राखेको चानोदेवीले कहिले उकास्लिन् १२
- बिलम्वमा सत्य निरुपण तथा मेलमिलाप आयोग :
  दण्डहीनतालाई प्रोत्साहन/ जीवन्त वाग्ले १३
- खाद्यान्नको अधिकार र खाद्यान्न सम्प्रभुता/ श्रीराम अधिकारी १५
- बलपूर्वक बेपत्ता पारिएका नागरिकहरू ...../टङ्क खनाल २०
- सङ्घीय शासन प्रणाली : आधारभूत .../दिनेश त्रिपाठी २३
- मध्यपश्चिममा झाडापखाला प्रकोप ...../भोला महत २७
- नागरिकता र प्रस्तावित नागरिकता ...../चन्द्रकान्त ज्ञवाली ३२

नियमित स्तम्भहरू

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ५
- सामयिक ५

यथावत

मैले मेरा सबै बैठकमा मानवअधिकार सम्बन्धी कुरा उठाएँ । हामी नेपाली सेना र माओवादी दुवैले मानवअधिकारका मुद्दालाई गम्भीरतापूर्वक सम्बोधन गरुन् भन्ने चाहन्छौं ।

नेपाल भ्रमणमा आएका दक्षिण तथा मध्यएसिया मामिला सम्बन्धी
अमेरिकी उपसहायक विदेशमन्त्री प्याट्रिक मुन,
माघ ६ गते अमेरिकी दूतावासमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै

पछिल्लो समयमा शान्ति प्रक्रियाको सम्बन्धमा राजनीतिक पार्टीहरुको केही निकटता, उच्चस्तरीय राजनीतिक संयन्त्रको निर्माणलाई प्रोत्साहित गर्दै शान्ति प्रक्रियालाई निचोडमा पूऱ्याउनुपर्छ ।

राष्ट्रसंघका महासचिव बान कि मुनका प्रतिनिधि एवं अनमिन प्रमुख करिन लानग्रेन,
नेपालको शान्तिप्रक्रिया बारे मुनको प्रतिवेदन माघ १ गते परिषद समक्ष उल्लेख गर्दै

राज्यसत्ता बाहेक अन्य सबै भ्रम हो भन्ने एउटा मान्यता, राज्यसत्ता नपाए शान्तिप्रक्रिया जतासुकै जाओस् भन्ने अर्को मान्यता र राज्यसत्ता पाए जिन्दावाद नपाए मुर्दावाद भन्ने अर्को मान्यता, यी तिन थरी मान्यताहरु शान्ति प्रक्रियामा बाधक छन् ।

मानवअधिकारकर्मी कृष्ण पहाडी
पुस २४ गते विराटनगरमा आयोजित शान्तिप्रक्रियाको चुनौती समाधान र
समयमा संविधान निर्माण विषयक कार्यक्रममा बोल्दै

संविधानवाद, कानूनी शासन र लोकतान्त्रिक पद्धतिमा आधारित संविधानको विकल्प छैन। हामी अन्तर्राष्ट्रिय अनुभवबाट सबै नागरिकको भावना समेट्ने संविधान निर्माणको दिशामा छौं।

माघ १ गते संविधान निर्माण र द्वन्द्व रुपान्तरणको वर्तमान अवस्था विषयक २ दिने अन्तर्राष्ट्रिय कार्यक्रममा बोल्दै

राष्ट्रपति डा. रामवरण यादव

कार्टून

साभार
कान्तिपुर कोसेली
२०६६,पुस १८

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

सम्पादक

दिगो शान्तिको पूर्वसर्त दण्डहीनताको अन्त्य

नेकपा माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको तीन वर्ष बितिसकेको छ । तर, शान्ति सम्झौताको मसी सुक्न नपाउँदै यसको उल्लङ्घन गर्न सुरु गरेको नेकपा माओवादीले यो कार्यलाई निरन्तरता दिइरहेको छ भने सरकारले शान्ति सम्झौता अनुसारको आफ्नो दायित्व निर्वाह नगर्दा देशमा दण्डहीनताको संस्कृतिले प्रश्रय पाइरहेको छ। विस्तृत शान्ति सम्झौताले एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गरे पनि राजनीतिक दलहरूको उदासीनताका कारण पीडितहरूले न्याय प्राप्त गर्न सकिरहेका छैनन् ।

विस्तृत शान्ति सम्झौतामा उल्लेख गरे अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्तासम्बन्धी आयोगलगायतका संयन्त्र हालसम्म गठन हुन सकेका छैनन् भने सशस्त्र द्वन्द्वका क्रममा गम्भीर प्रकारका मानवअधिकार उल्लङ्घनमा संलग्न पीडकहरूले उन्मुक्ति पाइरहेका छन् । सङ्क्रमणकालीन अवस्थाको फाइदा उठाउँदै विभिन्न आपराधिक समूहहरू आपराधिक क्रियाकलापमा संलग्न रहेका छन् भने विभिन्न राजनीतिक दलहरू राजनीतिक फाइदाका लागि अपराधीहरूलाई संरक्षण प्रदान गर्न उद्दत रहेका छन् । सशस्त्र द्वन्द्वपश्चात् विगत द्वन्द्वका क्रममा दर्ता गरिएका राजनीतिक उदेश्यले अभिप्रेरित मुद्दाहरू फिर्ता गरिनु स्वाभाविकै भए पनि सशस्त्र द्वन्द्वको समाप्तिपछि भएका गम्भीर प्रकृतिका घटनामा संलग्न व्यक्तिहरूको समेत मुद्दा फिर्ता लिनुले दण्डहीनताको संस्कृतिलाई बढावा दिएको छ। सरकारले सशस्त्र द्वन्द्वका क्रममा भएका जघन्य मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिन गरेर पीडकहरूमाथि कारबाही गर्नुपर्नेमा पीडितहरूले सुरक्षाकर्मीलाई प्रतिवादी बनाएर दायर गर्न खोजेका किटानी जाहेरीहरू नै प्रहरीले अस्वीकार गर्ने गरेका छन् । यसरी ०६२/६३ जनआन्दोलनको सफलतापश्चात् देश लोकतान्त्रिक गणतन्त्र भएर मुलुकले नयाँ संविधान जाहेर गर्ने अन्तिम चरणमा प्रवेश गर्नेलाग्दा समेत द्वन्द्वपीडित आमनेपाली जनताले फस्टाउँदो दण्डहीनताका कारण परिवर्तनको महसुस गर्न सकिरहेका छैनन् ।

अन्तरिम संविधानमा राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक आयोगको मान्यता दिए पनि आयोगको सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा सरकार विगतमा जस्तै उदासीन बनेको छ । मे २००० देखि जून २००७ सम्म आयोगले गरेका १ सय ४७ सिफासरसमध्ये १६ ओटाको पूर्ण कार्यान्वयन भएको छ भने २० ओटा उजुरी केही हदसम्म कार्यान्वयन भएको अवस्था छ भने १ सय ११ ओटा सिफारिस पूर्ण रूपमा कार्यान्वयन हुनसकेका छैनन् । देशका विभिन्न भागमा रहेका नयाँ र पुराना सशस्त्र समूहले कानुनी शासनलाई नियमित रूपमा चुनौती दिइरहेका छन् । दण्डहीनताको संस्कृतिले दह्रो रूपमा जरा गाडिसकेको छ। राज्यले चालेका कदमहरू पनि प्रभावकारी देखिएका छैनन् । समाज परिवर्तनका संवाहक राजनीतिक दलहरू नै दण्डहीनतालाई बल दिने माध्यम बनेको वर्तमानको तीतो यथार्थताले गर्दा नेपाली जनताले आगामी दिनमा अझै चुनौतीको सामना गर्नुपर्ने देखिन्छ ।

नेपालको अर्को दीर्घ रोग भनेको विभिन्न समयमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको छानबिनका लागि आयोग गठन गर्ने र ती आयोगहरूका प्रतिवेदन सार्वजनिक नगर्ने र सार्वजनिक भइहालेको खण्डमा समेत पीडकहरूउपर कुनै कारबाही नगर्ने रहेको छ, जसले गर्दा एकातर्फ पीडकहरूलाई प्रोत्साहन मिलिरहेको छ भने अर्कोतर्फ दण्डहीनताको संस्कृतिलाई बढावा दिइरहेको छ। बहुदलीय व्यवस्थाको पुनःस्थापनापश्चात् गठन भएका मल्लिक आयोग तथा रायमाझी आयोगले दोषी ठहऱ्याएका व्यक्तिहरूलाई कुनै कारबाही नगरेर सरकारहरूले विगतलाई बिर्स भन्ने मानसिकताबाट अगाडि बढेको देखाएका छन्, जसले गर्दा दण्डहीनतालाई मौलाउने मौका प्रदान गरेको छ ।

देश अहिले नयाँ संविधान निर्माणको प्रक्रियामा रहेको छ । अहिले विभिन्न तह र तप्काका मानिसहरूले अधिकारको नाममा कुनै दल विशेषको आडमा अराजकता मच्चाउने कार्यले तीव्रता पाइरहेको छ तर सरकार आफ्नो कुर्सी जोगाउने नाममा यस्ता क्रियाकलापप्रति मूकदर्शक बनेको छ । दण्डहीनताको अन्त्यका लागि नियम र कानुन मात्र पर्याप्त नभएर यसको कार्यान्वयन गर्ने तहमा रहेका व्यक्तिहरूको इच्छाशक्तिको समेत महत्त्वपूर्ण भूमिका रहने भएकाले हाम्रा राजनीतिज्ञहरू गम्भीर हुन जरुरी छ । सशस्त्र द्वन्द्वको अन्त्यसँगै नयाँ संविधान बन्ने प्रक्रियामा देश रहेकाले यो संविधान बन्नुभन्दा पहिले नै सशस्त्र द्वन्द्वपीडितहरूलाई न्याय प्रदान गरेर अब बन्ने संविधान सम्पूर्ण जनताले अपनत्व महसुस गर्ने किसिमले बनाइनुपर्छ अन्यथा देशले पुनः अर्को प्रकारको द्वन्द्वको सामना गर्नुपर्छ। द्वन्द्वपीडित जनताले न्याय प्राप्त नगरेसम्म देशमा दिगो शान्ति स्थापना हुन सक्दैन भन्ने कुरालाई मनन गर्दै राजनीतिक दलहरूले केवल सत्ताको लुछाचुँडीमा लागिरहनुभन्दा द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने, पीडकलाई कारबाही गर्ने तथा नयाँ संविधान निर्माण गर्ने दिशामा अग्रसर हुन जरुरी छ ।

.... राजनीतिकर्मीहरूले सत्तामा जान चाहनु, राजनैतिक दलहरूले देशको सत्ता सञ्चालन गर्ने उद्देश्य लिनु सामानय कुरा हो। तर सत्ता प्राप्त गर्न जस्तोसुकै खेल पनि खेल्नु पर्छ भन्ने विचारले राजनीतिलाई अपराधीकरण गर्दै लैजान्छ। जसको उदाहरण अहिले हामी आफैं भएका छौं। तीस वर्ष लामो निर्दलीय व्यवस्थामा भएका अपराधिक क्रियाकलापहरूको विरोधमा जनताले जनआन्दोलन गरेर बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरेका छन्। तर बहुदलको आगमन पछिको छ वर्षको प्रजातान्त्रिक विकासलाई हेर्ने हो भने राजनीतिमा प्रवेश गरेको अपराधिक प्रवृत्तिले अब कुनै दललाई छाडेको देखिंदैन। यो गम्भीर चिन्ताको विषय भएको छ।

प्रजातन्त्रको स्थापना भएपछि सम्पन्न भएको ०४८ सालको पहिलो आमचुनावमा नै केही अपराधिक मनोवृत्ति भएका व्यक्तिहरूले प्रजातान्त्रिक दलहरूमा आफ्नो पकड जमाउने कोशिश गर्दा सहजै अवसर पाए। तर अपराध व्यक्ति-विशेषसँग मात्र सम्बन्धित हुँदैन, यो त एउटा प्रवृत्ति हो। त्यसैले यो प्रवृत्तिले सबै पार्टीमा थोर-बहुत प्रवेश गरेको छ। नेपाली कांग्रेसले बहुमत ल्याएर सरकार बनाएपछि जसरी भए पनि सत्तामा बसिराख्नु पर्छ भन्ने प्रवृत्तिले सबैभन्दा बढी पकड जमायो। सुनसरीको पहिलो उप-निर्वाचनमा भएको गतिविधिले नै नेपाली राजनीति अपराधिकरणतर्फ उन्मुख हुन थालेको कुरा देखाउन सुरु गरेको थियो।

विशेष अधिवेशनपछि व्याप्त देशको राजनीतिक ठूलो राजनीतिक अन्यौल यथार्थमा अझै समाप्त भइसकेको छैन। अहिले त कुनै पनि दल आफ्नो भविष्यप्रति निश्चित छैन। दलहरूभित्रको यो निराश र संकटले देशको प्रजातन्त्रलाई नै संकटग्रस्त बनाएको छ। यो संकटको मुख्य कारण नै राजनीतिमा छाएको अपराधिक प्रवृत्ति हो।

हाम्रो देशको संसद र राजनैतिक दलहरूलाई यस दलदलबाट उठाउने दायित्व जनताको काँधमा छ। जबसम्म जनताले अपराधिक तत्वको विरोधमा संघर्ष गर्दैनन्, तबसम्म संसद र राजनीतिक दल दुवै लाचार बन्दै जान विवश हुन्छन् र अपराधिहरूले राजनीतिको संरक्षण पाइनै रहन्छ। नेपाली जनताले निर्दलीय व्यवस्थालाई परिवर्तन गरी जसरी बहुदलीय व्यवस्था ल्याए, त्यसरी नै बहु दलीय व्यवस्थाको शु द्धता र स्वच्छताका लागि राजनीतिमा हावी भइरहेको अपराधिकरणका विरूद्ध संघर्ष गर्नुपर्छ। जनसंघर्षद्वारा मात्र राजनैतिक दलहरूलाई अपराधि प्रवृत्तिबाट मुक्त पार्न सकिन्छ। जनताको मुक्तिका लागि दलहरूले पनि यस्तो प्रवृत्तिबाट मुक्ति पाउनु पर्ने आवश्यकता छ।

(२०५३ पुस-माघ प्राचीबाट)

हार्दिक बधाई

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष

सुबोधराज प्याकुरेल

मानवअधिकार र विकासको लागि एसियन फोरम (फोरम एसिया) को अध्यक्षमा पुनः तीन वर्षका लागि निर्वाचित हुनुभएको छ। यो संस्थाले एसियामा मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुको संयुक्त प्रयासमा नागरिक अधिकार, सामाजिक न्याय, दिगो मानव विकास, सहभागितामुलक प्रजातन्त्र, लैङ्गिक समानता र शान्ति सुरक्षाको लागि काम गर्दछ। इन्सेक परिवार अध्यक्ष सुबोधराज प्याकुरेललाई आगामी कार्यकालको सफलताको लागि हार्दिक बधाई ज्ञापन गर्दछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनता

दण्डहीनताको स्वादमा रमाउनेहरूले के बुझ्नु जरुरी छ भने दण्डहीनताले प्रतिहिंसा जन्माउँछ । अत्याचारले पराकाष्ठा नाघेपछि मान्छेले हिंसा गर्छ । आफूमाथि अत्याचार गर्नेलाई कानूनले समात्न सक्दैन भन्ने टुंगोमा पुगेपछि पीडित आफै सजाय दिने निर्णयमा पुग्छ । त्यसैले अपराधको निष्पक्ष छानवीन गर्नु, अपराधीको पहिचान गर्नु र अपराधलाई स्थापित गर्नु प्रत्येक राज्यको कर्तव्य हो । अपराध र अपराधीको पहिचानले मात्र पनि पीडितलाई आधा राहत दिन्छ । संक्रमणकालमा विगतमा अपराधी क्रियाकलापको अभिलेख गरेपछि मेलमिलापको वातावरण निर्माण गर्ने अभ्यास थालिन्छ ।

सुबोधराज प्याकुरेल

कानून र प्रचलनका दृष्टिकोणले अपराध ठहरने कूकर्म गरेपनि कानूनको दायरामा नआउने र आइहालेमा पनि उन्मुक्ति पाउने अवस्थालाई दण्डहीनता भनिन्छ । साक्षी बक्ने साहस गर्न नसक्ने कमजोर प्रत्यक्षदर्शी र राज्यले स्वयम् अनुसन्धान तहकिकात गर्नुपर्ने अभियुक्तहरू नै राज्यको पहुँचवाला निकायमा रहेर प्रहरी-अदालत-न्यायाधिवक्तालाई अकर्मण्य बनाउन सक्ने परिस्थितिमा दण्डहीनता मौलाउने गर्छ । आन्तरिक गृह-युद्ध, राजनीतिक परिवर्तन र बाह्य-युद्ध भोगेका देशहरूमा राजनीतिक परिवर्तन पछि पनि अपराधीहरूउपर कारबाही गर्नु भन्दा उनीहरूको समेत सीमित सहयोगमा आकार र क्षमता विकास गर्नुपर्ने कमजोर सरकारका पालामा दण्डहीनता प्रशस्त मौलाएको पाइन्छ । राजनीतिज्ञहरू ढाकछोप गर्न र अदृश्य खतराको प्रचार गरेर यथास्थिति कायम राख्न सिपालु हुन्छन् । सामान्यतया ठूलठूला बाचा गर्ने र एक वा अनेक बहाना देखाएर ती बाचा पूरा नगर्ने रोग सबैजसो देशको संक्रमणकालमा देखिएको कुरा हो । पहिले राजनीतिज्ञहरूले आपसी सत्ता स्वार्थ हेर्छन् र त्यसपछि मात्र जनताको । सामान्यतया जनताका बीचमा ४-५ वर्ष पछिको अन्तरालमा मात्रै पुगे हुने र समय क्रममा जनताले बिर्सने वा पीडितहरू थाक्ने कारणले पनि लोकतन्त्रको कमजोरीका रूपमा दण्डहीनतालाई लिइयो । यसको उपचारका लागि राष्ट्रिय मानवअधिकार आयोग जस्ता पृथक शक्तिशाली निकायहरू स्थापना गर्ने चलन चल्यो । त्यस्ता निकायहरू सचेत नागरिक र प्रभावशाली न्यायालयको व्यवहारिक अनुगमनले मात्र प्रभावकारी बन्न सक्ने हुँदा, जनतामा सूचनाको पहुँच मार्फत् संचेतना बढाउँदै नागरिक एकता र संचेतना वृद्धि गर्न बलियो नागरिक संगठन र स्वतन्त्र प्रेसको व्यवस्था पनि गर्न थालियो । त्यसै क्रममा सरकारी सूचनाको हक र कानूनको दृष्टिमा समानताको हक स्थापित गर्ने कानून निर्माण गरियो । भर्खरै भारतमा दिल्ली उच्च न्यायालयले सर्वोच्च अदालत लगायत सबै पदाधिकारीहरूको सम्पत्ति स्रोतको जानकारी जनताले पाउन सक्ने व्याख्या सहितको फैसला गऱ्यो । सर्वोच्च अदालतका न्यायाधिशलाई समेत बन्धनकारी हुने यो फैसला सर्वोच्च भन्दा तल्लो तहको उच्च न्यायालयबाट हुनुलाई कानूनको शासन र लोकतन्त्रमा सूचनाको हकको विजयका रूपमा व्यापक प्रशंसा गरेको पाइयो ।

दण्डहीनताको स्वादमा रमाउनेहरूले के बुझ्नु जरुरी छ भने दण्डहीनताले प्रतिहिंसा जन्माउँछ । अत्याचारले पराकाष्ठा नाघेपछि मान्छेले हिंसा गर्छ । आफूमाथि अत्याचार गर्नेलाई कानूनले समात्न सक्दैन भन्ने टुंगोमा पुगेपछि पीडित आफै सजाय दिने निर्णयमा पुग्छ । त्यसैले अपराधको निष्पक्ष छानवीन गर्नु, अपराधीको पहिचान गर्नु र अपराधलाई स्थापित गर्नु प्रत्येक राज्यको कर्तव्य हो । अपराध र अपराधीको पहिचानले मात्र पनि पीडितलाई आधा राहत दिन्छ । संक्रमणकालमा विगतमा अपराधी क्रियाकलापको अभिलेख गरेपछि मेलमिलापको वातावरण निर्माण गर्ने अभ्यास थालिन्छ । पीडकले क्षमा माग्न पाउने र पीडितले क्षमा दिन सक्ने परिस्थितिको निर्माण गर्न भनेर मेलमिलाप आयोगको परिकल्पना गरिएको हो । हामीकहाँ पनि अन्तरिम संविधानमा सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रावधान राखियो । पीडित र पीडकको पहिचान गर्न बेपत्ता पारिएकाहरूको खोजबीन गर्ने आयोगको पनि प्रावधान छ । तर यी र यस्ता आयोग राज्यको स्थापित संरचनालाई प्रतिस्थापन गर्न भनेर बनाइने चाहिँ होइनन् । अब सबै सत्यको छानवीन गर्ने काम सत्य निरुपण आयोगले गर्ने र सबै पीडकले पीडितबाट आम माफी पाउने अभिप्राय होइन । पुलिस, न्यायाधिवक्ता र अदालतको काम यी आयोगले गर्ने होइनन् । राजनीतिक-सामाजिक, आर्थिक वातावरण निर्माण गरेर क्षमासील नागरिक र शान्ति प्रति निष्ठावान व्यक्तित्व निर्माण गर्ने राजनीतिक वातावरण यसको पूर्वाधार हो । यस्तो प्रक्रियालाई परिपूरणको सिद्धान्तले निर्देशित गर्छ । परिपूरणको सिद्धान्तको मुख्य तत्व भनेको फेरि त्यस्तो दुःखद् परिस्थितिको निर्माण गरिने छैन भन्ने कुरामा पीडितलाई विश्वस्त पार्नु हो । यही विश्वास भएपछि मात्र पीडित क्षमा दिन तत्पर हुन सक्छन् ।

हामीले कागजमा असल सिद्धान्त कोरेका छौँ । मेलमिलापको वातावरण निर्माण गर्न कानूनको मस्यौदा पनि गरिएको छ । तर राजनीतिक दलहरूले जनताको दृष्टिमा उनीहरूको जीवनसँग गाँसिएको यति संवेदनशील विषय पनि आ-आफ्ना सेना, कार्यकर्ता र सरकारी पदको लोभमा ओझेलमा पारिदिएका छन् । यसर्थ नागरिक तहबाट दण्डहीनताको अन्त्यका लागि प्रभावकारी दबाब सृजना गर्नुपर्छ । सरकारले वास्ता नगरेमा, गर्न नसकेमा नागरिकले अन्तर्राष्ट्रिय कानूनको समेत सहारा लिन सकुन भनेर अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान नेपालले अविलम्ब अनुमोदन गर्नुपर्छ ।

द्वन्द्वत्तर देशहरूमा सङ्क्रमणकालीन न्याय

शोभाकर बुढाथोकी

सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरू पहिचान गर्ने कार्य सधैँ कठिन हुने गर्छ । यो विभिन्न कारणहरूमा र ज्यादती र द्वन्द्व अवधिको विशेष परिस्थितिमा निर्भर हुन्छ । सङ्क्रमणकालीन न्यायिक संयन्त्रसम्बन्धी औपचारिक निर्णय लिनुअघि अपराधको स्तर, पीडकहरूको संख्या र उनीहरूको हालको अवस्था, देशको राजनीतिक अवस्था र उपलब्ध स्रोतहरू, राष्ट्रिय न्यायिक संयन्त्रहरूको विश्वसनियता र देशको व्यक्तिगत रूपमा परिपूरण दिनसक्ने क्षमताजस्ता आधारहरूलाई ध्यान दिनुपर्ने हुन्छ ।

बढ्दो दण्डहीनता र द्वन्द्वपछिको सरकारको पर्याप्त छानबिन र दोषीमाथि कारबाही गर्ने हिचकिचाहटले दिगो शान्ति, कानुनी शासन र समावेशी लोकतन्त्र स्थापना गर्ने प्रयासमा कमजोरी ल्याइदिन्छ। द्वन्द्वपछिको अवस्थामा द्वन्द्वपीडितको भावनात्मक पीडालाई सम्बोधन गर्ने, न्यायको प्रत्याभूति गर्ने र पीडितहरूको कथालाई अभिलेखीकरण गर्ने, मानवअधिकार हनन र ज्यादतीलाई विश्लेषण गर्ने, दोषी पहिचान गर्ने र उचित न्यायिक र प्रशासनिक कारबाही गर्न अधिकारीहरूलाई सिफारिस गर्ने संयन्त्रहरू स्थापना गर्ने जिम्मेवारी राज्यको हुन्छ। द्वन्द्वोत्तर देशहरूमा स्थायी संयन्त्रहरूले सामान्यतया ढिलो कार्य गर्ने र धेरै समय लिने हुँदा द्वन्द्वपीडितलाई परिपूरणद्वारा र राष्ट्रनिर्माणमा उनीहरूको पहिचान गरी सरकारले छिटो तर जिम्मेवारपूर्ण न्याय दिन सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू स्थापना गर्नका लागि नेतृत्व लिनु पर्छ।

सामान्य रूपमा, सङ्क्रमणकालीन न्यायले न्याय प्रवर्द्धन गर्ने, परिपूरण सुनिश्चित गर्ने र मेलमिलापतर्फ बढ्ने विषयहरूलाई समेट्छ। द्वन्द्वपश्चात् विगतमा गरेका अपराधको स्वीकारोक्ति, अभियोजन, क्षतिपूर्ति र क्षमा दिने प्रक्रियालाई सामान्यतया सङ्क्रमणकालीन न्याय प्रक्रिया भनिन्छ। प्रक्रियागत मानवअधिकार हननका घटनाहरूलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकिए यसले सामाजमा अराजकता ल्याउन सक्छ र यसले द्वन्द्व र नयाँ खालको हिंसा बढाउनमा सहयोग गर्छ। यसर्थ, दिगो शान्ति, चलायमान र जिम्मेवार राज्यको जग स्थापना गर्न द्वन्द्व वा अधिनायकवादी व्यवस्थापछिको अवस्थामा कानुनी शासन कायम गर्न जरुरी छ।

प्रत्येक द्वन्द्वोत्तर अवस्था आफैँमा विशेष प्रकृतिको हुने भएकाले विगतका गल्तीहरूलाई सम्बोधन गर्न विभिन्न विधिहरू अपनाउनु पर्ने हुनसक्छ। न्यायिक (पुर्पक्ष र कानुनी सुधारहरू) र गैरन्यायिक (सत्य निरूपण आयोगहरू र क्षतिपूर्ति योजनाहरू) उपायहरूसँग सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू समायोजन गर्न सकिएमा प्रभावकारी हुने अन्तर्राष्ट्रिय अनुभवहरूले देखाउँछ। तर पनि, सङ्क्रमणकालीन न्यायिक रणनीतिका आधारभूत चुनौती भनेको सत्यता स्थापित गर्ने, पीडितहरूको पीडा आत्मसात् गर्ने, पीडकहरूलाई जवाफदेही बनाउने, विगतका गल्तीहरूका पीडितलाई क्षतिपूर्ति दिने, भविष्यमा हुनसक्ने ज्यादतीहरूको रोकथाम गर्ने, सामाजिक सद्भाव प्रवर्द्धन गर्ने र सुरक्षा र न्यायिक संस्थाहरूको सुधार गर्ने तरिकाहरूले विगतका ज्यादतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्नु हो।

सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरू पहिचान गर्ने कार्य सधैँ कठिन हुने गर्छ। यो विभिन्न कारणहरूमा र ज्यादती र द्वन्द्व अवधिको विशेष परिस्थितिमा निर्भर हुन्छ। सङ्क्रमणकालीन न्यायिक संयन्त्रसम्बन्धी औपचारिक निर्णय लिनुअघि अपराधको स्तर, पीडकहरूको संख्या र उनीहरूको हालको अवस्था, देशको राजनीतिक अवस्था र उपलब्ध स्रोतहरू, राष्ट्रिय न्यायिक संयन्त्रहरूको विश्वसनियता र देशको व्यक्तिगत रूपमा परिपूरण दिनसक्ने क्षमताजस्ता आधारहरूलाई ध्यान दिनुपर्ने हुन्छ।

सङ्क्रमणकालीन न्याय विधि

द्वन्द्वोत्तर अवस्थाहरूमा सङ्क्रमणकालीन न्यायका विषयहरू धेरैजसो चार प्रकारले सम्बोधन गरिन्छ, जसमा फौजदारी अभियोजन, सत्य निरूपण आयोगको स्थापना, परिपूरण कार्यक्रमहरू सञ्चालन गर्ने र भेटिङ् प्रक्रिया पर्छन्। यी प्रक्रियाहरूबारे छोटकरीमा यहाँ उल्लेख गरिएको छ :

फौजदारी अभियोजन जवाफदेहिता सुनिश्चित गर्ने सबैभन्दा उत्कृष्ट स्वरूपको संयन्त्र हो र पुर्पक्ष सञ्चालन गर्न विश्वसनीय अदालतहरू रहेको अवस्थामा यो प्रभावकारी देखिन्छ। तर पनि, अभियोजनलाई जारी राख्नका लागि दृढ इच्छाशक्तिको आवश्यकता हुन्छ, जसको अभाव पीडकहरू र उनीहरूका राजनीतिक सहकर्मीहरू सत्ता साझेदारीमा रहेको अवस्थामा देखिन्छ। अभियोजनका लागि ठूलो मात्रामा धनराशि र समय चाहिन्छ र यसले थोरै मात्रामा व्यक्तिगत तहमा भएका अपराधहरूलाई सम्बोधन गर्दछ। तर, सफलतापूर्वक सम्पन्न अभियोजनले दण्डहीनताको अन्त्यका लागि सशक्त सन्देश दिन्छ र पीडितहरूसमक्ष विगतको दुर्व्यवहारपूर्ण इतिहास अन्त्य गर्नका लागि जवाफदेहिताका संयन्त्रहरू सुरु गर्न नयाँ सरकार प्रतिबद्ध रहेको सङ्केत दिन्छ।

सामूहिक अपराधमा संलग्न पीडकहरूलाई कारबाही गर्नु अन्तर्राष्ट्रिय कानुनी दायित्व हो र यसले भविष्यमा यस्ता आपराधिक कार्यहरू सैह्य नहुने कडा सामाजिक सन्देश प्रवाह गर्ने भएकाले नैतिक दायित्वका रूपमा प्रायः आत्मसात् गर्ने गरिन्छ। अभियोजनले कानुनको दायरा नाघी लिने बदला तथा प्रतिशोधको निराकरण गर्न र कानुनी शासन कायम गर्न वा पुनःस्थापनामा मद्दत पुऱ्याउँछ। तथापि, अभियोजन कार्य अत्यन्त महँगो हुने, अत्यधिक समय लिने र विवादास्पद हुने गर्दछ र द्वन्द्वको अवधिमा अपराधमा संलग्न सयौँ पीडकहरू (हजारौँलाई नभए पनि)लाई मुद्दा चलाउन कुनै पनि राज्यसँग पर्याप्त स्रोतसाधन नहुन सक्छ।

सुनियोजित अपराधको अनुसन्धान तथा अभियोजनका साथै द्वन्द्वको एतिहासिक,

सैनिक र राजनीतिक पक्षहरूको विश्लेषण गर्न, अत्याधुनिक सुनुवाइ व्यवस्थापन प्रविधिहरूको अध्ययन, जसको मद्दतले जटिल प्रमाणहरू सञ्चालन गर्न, जटिल सुनुवाइहरूमा दिग्दर्शन तयार गर्न, प्रमाणहरू नष्ट हुन नदिन, सुरक्षा दिन, घटनास्थलबाट सूचना सङ्कलन गर्न र अपराध अनुसन्धान प्रक्रिया पहिचान गर्नका लागि आवश्यक क्षमता तथा प्राविधिक दक्षता सुनिश्चित गर्न केही पूर्वसर्तहरू आवश्यक हुन्छ।

द्वन्द्वबाट शान्तितर्फ उन्मुख कैयौं देशहरूमा राष्ट्रिय न्यायिक संरचनाहरू सामूहिक अपराधसँग सम्बन्धित अभियोजनका ठूलो सङ्ख्या तथा जटिलताहरूको सामना गर्नका लागि आवश्यक साधनसम्पन्न हुँदैनन्। राष्ट्रिय अदालतहरूमा जटिल मुद्दाहरूको सुनुवाइ गर्नसक्ने प्राविधिक दक्षता भए पनि राजनीतिक रूपमा पूर्वाग्रही देखिएका छन्। यस्तो अवस्थामा अनुसन्धान तथा अभियोजनका लागि एक स्वतन्त्र समिति वा आयोग गठन गर्न आवश्यक ठानिन्छ। नागरिक समाज, पीडितहरूको समूह वा अन्तर्राष्ट्रिय समुदायलाई आयोग गठन प्रक्रियामा संलग्न गराइएमा सहयोगी हुन सक्छ।

अभियोजनलाई अन्य सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरूसँग समायोजन गरेर सुनुवाइ प्रक्रिया सञ्चालन गरे प्रभावकारी हुने देखिन्छ। यस सन्दर्भमा सत्य निरूपण आयोगहरूले अस्थायी न्यायाधिकरण (ट्राइबुनल)सँग एकसाथ काम गर्न सक्छन् ताकि दुवै संयन्त्रहरूले द्वन्द्वको कारण र परिणामका सम्बन्धमा पूर्ण लेखाजोखा सार्वजनिक गर्न सकून्।

सत्य निरूपण आयोगहरू छरपस्ट रूपमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू वा गोप्य रूपमा राज्यद्वारा भएका ज्यादतीहरूको विश्लेषणका निम्ति उपयुक्त हुन्छ। सत्य निरूपण आयोगको उद्देश्य घटनाको तथ्य र ज्यादतीका कारणहरूको वस्तुगत रूपमा पहिचान गर्ने भए पनि प्रत्यक्ष रूपमा घटनामा संलग्न व्यक्तिलाई सजाय दिलाउने रहेको पाइँदैन। औपचारिक अनुसन्धान निकायका रूपमा सत्य निरूपण आयोगहरूलाई प्रभावकारी बनाउन दृढ राजनीतिक इच्छाशक्ति आवश्यक हुन्छ र यस्ता आयोगका आयुक्तहरू द्वन्द्व वा ज्यादतीमा संलग्न पक्षहरूबाट पूर्ण रूपमा स्वतन्त्र नभएको अवस्थामा सामान्यतया प्रभावकारी हुन सक्तैनन्। व्यापक परामर्शका आधारमा सत्य निरूपण आयोगहरूको गठन प्रक्रिया प्रारम्भ गरिनुपर्छ र यस क्रममा

अभियोजनलाई अन्य सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरूसँग समायोजन गरेर सुनुवाइ प्रक्रिया सञ्चालन गरे प्रभावकारी हुने देखिन्छ । यस सन्दर्भमा सत्य निरूपण आयोगहरूले अस्थायी न्यायाधिकरण (ट्राइबुनल)सँग एकसाथ काम गर्न सक्छन् ताकि दुवै संयन्त्रहरूले द्वन्द्वको कारण र परिणामका सम्बन्धमा पूर्ण लेखाजोखा सार्वजनिक गर्न सकून् ।

सरोकारवालाहरूका बीचमा व्यापक सूचना प्रवाह तथा उनीहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ।

स्वतन्त्र विशेषज्ञहरू सम्मिलित गरी सत्य निरूपण आयोगहरू गठन गरिएको हुन्छ, जसलाई कुनै निश्चित देश वा द्वन्द्वको समयमा घटेका मानवअधिकार ज्यादती तथा तिनका कारणहरूका बारेमा अनुसन्धान गर्ने र प्रतिवेदन तयार पार्ने जिम्मेवारी हुन्छ। सत्य निरूपण आयोगहरूले पीडित तथा तिनका परिवारहरू र पीडकहरू स्वयम्लाई मानवअधिकार ज्यादतीका प्रमाणहरू पेस गर्ने र उनीहरूको फेहरिस्त समेट्ने आधिकारिक मञ्च प्रदान गर्छन्। सत्य निरूपण आयोगहरूले विगतका ज्यादतीहरूलाई औपचारिक रूपमा आत्मसात् गर्ने, पीडितहरूको पीडा स्वीकार गर्ने, हिंसा तथा विशेष प्रकारका ज्यादतीका प्रकृतिहरूको पहिचान गर्ने र भविष्यमा पुनः हिंसा हुनबाट रोकथामका लागि सुझावहरू दिने गर्छ। सत्य निरूपण आयोगले हिंसात्मक कार्यमा जिम्मेवार रहेका व्यक्तिहरूको पहिचान गर्न र कारबाहीका लागि सिफारिस गर्न पनि सक्छ। तथापि, सत्य निरूपण आयोगहरूबाट सम्पूर्ण व्यक्तिगत घटनाहरूको अन्तिम सत्य पत्ता लाग्ने आशा गर्न सकिँदैन।

विगतका ज्यादतीहरूको सत्य-तथ्य स्थापना गर्ने, विगतका ज्यादती वा विवादास्पद तथा इन्कारिएको इतिहास आत्मसात् गर्ने, पीडितको आत्मसम्मान पुनःस्थापना गर्ने र उनीहरूको ठोस आवश्यकता पूरा गर्ने, सामाजिक मूल्यहरू सुनिश्चित गरेर र परिपूरण एवम् संस्थागत सुझावमार्फत भविष्यमा ज्यादतीहरूको रोकथाम गर्ने र न्याय र जवाफदेहिता प्रवर्द्धन गर्ने र समाजमा मेलमिलाप स्थापना गर्ने सत्य निरूपण आयोगहरू स्थापना गर्ने मुख्य कारणहरूमध्ये केही हुन्।

सत्य निरूपण आयोगहरू सबै परिप्रेक्ष्यमा उपयुक्त नहुन सक्छन्। यदि सत्य आयोग स्थापना गर्ने हो भने आवश्यक संयन्त्र बनाउनुअघि धेरै रणनीतिक निर्णयहरू लिनुपर्ने हुन्छ। त्यसैले, पहिले पीडित तथा नागरिक समाजका बीचमा व्यापक परामर्श गरी उनीहरूलाई यस प्रक्रियामा सुरुवातदेखि नै संलग्न गर्दा उपयुक्त हुन्छ। यस्ता परामर्श सत्य निरूपण आयोगहरूको स्थापनाको प्रक्रिया र क्षेत्राधिकार (उद्देश्य, साक्षीसँग वकपत्र गर्ने तथा सबुद प्रमाण सङ्कलन गर्ने कानुनी दायित्व, आयोगले अनुसन्धान गर्ने उल्लङ्घन तथा ज्यादतीको प्रकार, अनुसन्धान गरिने समयावधि, आयोगलाई जिम्मेवारी पूरा गर्न प्रदान गरिएको समयावधि, सुझावहरू पेस गर्ने अधिकार)मा केन्द्रित हुनुपर्छ।

सत्य निरूपण आयोगहरूको क्षेत्राधिकार तथा संरचना तयारीका क्रममा अन्य न्यायिक संयन्त्रहरू र अधिकारवादी संस्थाहरूसँगको अन्तरसम्बन्धका बारेमा स्पष्ट पारिनुपर्छ। कुनै पनि सत्य निरूपण आयोगले धेरै समयसम्म चलेको द्वन्द्वका सबै ज्यादतीका घटनाहरूको अनुसन्धान गर्न सक्दैन। सत्य निरूपण आयोगहरू निश्चित समयावधिका लागि कायम हुन्छन् र छिटो प्रक्रिया सञ्चालन गर्ने चाहनाले आयोगले अनुसन्धान गर्न सक्ने घटनाको सङ्ख्याको सीमा तोकिदिन्छ। जो प्रायःजसो आफ्नो व्यक्तिगत घटनाका बारे पनि सत्यतथ्य जान्न उत्सुक हुने पीडितहरूलाई यो धेरै निराशाजनक हुन्छ। पीडितहरू धेरैजसो परिपूरणको आश गर्छन्, जुन प्रदान गर्ने न त सत्य निरूपण आयोगको क्षेत्राधिकार हो, न त यसका लागि ऊ साधनस्रोत सम्पन्न छ।

परिपूरण तथा सुधारसम्बन्धी बृहत् सुझावहरू प्रतिवेदनमा समावेश गर्नु सत्य निरूपण आयोगहरूका लागि सहज कार्य मानिन्छ। सत्य निरूपण आयोगको क्षेत्राधिकारमा यसका सुझावहरू सरकारबाट कार्यान्वयन हुनुपर्ने भन्ने व्यवस्था उल्लेख भए तापनि प्रायः यसका लागि थोरै मात्र स्रोतसाधन उपलब्ध हुने गर्छ र समय बित्दै जाँदा राजनीतिक इच्छाशक्ति पनि लोप हुँदै जान्छ। त्यसैले सत्य निरूपण आयोगको स्थापना गर्नुअघि नै सुझावहरू कार्यान्वयनबारे अनुगमन गर्न, अनुसन्धान कार्यलाई निरन्तरता दिन र अभिलेखको संरक्षणका लागि संयन्त्रहरूका बारेमा परिकल्पना गर्नुपर्छ। उक्त कार्य सम्पन्न गर्न नेपालको मानवअधिकार आयोगजस्ता

विद्यमान संस्थालाई जिम्मेवारी दिन सकिन्छ। आयोगका सुझावहरूको कार्यान्वयनको अनुगमनका लागि नागरिक समाजलाई प्रोत्साहित गरिनुपर्छ। आयोगका महत्त्वपूर्ण सुझावहरूको कार्यान्वयनका लागि सुरुमा नै विशेष कोषको सिर्जना पनि गर्न सकिन्छ।

सत्य निरूपण आयोगहरूले विगतको ज्यादतीपूर्ण इतिहासको स्वीकारोक्ति र आत्मसात् गर्ने वातावरण निर्माण गर्न सक्छन् र आयोगहरू प्रभावकारी रूपमा बृहत् न्यायिक अवधारणामा समाहित भएको अवस्थामा यस्ता आयोगहरूले दिगो शान्तिका लागि बलियो आधारशीला निर्माण गर्न सक्छन्।

परिपूरण तथा क्षतिपूर्ति

विगतमा भएका हिंसाबाट पीडित वा द्वन्द्व पीडितबाट प्रायः माग हुने गर्छ। तर, सरकारसँग क्षतिपूर्ति प्रदान गर्नका लागि सीमित आर्थिक स्रोतहरू भएको अवस्थामा यो कार्य अत्यन्त कठिनपूर्ण हुने गर्छ। परिपूरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालनका लागि पीडितहरूको पहिचान हुनुपर्छ, उनीहरूको घाउचोटको अवस्था मूल्याङ्कन हुनुपर्छ र कुनै पनि मात्रामा नगद प्रदान गर्न वा पीडित पक्षलाई सहयोगात्मक सेवा प्रदान गर्नका लागि स्रोतहरू उपलब्ध हुनुपर्छ। भावनात्मक क्षतिको परिपूर्तिका लागि कुनै पनि स्तरको भौतिक क्षतिपूर्ति कार्यक्रम साङ्केतिक (स्मारक वा क्षमायाचना) वा सेवा (निःशुल्क स्वास्थ्य सेवा वा शिक्षा)का अतिरिक्त आर्थिक सहयोगका रूपमा हुनसक्छ। परिपूरण कार्यक्रम पीडितहरूका लागि द्वन्द्वबाट बाहिर निस्कने महत्त्वपूर्ण साधन हुनसके पनि एउटा समूहले परिपूरण प्राप्त गर्नुपर्नेमा पक्षपातपूर्ण व्यवहारका कारण अर्को समूहले प्राप्त गरेको अवस्थामा समाजमा द्वेष पनि सिर्जना गर्छ।

परिपूरणले द्वन्द्वको अवधिमा भएका ज्यादतीका कारण आफ्ना प्रियजन गुमाएका वा क्षति बेहोर्नुपरेका व्यक्तिहरूलाई क्षतिपूर्तिस्वरूप प्रदान गरिने सेवा तथा नगदलाई बुझाउँछ। सुनियोजित मानवअधिकार ज्यादतीका पीडितहरू तत्काल, पर्याप्त र प्रभावकारी परिपूरणका हकदार हुन्छन् भन्ने तथ्यलाई अन्तर्राष्ट्रिय कानुनले स्वीकार गरेको छ भने परिपूरण प्रदान गर्नुपर्ने दायित्व राज्यमा रहने गर्छ। राज्यको सीमाभित्र सबैलाई मानवअधिकारको अनुभूति सुनिश्चित गराउने दायित्व राज्यको हो। राज्यले गैरराज्यपक्षबाट पीडित भएकाहरूलाई पनि परिपूरण उपलब्ध गराउनु पर्छ।

द्वन्द्वोत्तर वातावरणमा यातना वा हत्याको पीडा कुनै पनि परिमाणमा दिइने नगदबाट पूरा नहुने र हजारौँ पीडितहरूलाई ठूलो मात्रामा नगद सहयोग दिन नसक्नेजस्ता यथार्थताहरूको आत्मसात् गर्नुपर्ने हुन्छ। परिपूरणले हिंसाबाट विखण्डित समुदायहरूसँग ऐक्यबद्धता जाहेर गर्दै क्षतिको स्वीकारोक्ति तथा पुनःनिर्माण गर्ने, पीडितको आत्मसम्मान पुनःस्थापित गर्ने र समाजमा विश्वासको वातावरण तयार गर्ने लक्ष्य राख्छ। परिपूरणले साङ्केतिक सहायतादेखि भौतिक लाभका क्षेत्रसम्मलाई समेट्ने गर्छ। साङ्केतिक परिपूरणमा क्षमा, सडकको पुनःनामाङ्करण, स्मृति दिवस कार्यक्रमको आयोजना, मर्यादित चिहान क्षेत्रको निर्माण इत्यादि पक्षहरूलाई समावेश गर्न सकिन्छ। पीडितको कानुनी उपचार र परिपूरण प्राप्त गर्ने अधिकारलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनले स्पष्ट रूपमा स्वीकार गरेको छ। परिपूरण कार्यक्रमले पीडितको अवस्था प्रत्यक्ष रूपमा परिवर्तन गरेर अन्य सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरूलाई प्रभावकारी बनाउन सक्छ। उपयुक्त परिपूरण कार्यक्रमले पीडितहरूलाई मात्र नभई समस्त समाजलाई सकारात्मक प्रभाव पारेर लाभ पुऱ्याउँछ। दिगो शान्तिका अलावा सर्वसाधारण नागरिकको विश्वास जित्न र सामाजिक मूल्य तथा मान्यताको सुनिश्चितताका लागि परिपूरण कार्यक्रम अत्यावश्यक मानिन्छन्।

विभिन्न प्रकारका परिपूरण कार्यक्रमहरूमा पुनरुद्धार (उल्लङ्घन हुनुभन्दा पहिलेको स्थितिमा फर्काउने अवस्था), क्षतिपूर्ति (आर्थिक रूपमा मूल्याङ्कन गर्न सकिने क्षतिका लागि क्षतिपूर्ति दिइने) पुनःस्थापना (स्वास्थ्य तथा मनोविमर्श सेवा, प्रशासनिक पुनःस्थापना, कानुनी तथा सामाजिक सेवा), सन्तुष्टि (उल्लङ्घनको अन्त्य, सत्यता सार्वजनिक गर्ने प्रयास, बेपत्ता मानिसको खोजी, पुनः अन्तिम संस्कार कार्य, क्षमा, न्यायिक तथा प्रशासनिक कारबाही (भेटिङ्), स्मृतिसभाहरू, स्मारकहरूको निर्माण आदि) र पुनः घटना नदोहोरिने सुनिश्चितता (सुरक्षा क्षेत्रको सुधार, न्यायमा पहुँच तथा न्यायिक स्वतन्त्रताको प्रवर्द्धन र सामाजिक सेवामा सुधारजस्ता कदमहरूमार्फत ज्यादती पुनः हुनबाट रोकथाम आदि) पर्छन्।

द्वन्द्वोत्तर वातावरणमा यातना वा हत्याको पीडा कुनै पनि परिमाणमा दिइने नगदबाट पूरा नहुने र हजारौँ पीडितहरूलाई ठूलो मात्रामा नगद सहयोग दिन नसक्नेजस्ता यथार्थताहरूको आत्मसात् गर्नुपर्ने हुन्छ। परिपूरणले हिंसाबाट विखण्डित समुदायहरूसँग ऐक्यबद्धता जाहेर गर्दै क्षतिको स्वीकारोक्ति तथा पुनःनिर्माण गर्ने, पीडितको आत्मसम्मान पुनःस्थापित गर्ने र समाजमा विश्वासको वातावरण तयार गर्ने लक्ष्य राख्छ।

सत्य सार्वजनिक गर्ने वा पीडकहरूलाई सरकारी कार्यालयबाट निष्कासन गर्नेजस्ता सङ्क्रमणकालीन न्यायका अन्य कार्यक्रमहरूसँग समायोजन गर्न सकिएमा परिपूरण कार्यक्रम प्रभावकारी हुने गर्छ।

भेटिङ्

सार्वजनिक पदबाट पीडकहरूलाई हटाई वा असक्षम व्यक्तिहरू तथा ज्यादतीमा संलग्न व्यक्तिहरूलाई सरकारी नियुक्ति पाउनबाट रोक लगाई राज्यका निकायहरूप्रति जनविश्वास अभिवृद्धि गर्ने उद्देश्यले अवलम्बन गरिन्छ, जसले गर्दा ज्यादतीमा संलग्न व्यक्तिहरूले नयाँ शासन व्यवस्थाको कार्यशैली तथा विश्वसनीयतामा आघात पुऱ्याउन नसकून्। भेटिङ् कार्यक्रम प्रहरी तथा सेनाजस्ता सरकारी पदाधिकारीहरू हिंसामा संलग्न भएको र हिंसाको अन्त्यपश्चात् पनि सरकारी पदमा आसिन भइरहेको अवस्थामा लाभप्रद मानिन्छ। भेटिङ् प्रक्रिया न्यायिक नभई प्रशासनिक कारबाही अन्तर्गत पर्छ। तसर्थ, यस कार्यका लागि थोरै मात्रामा प्रमाण उपलब्ध भए पनि पर्याप्त मानिन्छ। तापनि, भेटिङ् प्रक्रिया वस्तुगत मापदण्ड तथा निष्पक्ष प्रक्रियाका आधारमा कार्यान्वयनमा ल्याइनुपर्छ।

भेटिङ्ले सरकारी निकायका कर्मचारीमा सुधार ल्याउने उद्देश्यले भ्रष्ट, ज्यादतीमा संलग्न वा अयोग्य कर्मचारीहरूलाई निष्कासन गर्ने, निलम्बनमा राख्ने वा जाँचबुझका लागि अपनाइने प्रक्रियालाई जनाउँछ। यो कार्यक्रम विशेषगरी प्रहरी, कारागार सेवा, सेना तथा न्यायपालिकाको सुधारमा केन्द्रित रहन्छ किनभने यी संस्थाहरू वितगका मानवअधिकार हननका घटनाहरूमा धेरैजसो संलग्न हुन्छन्। भेटिङ् प्रक्रिया भविष्यमा मानवअधिकार ज्यादतीको रोकथामका लागि राज्यका निकायहरू निष्पक्ष तथा प्रभावकारी हुनुपर्छ भन्ने परिकल्पनामा आधारित हुन्छ। तसर्थ, यस प्रक्रियालाई राज्यका निकायहरूउपर जनताको विश्वास पुनःस्थापित गर्ने,

सर्वसाधारण नागरिकलाई सेवा प्रदान गर्ने सम्बन्धमा उनीहरूको प्रभावकारिता र वैधानिकता अभिवृद्धि गर्ने र विगतको जस्तो ज्यादतीपूर्ण इतिहासलाई अन्त्य गर्ने सङ्केतका रूपमा लिने गरिन्छ।

भेटिङ् ठूलो परिमाणमा फौजदारी अभियोजनभन्दा सस्ता र थोरै समय लिने खालका हुन्छन्। तर, यसले मानवअधिकार उल्लङ्घनमा संलग्न व्यक्ति वा मानवअधिकारको उल्लङ्घन हुनबाट रोक्न सक्ने अवस्था हुँदाहुँदै त्यसो नगरेका कारण जिम्मेवार व्यक्तिहरूलाई व्यक्तिगत रूपमा जवाफदेही बनाउन एक प्रकारको अवसर प्रदान गर्छ। विगतमा भएका मानवअधिकार उल्लङ्घनहरू र गम्भीर अपराधमा संलग्न पदाधिकारीहरूलाई सरकारी निकायबाट बाहिर राख्ने उद्देश्यले भेटिङ् प्रक्रियालाई कार्यान्वयनमा ल्याइन्छ। पुनरावलोकन र पुन:नियुक्त भेटिङ् प्रक्रियाका लागि स्थापित दुई मान्यताहरू हुन्। दुवै प्रक्रियाका आधारमा सक्षम तथा योग्य र कुनै पनि ज्यादतीमा संलग्न नभएका व्यक्तिहरूले सफाइको प्रमाणपत्र प्राप्त गर्छन्, जसले उनीहरूको सेवालाई निरन्तरता दिने अनुमति प्रदान गर्छ। चरम अवस्थामा, कुनै व्यक्तिलाई सदाका लागि सबै प्रकारको सरकारी नोकरीउपर प्रतिबन्ध लगाउन सकिन्छ। कुनै पनि व्यक्तिलाई सरकारी पदबाट निष्कासन गर्ने आधार प्रचलित मान्यता अनुरूप स्थापित भएको हुनुपर्छ। निष्कासनका आधारहरू पारदर्शी र स्पष्ट रूपमा परिभाषित भएको हुनुपर्छ। भेटिङ् प्रक्रिया अपनाउँदा कुनै पनि पदाधिकारीहरूलाई दलीय आबद्धताका आधारमा बदलाको भावना अनुरूप निष्कासन गरिनु हुँदैन।

जनतामा राष्ट्रिय निकायहरूप्रतिको विश्वास पुन:स्थापित गर्न भेटिङ् प्रक्रियालाई प्रयोग गर्न दिन्छ र राष्ट्रिय निकायहरूका कारण पुन: हिंसा भड्किन सक्ने सम्भावनालाई रोकथाम गर्न यसले सहयोग पुऱ्याउँछ। भेटिङ् प्रक्रियाका सम्बन्धमा सावधानीपूर्वक योजना बनाइएमा, पर्याप्त स्रोत-साधन उपलब्ध गराइएमा, क्षेत्राधिकार स्पष्ट रूपमा परिभाषित गरिएमा र राम्रोसँग सुपरीवेक्षण गरिएमा यसले राष्ट्रिय संस्थाहरूको सम्पूर्ण जनतामा सेवा पुऱ्याउने प्रतिबद्धतामा सुधार गर्न र आमनागरिकको मानवअधिकारको संरक्षण गर्नमा योगदान पुऱ्याउन सक्छ।

सङ्क्रमणकालीन न्याय र नेपाल

नेपालको शान्ति प्रक्रियाभरि र संविधानसभाको निर्वाचनपछि पनि सङ्क्रमणकालीन न्याय वादविवादको मुख्य विषय भएको छ। सन् २००६ नोभेम्बरमा भएको शान्ति सम्झौता र सन् २००७ जनवरीको अन्तरिम संविधानले सत्य स्थापित गर्ने, पीडकहरूलाई अभियोजन गर्ने र द्वन्द्वपीडितलाई न्याय र क्षतिपूर्ति सुनिश्चित गर्नुका साथै बेपत्ता, सत्य निरूपण र मेलमिलापसम्बन्धी आयोग गठन गर्ने महत्त्वपूर्ण कार्यलाई पहिचान गरेको छ।

नेपालको विगतको अनुभवले के देखाउँछ भने आफ्नो सम्मानलाई बचाउने रणनीति अनुसार र पीडकहरूलाई न्यायको कठघरामा ल्याउनका लागि हुने नागरिक दबाबलाई पन्छाउनका लागि आयोगहरू बनाइन्छ। सरकारले पीडकलाई न्यायिक प्रक्रियाबाट बचाउनका लागि नजिर स्थापना गरिदिएको छ, जसका कारण दण्डहीनता संस्थागत भएको छ र यसले कानुनी शासनलाई चेतावनी दिइरहेको छ। सन् १९९० मा स्थापना भएको मल्लिक आयोगले पीडकहरूको नामसहित एक विस्तृत प्रतिवेदन बुझाए पनि सरकारले अदालतमा मुद्दा सुरु गर्न पर्याप्त न्यायिक व्यवस्था नरहेको कारण देखाई ती सुझावहरूलाई लत्यायो। सो प्रतिवेदन थोरै मात्र नागरिकहरूमा प्रसार गरिएकाले प्रतिवेदनले दोषी ठहऱ्याएकाहरू धेरै प्रजातान्त्रिक संसद्मा निर्वाचित भए र केही त व्यवस्थापिकामा समेत शक्तिसम्पन्न हुनुका साथै मन्त्रीसमेत भए।

यसैगरी, सरकारले सन् २००६ मे महिनामा राजाको प्रत्यक्ष शासनमा भएका दमनका कारण भएको जनधनको क्षति र राज्यकोषको दुरूपयोग तथा मानवअधिकार उल्लङ्घनको छानबिन गर्न पाँच सदस्यीय उच्च जाँचबुझ आयोग गठन गरेको थियो। यस आयोगको क्षेत्राधिकार भए पनि सरकारले यसको प्रारम्भिक निर्णयहरूलाई व्यवहारमा उतार्न पुन: रुचि देखाएन र यसको साटो अवकाशप्राप्त प्रधानसेनापति प्यारजङ्ग थापा र रुक्माङ्गद कटवाललगायत वरिष्ठ सेना अधिकृतहरूलाई उन्मुक्ति दियो। आयोगले सञ्चार माध्यम र मानवअधिकार समुदायलाई थाहा नदिई आरोपितहरूसँग गोप्य रूपमा सुनुवाइ गरी नागरिकलाई यस्ता सुनुवाइहरूबाट अलग राख्यो। आयोगले राजालाई दमन र राज्यकोष र अधिकार दुरूपयोग गर्ने कार्यमा दोषी पाए पनि यसले विभाजित रायहरूका साथ अपूरो र अपूर्ण सिफारिसहरू पेस गर्नुका साथै वरिष्ठ र कनिष्ठ कर्मचारीहरू र अवकाशप्राप्त कर्मचारीलाई पूर्वाग्रही रूपमा कारबाहीको सिफारिस गर्नाले यसको आफ्नै व्यावसायिकता र प्रभावकारिताप्रति नै प्रश्न खडा गरेको थियो।

सरकारद्वारा आयोगको सिफारिस नमान्ने र लगातारको निष्क्रियताले विद्यमान दण्डहीनताको चक्रीय प्रणालीलाई देखाउँछ र समयमै उचित न्यायिक कारबाही नलिए यो निरन्तर कायम हुनेछ।

अझ महत्त्वपूर्ण कुरा त सरकारको निष्क्रियता र आयोगको प्रतिवेदन सार्वजनिक नगर्ने निर्णयले जनआन्दोलनको भावनालाई अपमान गरेको छ। सरकारद्वारा आयोगको सिफारिस नमान्ने र लगातारको निष्क्रियताले विद्यमान दण्डहीनताको चक्रीय प्रणालीलाई देखाउँछ र समयमै उचित न्यायिक कारबाही नलिए यो निरन्तर कायम हुनेछ। द्वन्द्वको सुरुवात भएको सन् २००६ फेब्रुअरीदेखि नै राज्य र गैरराज्य पक्ष मानवअधिकार हनन र ज्यादतीहरूमा जिम्मेवार भएकाले यसलाई उचित र निष्पक्ष रूपमा र पीडितहरूलाई समयमै र चाँडो न्याय सुनिश्चित गर्नका लागि सङ्क्रमणकालीन न्यायिक संयन्त्रहरू स्थापना गर्न जरुरी रहेको छ।

तथापि, १५ हजारजतिको ज्यान गएको, १ हजार ३ सयभन्दा बढी बेपत्ता पारिएको र हजारौँलाई गैरकानुनी थुनामा राखिएको, यातना दिइएको र बलात्कार गरिएको द्वन्द्वका पक्षहरूद्वारा गरिएको गम्भीर मानवअधिकार हनन र ज्यादतीहरूलाई सङ्क्रमणकालीन संयन्त्रहरूद्वारा सम्बोधन गरी पीडितलाई न्याय र भविष्यमा हुने ज्यादतीलाई रोक्नुपर्छ। बुँदा नं. ५(२) (३), ५(२), (४), ५(२), (५) का अनुसार शान्ति प्रक्रियाका पक्षहरू (नेपाल सरकार र नेकपा माओवादी) बेपत्ता पारिएका व्यक्तिहरूको विवरण सङ्कलन गर्न, राष्ट्रिय शान्ति तथा पुन:स्थापना र सत्य निरूपण तथा मेलमिलाप आयोगहरू स्थापना गर्न सहमत छन्। तर, व्यवहारमा यी कुनै पनि आयोगहरू स्थापना भएका छैनन् र स्थापना गर्ने प्रक्रियामा पनि छैनन्। विगतमा सरकारले विधेयकबाट बेपत्तासम्बन्धी आयोग स्थापना गर्न बारम्बार प्रयास गरे पनि व्यापक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबका कारण यो सम्भव हुन सकेको छैन। तर पनि, सरकारले हालै बेपत्तासम्बन्धी आयोग ऐनलाई पुन: मस्यौदा गरी संसद्मा बुझाउने तयारी गरेको छ। सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा शान्ति तथा पुन:निर्माण मन्त्रालयले आधार खडा गर्न र सरोकारवालाहरूबाट सहयोग बढाउन सक्रिय रूपमा सार्वजनिक छलफल आयोजना

गरिरहेको छ।

कानुनी शासन र समावेशी लोकतन्त्र स्थापनाका लागि न्यायको मुख्य स्थान भए पनि पीडितहरूलाई पुन:स्थापना गर्न, घटनाको समाप्ति गर्न र न्याय दिन राम्रो योजना तयार गरी यी आयोगहरू गठन गर्नु महत्त्वपूर्ण हुन्छ। न्यायका लागि भएको निष्क्रियताको अस्थिर प्रभावका कारण शान्ति प्रक्रिया र लोकतन्त्रतर्फको रूपान्तरण जिम्मेवार र सामयिक संयन्त्रहरू स्थापना गर्ने कार्यमा निर्भर हुन्छ। यसले नेपालमा व्याप्त दण्डहीनतालाई पनि अन्त्य गर्नमा मद्दत गर्छ। नेपालको सन्दर्भमा दिगो लोकतान्त्रिक शासन विधि, असल शासन र संविधान निर्माण र राष्ट्र निर्माण प्रक्रियामा सहयोग गर्नुका साथै सुरक्षा क्षेत्रको सुधार र पूर्वलडाकूको व्यवस्थापनका लागि सङ्क्रमणकालीन न्यायिक प्रक्रिया सुरु गर्न आवश्यक देखिन्छ।

निष्कर्ष

सङ्क्रमणकालीन न्यायिक प्रक्रिया (फौजदारी अभियोजन, सत्य निरूपण आयोगहरू, परिपूरण र भेटिङ्)ले राष्ट्र निर्माणका लागि सुनौलो मौका प्रदान गर्छ र हिंसाको चक्रलाई पनि रोक्छ। यसले राष्ट्रिय सद्भाव प्रवर्द्धन गर्ने, नागरिकको सम्मान फिर्ता दिने, नागरिकलाई सेवा गर्न राज्यका अङ्गहरूलाई बलियो पार्ने र दण्डहीनताको संस्कृतिलाई अन्त्य गर्ने प्रक्रिया पनि सुरु गर्न सक्छ। सङ्क्रमणकालीन न्यायिक प्रक्रियाको थालनी गर्नुअघि पारदर्शी, निष्पक्ष र आवश्यक प्रक्रिया, राजनीतिक इच्छाशक्ति, राष्ट्रिय संस्थाहरूको सहभागिता र नागरिकहरूसँग साँचो अर्थमा गरिएको संवाद नै सफल प्रतिफलको आधारभूत तत्त्वहरू मानिन्छन्। यसले भविष्यमा हुने ज्यादतीलाई रोकी दिगो शान्ति र असल शासनको सम्भावनालाई उल्लेख्य मात्रामा बढाउँछ।

(लेखक **मानवअधिकार तथा द्वन्द्व सम्धान विशेषज्ञ हुनुहुन्छ ।**)

सन्दर्भ सामग्रीहरू:

Budhathoki, Shobhakar. Transitional Justice Commissions in Nepal. http://www.ssronline.org/edocs/transitional_justice_commissions_in_nepal.pdf. London: Center for Security Sector Management, 2007.

De Greiff, Pablo. The Handbook of Reparations. Oxford; New York: Oxford University Press, 2006.

De Greiff, Pablo and Alexander Mayer-Rieckh. Justice as Prevention: Vetting Public Employees in Transitional Societies. New York: Social Science Research Council, 2007.

Agreements and Understandings on Peace Negotiation of Nepal. Comprehensive Peace Agreement Between the Government of Nepal and The Communist Party of Nepal (Maoists). Government of Nepal, Peace and Reconstruction Ministry. Kathmandu: 2007

Geneva Centre for the Democratic Control of Armed Forces (DCAF). Vetting and the Security Sector. Geneva: 2006, http://www.dcaf.ch/publications/kms/details.cfm?lng=en&id=25449&nav1=4

Freeman, Mark and Priscilla B. Hayner. "Truth - Telling." In Reconciliation After Violent Conflict: A Handbook, edited by David Bloomfield and International Institute for Democracy and Electoral Assistance. Stockholm: International IDEA, 2003.

International Center for Transitional Justice. Truth Commissions and NGOs: The Essential Relationships, the "Frati Guidelines" for NGOs Engaging with Truth Commissions2004, http://www.ictj.org/images/content/1/0/106.pdf

International Center for Transitional Justice. "Prosecutions." ICTJ. http://www.ictj.org/en/tj/781.html

Magarrell, Lisa and International Center for Transitional Justice. Reparations in Theory and Practice ICTJ, 2007, http://www.ictj.org/static/Reparations/0710.Reparations.pdf

Orentlicher, Diane and UN. Independent Expert to Updated the Set of Principles for the Protection and Promotion of Human Rights through Action to Combat Impunity. Geneva: UN, 2005, http://www2.ohchr.org/english/bodies/chr/sessions/61/lisdocs.htm

Orentlicher, Diane. Impunity: Report of the Independent Expert to Update the Set of Principles to Combat Impunity. Geneva: UN, 2005, http://www2.ohchr.org/english/bodies/chr/sessions/61/lisdocs.htm

Peterson, Trudy Huskamp. Final Acts: A Guide to Preserving the Records of Truth Commissions. Washington, D.C.; Baltimore: Woodrow Wilson Center Press; Johns Hopkins University Press, 2005, http://www.wilsoncenter.org/press/peterson_finalacts.pdf

Search for Common Ground and Harvard Program on Negotiation. "Strategic Choices in the Design of Truth Commissions." http://www.truthcommission.org/

Transitional Justice Handbook (Nepali). United States Institute of Peace, 2008.

"TRIAL: Track Impunity always." TRIAL. http://www.trial-ch.org/http://www.trial-ch.org/

The Center for the Study of Violence and Reconciliation. "Justice in Perspective: A Website on Truth, Justice and Reconciliation in Transition." http://justiceinperspective.org.za/

UN. Office of the High Commissioner for Human Rights. Rule-of-Law Tools for Post-Conflict States: Prosecution Initiatives. New York; Geneva: UN, 2006, http://www.ohchr.org/Documents/Publications/RuleoflawProsecutionsen.pdf

United States Institute of Peace (USIP). http://www.usip.org/library/truth.html

United Nations. Office of the High Commissioner for Human Rights. Rule-of-Law Tools for Post-Conflict States : Reparations Programmes. New York: United Nations, 2008, http://www.ohchr.org/Documents/Publications/ReparationsProgrammes.pdf

UN. Commission on Human Rights (61st sess.: 2005: Geneva). "Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law." (2005), http://www2.ohchr.org/english/law/remedy.htm

अन्तर्वार्ता

दण्डहीनताको संस्कृति गैर जवाफदेहिताको उपज हो

सशस्त्र द्वन्द्वको अन्त भएको तीन वर्ष बितिसकेको छ तर देशले शान्तिको सास फेर्न पाएको छैन । द्वन्द्वको अन्तसँगै दण्डहीनताको अन्त र जवाफदेहिता सुनिश्चित गर्न नसक्दा नेपाली जनताको शान्तिको चाहना पूरा हुन सकेको छैन । यसै सन्दर्भमा प्राचीले राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेलसँग दण्डहीनता र मानवअधिकारको वर्तमान अवस्थाको बारेमा गरेको वार्ताका मुख्य अंश ।

देशको वर्तमान मानवअधिकारको स्थितिलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ? अहिलेको स्थितिबाट तपाईं सन्तुष्ट हुनुहुन्छ ?

मानवअधिकारको स्थितिबाट सन्तुष्ट हुने सीमा भनेको जहिले पनि सापेक्ष हुन्छ। निरङ्कुश शासनमा नागरिक तथा राजनीतिक अधिकारजस्ता केही मानवअधिकार जस्तै सङ्कटकालमा अहरणीय अधिकार महत्त्वपूर्ण भएको सन्दर्भ र समयमा यो भर पर्छ।

सरकार र पूर्वविद्रोही नेकपा माओवादीले १२ वर्षको हिंसात्मक सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरे। अन्तरिम संविधानको स्थापनाले मानवअधिकारलाई राजनीतिक र शासन प्रक्रियाको आधारभूत सिद्धान्तका रूपमा सुनिश्चित गरिदिएको छ। मुख्य रूपमा, नेपालले मुख्य मानवअधिकार महासन्धिहरू जसले कानुनी शासनलाई राज्यको प्रमुख दायित्वका रूपमा सुनिश्चित गरिदिएको छ, सबैलाई अनुमोदन गरिसकेको छ।

उल्लिखित बुँदाहरूबाट मानवअधिकारको स्थितिलाई मूल्याङ्कन गर्दा हामी सङ्क्रमणको स्थितिमा रहेको स्पष्ट छ। यस्तो अवस्थामा विगतका मानवअधिकार हनन र उल्लङ्घनहरूलाई सङ्क्रमणकालीन न्यायको सिद्धान्तले सम्बोधन गर्नुपर्छ। तीन वर्षपछि पनि मारिएका (१३०००) व्यक्तिहरूका र बेपत्ता पारिएका व्यक्तिहरूका परिवारजस्ता पीडितहरू अझै न्याय पर्खिरहेका छन्। कुनै पनि आरोपित व्यक्तिहरूलाई न्यायको कठघरामा उभ्याइएको छैन। र, जारी शान्ति प्रक्रियामा पीडितलाई परिपूरण (Reparation) मात्र एक अज्ञानताको विषय बन्न पुगेको छ।

यसैगरी, नयाँ र पुराना सशस्त्र समूहले कानुनी शासनलाई नियमित रूपमा चुनौती दिइरहेका छन्। दण्डहीनताको संस्कृतिले दह्रो रूपमा जरा गाडिसकेको छ। राज्यले चालेका कदमहरू पनि प्रभावकारी देखिएका छैनन्। गम्भीर कुरा के हो भने उल्लिखित मानवअधिकारका चुनौतीहरूलाई सम्बोधन गर्न सरकार आवश्यकता अनुसार गम्भीर भएको छैन। यस सन्दर्भमा, मानवअधिकार आयोगजस्ता राष्ट्रिय संस्थालगायत मानवअधिकार समुदायलाई थप चुनौती रहेको छ।

दण्डहीनताको विषयमा सबैको चासो बढिरहेको छ र धेरैले यसको कारण जवाफदेहिताको अभाव भएको तर्क गर्छन्। यसबारे तपाईंको सोच के हो ?

माथि भने अनुसार नै विगतका मानवअधिकार हननहरूका कारणहरूलाई सम्बोधन गर्ने कुनै गम्भीर प्रयास भएको छैन। सङ्क्रमणकालीन न्यायको संयन्त्र पनि प्रक्रियागत दण्डहीनताको संस्कृतिसँग जुझ्न निष्प्रभावी देखिएको छ। दण्डहीनताको संस्कृति गैरजवाफदेहिताकै एउटा उपज हो। त्यसैले, दण्डहीनतासँग जुझ्न जवाफदेहिताको समस्या प्रमुख समस्याका रूपमा देखा परेको छ।

सरकार र राजनीतिक दलहरूको भागमा जवाफदेहिता सुनिश्चित गर्नका लागि प्रमुख चुनौतीहरू के के हुन् ?

समाजलाई मुख्य रूपमा गतिशील बनाउने राजनीतिक दलहरू नै हुन्। राजनीतिक दलहरूको व्यवहारले नै सरकारको प्रकृति निश्चित गर्छ। तर, हाम्रो सन्दर्भमा भन्नुपर्दा राजनीतिक दलहरू दण्डहीनतालाई बल दिने माध्यम बन्नु दुःखलाग्दो छ।

राज्यलाई जवाफदेही बनाउन नागरिक समाज र सञ्चार माध्यमले सन्तोषजनक भूमिका खेलिरहेको जस्तो लाग्छ तपाईंलाई ?

> **सापेक्ष रूपमा, नेपालको नागरिक समाज दक्षिण एसियाली देशहरूको दाँजोमा क्रियाशील छ । तर, राजनीतिक दलहरूको उदासीनताले गर्दा यसले न्यायका लागि उठाएको आवाज सुनिएको छैन ।**

हामीले के बुझ्नुपर्छ भने नागरिक समाज यस्तो संस्था होइन, जुन दोषीहरूप्रति जवाफदेही हुन सक्छ। यसले चेतना पैदा गर्न र जनताको अभिमतलाई जवाफदेहिताका लागि परिचालन गर्नुका साथै सम्बन्धित अधिकारीमा दबाब सिर्जना गर्न सक्छ। तर, यसले कानुन आफैं लागू गर्न सक्दैन। सापेक्ष रूपमा, नेपालको नागरिक समाज दक्षिण एसियाली देशहरूको दाँजोमा क्रियाशील छ। तर, राजनीतिक दलहरूको उदासीनताले गर्दा यसले न्यायका लागि उठाएको आवाज सुनिएको छैन।

संविधान मस्यौदाको तालिका समय-समयमा संशोधन गरेर के गर्न खोजिएको हो ? यस्तो पर सार्ने प्रक्रियाले जनताको ठूलो हिस्साको सहभागिता र सल्लाहबाट संविधान मस्यौदा गर्नलाई प्रभाव पार्दैन ?

संविधानसभाको अवधि लम्ब्याउन खोज्ने कुनै पनि प्रयास असंवैधानिक हुन्छ। अन्तरिम संविधानले नयाँ संविधान बनाउन स्पष्ट रूपमा दुई वर्षको कार्यादेश दिएको छ। सङ्कटकालको अवस्थामा मात्र यसलाई बढीमा छ महिनासम्म लम्ब्याउन सकिन्छ। सङ्कटकाल घोषणा गर्ने न त सरकारको न संसद्को विशेषाधिकार छ। यो विवेकपूर्ण हुनुपर्छ। हालको संविधानसभा वा संसद्लाई वस्तुगत आधारमा यसको अवधि लम्ब्याउने अधिकार छैन।

नयाँ संविधानलाई मानवअधिकार मैत्री संविधान बनाउन के गर्नुपर्ला ?

मानवअधिकार मैत्री संविधान बनाउनका लागि विश्वव्यापी रूपमा स्वीकार गरिएको मानवअधिकारको सिद्धान्तलाई संविधानमा सुरक्षित पार्नुपर्छ।

राष्ट्रिय मानवअधिकार संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमबीच मध्य तथा सुदूरपश्चिम क्षेत्रमा बाँडिएको खाद्य सामग्रीको गुणस्तरबारे विवाद भइरहेको छ। यस विषयमा सरकार र नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ ?

खाद्य अधिकार मानवको आधारभूत

मानवअधिकार हो। गुणस्तरीय खानाले मात्र यो अधिकार सुनिश्चित हुन्छ। सुदूरपश्चिमका केही जिल्लामा बाँडिएको खाद्य सामग्री गुणस्तरहीन थियो। सरकारले खाद्य पदार्थको न्यूनतम स्तर कायम गरेको छ। उपभोग्य मिति सकेको खाद्य सामग्री वितरण गर्नु गम्भीर अपराध हो र यसो गरेमा सजायको भागीदार हुनुपर्छ। राष्ट्रसङ्घीय संस्थाले नै जनतालाई यस्तो कुहिएको खाद्य सामग्री बाँडेको बेला सरकार कसरी चुप बस्न सक्छ ? यसले सरकार आफ्ना जनताप्रति उत्तरदायी नभएको भन्ने देखाउँछ। यसले विश्व खाद्य कार्यक्रमलाई जवाफदेही बनाउन असफल भएको छ, जुन एक प्रकारको दण्डहीनता हो। यो पनि दण्डहीनतालाई प्रोत्साहन गर्ने एक तरिका हो। यस विषयलाई बाहिर ल्याउन र जनतामा चेतना पैदा गरी यस्तो दण्डहीनताको संस्कृतिविरुद्ध लड्न नागरिक समाजले आफ्नो सीमामा रही प्रशस्त प्रयासहरु गरेका छन्। यस विषयलाई उठाउनमा इन्सेक अगाडि रहेको छ। उपभोक्ता हित संरक्षण मञ्चले पनि यस विषयलाई बेस्सरी उठाएको छ।

संयुक्त राष्ट्रसङ्घले मानवअधिकारको सिद्धान्तलाई कायम राख्नुपर्छ भने मानवअधिकारको सुरक्षा गर्नु सरकारको दायित्व हो। तर, यस विषयमा संयुक्त राष्ट्रसङ्घ र सरकार दुवैले आफ्नो जिम्मेवारीको उल्लङ्घन गरेका छन्। सबै जना प्रस्ट हुनुपर्ने कुरा के हो भने यो खाद्य सामग्री सित्तैमा बाँडिएको नभई जनताको परिश्रमसँग साटिएको हो।

सुनको फुली जाकटी राखेकी चानोदेवीले कहिले उकास्लिन् !

मङ्सीर महिनाको धान काटने चटारो। आफ्नो खेत नभए पनि किसानकहाँ धान काटेर पेटभरि खान पाउने बेला। धनको नाममा आफ्नो नाकमा लगाएको फुली खोलेर छिमेकी कहाँ बन्धकी राखेर एक हजार रुपैयाँ सापट लिइन्। दुई छोरा र दुई छोरीको जिम्मा माइतीलाई दिएर अनिमभारे गाविस-२ की ३० वर्षीया एकल महिला चानोदेवी नुनिया दौडिन् सदरमुकाम तिर। कहिले नामै नसुनेको जिल्ला प्रशासन कार्यालय खोजतलास गर्दै पुगिन्। तर काम बनेन। बेपत्ता पति ३५ वर्षीय जोगिन्दर महतोकी पत्नी हुन् उनी। उनका पति ०६४ कात्तिक १३ गते गाउँकै लक्ष्मीनिया बजारबाट एकाएक बेपत्ता पारिएका थिए।बेपत्ता परिवारलाई सरकारले राहत दिन्छ भनेर सुनेपछि उनी निवेदन दिन जिल्ला प्रशासन कार्यालय पुगेकी थिइन्। गाविसको सिफारिश, छोराछोरीको फोटो, लेखनदासलाई दस्तुर अनि रिक्साभाडा तिर्दा रिन लिएको सात सय कतिखेर सकियो उनलाई थाहै भएन।

जिल्ला प्रशासनमा दिएको निवेदनका अनुसार जोगिन्दरलाई माओवादीका स्थानीय कार्यकर्ता शिवचरणले बोलाएर बेपत्ता पारेका हुन्। दैनिक मजदूरी गर्नु नै उनको आम्दानीको मूल स्रोत हो। त्यही श्रमबाट आएको दुई चार पैसाले उनले दुई छोरा र दुई छोरी गरी चार लालाबालाको प्राण बचाइरहेकी छन्। ठेगाना उनको मझारे गाविस भए पनि उनको घर छैन र जग्गा पनि। त्यसैले उनी विराटनगर उमनपा-१६ स्थित ग्रामीण बस्तीमा बस्दछिन्। त्यो बस्तीमा उनको माइती पर्दछ। माइती त सुरक्षाको लागि मात्र हो। उनीहरुले अरु कुरामा भरथेग गर्न सक्दैनन् -उनले भनिन्। उनका माइती पनि उनीजत्तिकै गरिब छन्।

बासको व्यवस्था गर्न उनको पतिले पनि प्रयास नगरेको त होइन।जग्गा दिलाइ दिन्छु भनेर पञ्चायतकालीन चुनावदेखि नै पूर्व उपप्रधानमन्त्री बद्री मण्डलले उनका पतिबाट हजारौं रुपैयाँ नै चप्काइ दिएका थिए। दुई कट्ठा जग्गा दिने भनिए पनि भोलिभोलि भन्दाभन्दै हालसम्म पास गरिदिएको छैन चानोदेवीले सुस्केरा हालिन् कहाँको कुन जग्गा दिने भनेको हो त्यसको अत्तोपत्तो छैन।

राहतका लागि निवेदन दर्ता गर्न पहिलोपटक जिल्ला प्रशासन कार्यालय पुग्दा कर्मचारीले राहत निवेदनको ढाँचा सकिएको भनेपछि उनी रित्तो हात फर्किन बाध्य भइन्। त्यसपछि अर्कोपटक जाँदा कर्मचारीले सुरक्षाको माग राखी धर्ना

फिचर

दिइरहेकोले दिनभर बसेर पाँच बजे पनि काम नभएर फर्किन्। तेस्रो चोटी जाँदा प्रशासनले कागजात पुगेन भनेर निवेदन लिन नै मानेनन्। चौथो पटक भने उनी निवेदन दिन सफल भइन्। निवेदन दिएर उनी सिधै इन्सेक क्षेत्रीय कार्यालय जनपथटोल पुगिन्। उनले त्यहाँ पुगेर पहिला त निवेदन दिन सफल भएको खबर सुनाइन् र निकै हर्षित पनि भइन्। अनि उनले भनिन्- "सर, अब राहत कहिले आउँछ। मैले निवेदन दिन नाकको फुली बन्धकी राखेकी छु।" समयमा पैसा तिर्न सकिएन भने फुली फिर्ता नआउने चिन्ता उनको अनुहारमा झल्किरहेको थियो।

उनलाई राहतका लागि निवेदन दिनुपर्छ भन्ने थाहा नै रहेनछ। छरछिमेकले पनि भनिदिएनछन्। इन्सेक जिल्ला प्रतिनिधि द्वन्द्वपीडितको फारम भर्दै उनको गाउँ पुग्दा अरुले राहत पाइसकेको अवस्था र उनको निवेदन समेत प्रशासनमा नपरेको पत्ता लागेको थियो। त्यो बेला उनी गाउँमा पनि थिइनन् र उनीसँग सम्पर्क गर्ने टेलिफोन पनि थिएन। आफन्तको खबरका आधारमा उनी राहत पाउँने आशाले इन्सेक क्षेत्रीय कार्यालय खोज्दै बल्लतल्ल विराटनगर उमनपा-१५ जनपथ टोल पुगिन्। उनलाई निवेदन दिने र राहत पाउने ठाउँ जिल्ला प्रशासन कार्यालयसम्म पुग्ने बाटो इन्सेकले देखाइएको दियो। त्यसपछि उनी प्रशासनमा निवेदन दिन सफल भएकी हुन्। निवेदन दिएपछि प्रशासन कार्यालयले शान्ति समितिमा राखेर छलफलपश्चात् छानविन गरेरमात्र शान्ति मन्त्रालयमा सिफारिस पठाउने कर्मचारी कुमार दाहालले बताए। संसदले आर्थिक पेश्की फर्स्यौट पास नगरेकोले यसअघि सिफारिस गरिएका द्वन्द्वपीडितको समेत राहत रकम नआएको कारण थपको आउने समय अझ ढिलो हुने कर्मचारी दाहालको भनाइ छ। कहिले राहत आउला र चानोदेवीले नाकको फूली उकास्न पाउलिन् त्यो दिन भने उनले पर्खन बाँकी नै छ।

चानोदेवीजस्ता कति द्वन्द्वपीडित आर्थिक अभावले राहत माग्न जिल्ला प्रशासन कार्यालसम्म आउन नसकेका होलान् ? उनीहरुको संख्या अहिलेसम्म प्रशासनको तथ्याङ्क शाखाको प्रतिवेदनमा उल्लेख गरिएको छैन। प्रशासनमा दिएका पीडितका कतिपय निवेदन नै हराएको गुनासो पनि त्यतिकै उठ्न थालेको छ। द्वन्द्वपीडितका लागि निवेदन दिने समय ०६६ मंसिर ५ गते सम्म तोकिएको थियो। तर सो तोकिएको समयका बारेमा सबै द्वन्द्वपीडितलाई थाहा पनि छैन। प्रशासनले कार्यालय परिसरमा केवल सूचना टाँसेर अप्रभावकारी माध्यम अपनाएको छ। कार्यालयको भित्तामा टाँसिएको सूचना जिल्लाको दूर्गम भागटेनी, वारंगी पाटीगाउँ र रमितेखोलाजस्ता गाविसमा पुग्न सकेको छैन। यसै सन्दर्भमा भोगटेनी गाविसका पूर्वउपाध्यक्ष डिल्लीमान तामाङले आफूलाई समेत द्वन्द्वपीडित राहतका लागि समयसीमा तोकिएको थाहा नभएको बताए।

प्रस्तुती : दीपेन नेउपाने

बिलम्बमा सत्य निरूपण तथा मेलमिलाप आयोग: दण्डहीनतालाई प्रोत्साहन

शान्ति सम्झौता जारि गरिएपछिको कैयन् घटनाहरूमा सङ्लग्न हुनेहरूलाई राजनीतिक सहमतिका आधारमा उन्मुक्ति दिनुले दण्डहीनताको संस्कृतिलाई बढावा दिएको स्पष्ट हुन्छ । तसर्थ, यी मानवअधिकार विरोधी तमाम घटनाहरूमा सङ्लग्न हुनेहरूलाई न्यायको कठघरामा ल्याई पीडकलाई आवश्यक कानूनी कारबाही गर्न र पीडितलाई राहत दिन सत्य निरूपण तथा मेलमिलाप आयोग अविलम्ब गठन गरि दण्डहीनताको अन्त्य गरिनु जरुरी छ ।



जीवन्त वाग्ले

एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा पीडित भएकाहरूलाई न्याय र परिपुरण प्रदान गर्न गठन गरिने भनिएको सत्य निरूपण तथा मेलमिलाप आयोग बृहत् शान्ति सम्झौता भएको तीन वर्ष बितिसक्दा पनि गठन भएको छैन । विधेयकले २०६६ मङ्सीर अन्तसम्ममा पूर्णता दिने बताइएको थियो । अहिलेसम्म आयोग गठन नहुँदा घटना छानबीन हुन नसकी शान्ति प्रक्रियाले गति लिन सकेको छैन । इन्सेकको तथ्याङ्क अनुसार युद्धको क्रममा १३ हजार ३ सय ४७ जनाको ज्यान गएको छ भने ९ सयजना भन्दा बढि बेपत्ता भएका छन् । यी सबै घटनाहरू छानबीनको दायरामा छन् । बृहत् शान्ति सम्झौतामा ०६३ मंसिर ५ गते सरकार र माओवादीबीच हस्ताक्षर भएपछि हालसम्म विभिन्न घटनामा १३ सय १७ जना पीडित भएका छन् । बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएपछि जुन सुकै पक्षले सम्झौता उल्लङ्घन गरेमा फौज्दारी अभियोगलगाउन सक्ने स्पष्ट प्रावधान छ । यस्ता प्रावधानलाई कानुनी दायरामा ल्याउन नसक्नु दण्डहीनताको संस्कृतिलाई निरन्तरता दिनु हो । युद्धताका भएका स्वेच्छाचारी हत्या, युद्ध अपराध, मानवताविरुद्धको अपराध जस्ता मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूको अनुसन्धान गरी पीडितलाई राहत प्रदान गर्ने र पीडकलाई आवश्यक कानुनी कारबाही गर्नु पर्ने हुन्छ । यस्ता घटनाहरूलाई किनारा लगाउनका लागि पनि सत्य निरूपण तथा मेलमिलाप आयोग गठन हुन आवश्यक छ ।

तत्कालीन विद्रोही नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेपाल सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०६३ मङ्सीर ५ गते सम्झौता पत्रमा हस्ताक्षर गर्दा युद्धताका भएगरेका सम्पूर्ण क्रियाकलापलाई समेट्ने प्रतिवद्धता व्यक्त गरिएको थियो । ०६२ मङ्सीर ७ गते राजनीतिक दलहरू र नेकपा माओवादीबीच दिल्लीमा भएको १२ बुंदे सहमतिको आधारमा पाँच ओटा विभिन्न सहमति र सम्झौतामा हस्ताक्षर भएपश्चात मात्र बृहत् शान्ति सम्झौता जारी गरिनुले पीडितले राहतको सास फेर्ने आशा गरिएको थियो । बृहत शान्ति सम्झौतामा उल्लेख भए अनुसार द्वन्द्वरत अवस्थामा विद्रोही पक्ष र राज्य पक्षबाट भएको मानवअधिकार उल्लङ्घन र ज्यादतिका घटनाहरूको सत्य तथ्य पत्ता लगाई पीडितलाई राहत दिन र पीडकलाई आवश्यक कानुनी कारबाही गर्नका लागि शान्ति स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने सत्य निरूपण तथा मेलमिलाप आयोग निर्माण नगरेर आफैले निर्माण गरेको अन्तरिम संविधानको अपमान हुन पुगेको छ ।

बेपत्ता छानबीन आयोग, राज्य पुर्नसंरचना आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग जस्ता महत्वपूर्ण संयन्त्र बनाउने प्रतिवद्धता बृहत शान्ति सम्झौतामा स्पष्ट उल्लेख छ । यी संयन्त्रहरूमा बढि आवश्यक र चर्चामा रहेको विधेयक मध्येको सत्य निरूपण तथा मेलमिलाप आयोगसम्वन्धी विधयेक पनि एक हो । करिब दुई वर्ष अगाडि नै शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सत्य, निरूपण तथा मेलमिलाप आयोग विधेयक मस्यौदा गरेको थियो । यसमाथि मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्था तथा नागरिक समाजका प्रतिनिधिहरूद्वारा सुझाव पनि दिइ सकिएको थियो तर, अझै यसले मुर्त रूप भने पाउन सकेको छैन । मुलुकमा देखिएका राजनीतिक अस्थिरता र कर्मचारीको अल्पायु सरुवा, कर्मचारीको जिम्मेवारी हेरफेर र उदासीनता यसका मुख्य कारण बन्न गएको मन्त्रालयमा कार्यरत कर्मचारीहरू बताउँछन् । किनभने यो काम विशुद्ध प्राविधिक काम हो । केही समय काम गरेपश्चात अनुभवी बन्न पुगेका कर्मचारीहरू सरकारको निर्णय अनुसार नयाँ जिम्मेवारी बहन गर्नुपर्ने भएबाट यो अवस्था आएको हो । यो वर्ष मात्र दुई खाले सरकारले राज्य संचालन गरे । पटकपटकको सरकार परिवर्तनले र यसबाट उब्जने शंकाले गर्दा पनि सरकारी काम कारबाहीमा चुस्तदुरुस्तता कायम हुन सकेन ।

लामो समयसम्म तामेलीमा रहेको विधेयकले धेरै राम्रा कुराहरू समेट्न प्रयत्न गरेको भएपनि केही अझै सुधार वा संशोधनोन्मुख अवस्थामा छ । ४१ धारा र ५ परिच्छेदमा विभक्त गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयकको मस्यौदा तर्जुमा गरि कार्यान्वयन पक्षमा लैजानु नै प्रमुख पक्ष हो ।

यसमा राम्रा विषयहरूलाई समेटेर तय गरिएको भएपनि केही विषयमा भने विभिन्न नागरिक समाज र सरोकारवालाहरूले संशोधनको लागि सुझावहरू पेश गरेका छन् । यसरी दिइएको

सुझावहरूमा विधेयकको प्रस्तावनामा उल्लङ्घन भन्ने शब्दसँगै ज्यादति पनि राख्नु पर्ने भएको छ । विधेयकको परिच्छेद एकमा उल्लेखि परिभाषामा पीडितको परिभाषामा विशेषतः सशस्त्र द्वन्द्वमा प्रत्यक्ष असङ्लग्न नागरिकहरू जो पीडित भए, लाई प्राथमिक रूपमा उल्लेख गरिनु पर्ने, मानवताविरुद्धको अपराध, युद्ध अपराध आदि जस्ता विषयको पनि स्पष्ट परिभाषा गरिनु पर्छ ।

यसैगरी, आयोगको अध्यक्ष तथा सदस्य सिफारीस गर्न बन्ने समितिमा राजनीतिक समिति नबनोस भन्नका लागि प्रधानन्यायाधीश, अन्तरिम व्यवस्थापिका संसदका सभामुख र मानवअधिकार तथा सामाजिक न्याय समितिका सभापतिसहित महिलाको पनि प्रतिनिधित्व हुने गरि सिफारीस समिति गठन गर्नुपर्ने, मल्लिक आयोग र रायमाझी आयोगले दोषि ठहराएकाहरूलाई पनि छानबीनको घेरामा ल्याउनु पर्ने, कारबाहीसम्वन्धी छलफलमा विदेशीको उपस्थिति आवश्यक नरहने र विज्ञको रूपमा प्रयोग गर्न सकिने व्यवस्था मिलाउनु पर्ने, आयोगलाई स्वतन्त्र र स्वायत्तता प्रदान गरिनु पर्ने, सरकारद्वारा मुद्दा खारेज गरि आमफामी दिइएका मानवअधिकारको गम्भीर उल्लङ्घन मानवताविरुद्धको अपराध र युद्ध अपराधका घटनाहरूलाई पनि आयोगको कार्यक्षेत्र भित्र राख्ने व्यवस्था गर्नुपर्ने छन् । अन्यमा पीडकहरूलाई जवाफदेही बनाउने व्यवस्था सुनिश्चित गरिनु पर्ने, पीडकलाई क्षतिपूर्ति सम्वन्धमा बढि उत्तरदायी बनाउनु पर्ने, केही शब्दावलीहरू जस्तै मरेकाको सट्टामा मारिएका र मस्यौदाको २६(क) मा उल्लेख भएको अमानवीयको सट्टामा क्रुर वा विभत्स जस्ता शब्दमा पुर्नवलोकन गरिनु पर्ने, न्यायालयलाई मुद्धा हेर्न बढि अधिकार दिइनु पर्ने जस्ता रहेका छन् । यसैगरी, मानवअधिकार तथा मानवीय कानुन उल्लङ्घनकर्तालाई अभियोजनका लागि सरकार समक्ष सिफारीस गरिने प्रावधान राखिनु पर्ने, पीडितको सहमतिमा र उनीहरूसँग सल्लाह गरेर मात्र क्षमादान दिन सकिने, पीडितहरूलाई रोजगारको सुनिश्चितताको व्यवस्था गरिनु पर्ने, विधेयकलाई पीडित महिला र बालबालिकाप्रीय बनाउनु पर्ने, एउटा निश्चित समयमा आयोगले प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाउने, आयोगको कार्यविधि नसकिदै आयोग विघटन गर्दा कारणसहितको विस्तृत प्रस्ताव व्यवस्थापिका वा संविधानसभामा प्रस्तुत गर्नुपर्ने जस्ता सुझावहरू रहेका छन् । विधेयकमा कैयन् संशोधन गरि विचार गरिनु पर्ने विषयहरूलाई यहाँ उल्लेख गर्न सकिएको छैन ।

विधेयकको मस्यौदालाई पूर्णता दिन ढिलो भएपनि अब विधेयकलाई विस्तृत छलफलपश्चात् मात्र पूर्णता दिइनु पर्ने धारणा राख्छन् शान्ति तथा पुनर्निर्माण राज्य मन्त्री डिल्ली बहादुर महत । महत भन्छन्, "हामी हतारमा निर्णय गरेर फुर्सदमा पछुताएका धेरै उदाहरण हाम्रो सामु अनगिन्ति छन्, त्यसैले अलि गहन अध्ययन गरेर मात्र विधेयकलाई मुर्त रूप दिइनु उपयुक्त हुन्छ ।" विविध प्राविधिक समस्याले विलम्व भएको स्वीकार्दै विधेयकलाई शीघ्र नै मुर्त रुप दिनु पर्नेमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव पुण्यप्रसाद न्यौपाने बताउँछन्, "हामीले धेरै विस्कुन सुकायौं अब जति सक्दो चाँडो उठाउनु पर्छ ।" यसबाट के स्पष्ट छ भने शान्ति तथा पुनर्निर्माण मन्त्रालय विधेयकलाई यथाशक्य पूर्णता दिन खुबै तातेको छ ।

युद्धोत्तर अवस्थामा पीडितले राहत पाएनन् भने र पीडकलाई कानून अनुसारको सजाय नदिई क्षमादान वा उन्मुक्ति दिइयो भने न्यायीक निर्णय कदापि हुन सक्तैन । संक्रमणकालीन न्याय सम्पादनका लागि यो विधेयक अपरिहार्य दस्तावेज हो । संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका मानवअधिकारसम्वन्धी कानुनहरू, प्रस्ताव तथा घोषणाहरू, जेनेभा महासन्धि, अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनहरू, संक्रमणकालीन कानून र यसका अन्य स्थापित अन्तर्राष्ट्रिय मान्यताहरू, सम्बन्धित क्षेत्रमा क्रियाशील सङ्घसंस्था तथा नागरिक समाजका सुझावलाई अब बन्ने सत्य निरूपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयकमा समेट्नु पर्छ ।

तीन वर्षको अथक प्रयासपश्चात तयार हुन लागेको यो विधेयकले पीडितहरूलाई राहत उपलब्ध गराउनको लागि विधेयक विशेष संयन्त्र हो । प्रस्तावित आयोगको मस्यौदामाथि छलफल गर्दै नेपालका लागि ओएचसिएचआर प्रमुख रिचार्ड बेनेट भन्छन्, "महिलालाई वेवास्ता गरेर सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक बन्न मुस्किल पर्छ किनकी युद्धको दौरानमा धेरै महिलाहरू पीडित भएका छन् ।" युद्धोत्तर अवस्थामा पीडितले राहत पाएनन् भने र पीडकलाई कानून अनुसारको सजाय नदिई क्षमादान वा उन्मुक्ति दिइयो भने न्यायीक निर्णय कदापि हुन सक्तैन । संक्रमणकालीन न्याय सम्पादनका लागि यो विधेयक अपरिहार्य दस्तावेज हो । संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका मानवअधिकारसम्वन्धी कानुनहरू, प्रस्ताव तथा घोषणाहरू, जेनेभा महासन्धि, अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनहरू, संक्रमणकालीन कानून र यसका अन्य स्थापित अन्तर्राष्ट्रिय मान्यताहरू, सम्बन्धित क्षेत्रमा क्रियाशील सङ्घसंस्था तथा नागरिक समाजका सुझावलाई अब बन्ने सत्य निरूपण तथा मेलमिलाप आयोगसम्वन्धी विधेयकमा समेट्नु पर्छ । विधेयकलाई अन्तिम रूप दिइनु भन्दा अगाडि विभिन्न सङ्घसंस्था, नागरिक समाज र सरोकारहरूसँग पनि अन्तिम सल्लाह गर्दै पीडित पक्षसँगको सघन सहमति लिनु पर्ने हुन्छ । शान्ति सम्झौता जारि गरिएपछिको कैयन् घटनाहरूमा सङ्लग्न हुनेहरूलाई राजनीतिक सहमतिका आधारमा उन्मुक्ति दिनुले दण्डहीनताको संस्कृतिलाई बढावा दिएको स्पष्ट हुन्छ । तसर्थ, यी मानवअधिकार विरोधी तमाम घटनाहरूमा सङ्लग्न हुनेहरूलाई न्यायको कठघरामा ल्याई पीडकलाई आवश्यक कानूनी कारबाही गर्न र पीडितलाई राहत दिन सत्य निरूपण तथा मेलमिलाप आयोग अविलम्व गठन गरि दण्डहीनताको अन्त्य गरिनु जरुरी छ ।

(लेखक इन्सेक केन्द्रीय कार्यालयमा कार्यरत छन्)

खाद्यान्नको अधिकार र खाद्यान्न सम्प्रभुता

नेपाल पक्ष भएको ICESCR को धारा ११ ले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनव्यवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दै भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको अधिकारलाई समेत स्वीकार गरेको छ ।

श्रीराम अधिकारी

पृष्ठभूमि

मानवअधिकारको विधिशास्त्र (Human Rights Jurisprudence)भित्र थुप्रै अधिकार एवम् स्वतन्त्रताहरूको उल्लेख गरिएको पाइन्छ। जसलाई सामान्यता नागरिक तथा राजनीतिक अधिकार एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका रूपमा विभाजन गरी पहिलो युगको अधिकार र दोस्रो युगको अधिकार (First Generation Rights and Second Generation Rights) भनी व्याख्या एवम् विभाजन गरिने प्रचलन रही आएको छ। मूलभूत रूपमा यी दुवै अधिकारको आममानिसको जीवनमा ठूलो महत्त्व रहेको छ। यसमा उल्लेख गरिएका कतिपय अधिकारहरू आममानिसको दैनिक जीवन तथा जीवन गुजाराका लागि अपरिहार्य मानिन्छ। मानिसले आफ्नो जीवनभर विविध अधिकारको प्रचलन गरे तापनि सर्वप्रथम बाँच्न पाउने अधिकारको प्रत्याभूति र प्रचलन चाहन्छ, जसका लागि उसलाई सबैभन्दा पहिले गाँस, बाँस, कपासका साथै स्वास्थ्य र शिक्षासम्बन्धी अधिकार पनि चाहिन्छ। बाँच्नका लागि प्राणी जगत्लाई नै खाद्यान्नको आवश्यकता पर्ने भएकाले खाद्यान्नको अधिकारलाई पहिलो अधिकारका रूपमा लिने गरिन्छ। तथापि, सबै खाले मानवअधिकारको महत्त्व र अपरिहार्यता समान हुन्छ।

खाद्यको अधिकारलाई मानवअधिकारभित्रको सबैभन्दा पहिलो अधिकारका रूपमा Food Right Activist हरूले जोड दिन्छन्। खाद्यान्नको अभावका कारणले र राज्यको गलत नीतिको अवलम्बनले खाद्यान्नको अधिकारबाट आमनागरिक वञ्चित हुने र खाद्यान्नको अधिकारको व्यापाक उल्लङ्घन हुने तथ्यहरू सार्वजनिक भइरहेका छन्। खाद्यान्न अभाव वा भोकमरीको समस्या नेपालमा मात्र सीमित छैन। संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन FAO को प्रतिवेदन अनुसार विश्वका करिब ८५ करोडभन्दा बढी जनता भोकमरीको समस्याबाट पीडित छन्। सहस्राब्दी लक्ष्यले सन् २०१५ सम्मा यो सङ्ख्या आधा घटाउने लक्ष्य लिए तापनि नेपालमा दृढ प्रतिवद्धता र द्रुत गतिको कार्यबिना यो लक्ष्य प्राप्त गर्न सकिने अवस्था देखिँदैन। नेपालमा पनि भोकमरीको समस्या व्यापक रूपमा रहेको छ र यो सङ्कटपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। जसको कारण आमनेपाली नागरिकको खाद्यान्नको अधिकारको संरक्षण, सम्मान र परिपूर्ति Protect, Respect and Fulfill गर्नुपर्ने दायित्वबाट राज्य पन्छिएको छ, जसको फलस्वरूप खाद्यान्न अधिकारको राज्य तहबाट नै उल्लङ्घन हुन पुगेको छ।

खाद्यान्नको अधिकार

सामान्यत: आमनागरिकले दैनिक रूपमा बिहान-बेलुकाको खाना खान पर्याप्त खाद्यान्नसम्मको निर्वाध पहुँच र सर्वसुलभ उपभोग गर्न पाउनु नै खाद्यान्नको अधिकार हो। तर, मानवअधिकारको दृष्टिकोणमा यसको व्याख्या व्यापक रूपमा गरिएको पाइन्छ। संयुक्त राष्ट्र सङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ (ICESCR)ले खाद्य अधिकार अर्थात् भोकमरीबाट छुटकारा पाउने अधिकारसहित उपयुक्त जीवनस्तरको अधिकारलाई मान्यता दिएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५(१) ले पनि खाद्यान्नको अधिकारलाई सुनिश्चित गरेको छ।

नेपाल पक्ष भएको ICESCR को धारा ११ ले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनव्यवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दै भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको अधिकारलाई समेत स्वीकार गरेको छ।[1]

ICESCR का धाराहरूलाई व्याख्या गर्ने क्रममा संयुक्त राष्ट्र सङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले (CESCR) आफ्नो साधारण टिप्पणी नं. १२ (General Comment No.12)मा उल्लेख गर्दै भनेको छ, प्रत्येक पुरुष, महिला तथा बालबालिका एक्लै वा समुदायमा अरूसँग सधैँभरि पर्याप्त आहारा (खाद्यान्न) वा त्यो प्राप्त गर्ने माध्यममा भौतिक तथा आर्थिक हिसाबले पर्याप्त पहुँच भएको अवस्थालाई मात्र खाद्य अधिकार भएको मानिन्छ।

CESCR ले ICESCR का धाराहरूलाई व्याख्या गर्दै जारी गरेको साधारण टिप्पणीहरूले यसका धाराहरूलाई थप प्रस्ट्याएको छ र यी व्याख्याहरूलाई आधिकारिक व्याख्याका रूपमा लिने गरिन्छ। पर्याप्त खाद्यमाथिको मानवअधिकारमा विशेष रूपले केन्द्रित साधारण टिप्पणी नं. १२ (General Comments No.12)ले

1 International Covenant on Economic, Social and Cultural Rights 1996

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि अन्तर्गत विभिन्न तहमा राज्यका दायित्व र अनुगमनका लागि रूरेखाहरूका बारेमा समेत उल्लेख गरेको छ।[2] ती रूपरेखाले राज्यले सम्मान गर्नु पर्ने To Respect संरक्षण गर्नुपर्ने To Protect तथा पूरा गर्नुपर्ने To Fulfill दायित्वलाई व्याख्या गरिएको छ। पक्ष राष्ट्रले मानवअधिकारको सम्मान गर्नुपर्ने To Respect दायित्वले राज्यले कार्यान्वयन गरेर वा नगेर मानवअधिकारको उपयोगलाई कमजोर पार्न नहुने प्रतिबद्धतालाई बुझाउँछ भने संरक्षण To Protect गर्नुपर्ने दायित्वले राज्यले आफ्नो क्षेत्राधिकारभित्रका बासिन्दाहरू कुनै गैरराज्य समूहको हातबाट हुने मानवअधिकार हननबाट पीडित हुन नहुने बताउँछ। त्यस्तै पूरा गर्नुपर्ने To Fulfill दायित्वले राज्यले मानवअधिकारहरूको प्रभावकारी व्यावहारिक प्रयोगको सुनिश्चिता (सहज रूपले खाद्य प्रदान गर्न)का लागि एउटा संस्थागत नीति, नियम तथा कानुनको संरचनाको आवश्यकतालाई जनाउँछ।

संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिक्षकको प्रतिवेदन तथा CESCR ले नागरिकहरूलाई पर्याप्त खाद्यान्न, ग्रहण गर्न योग्य खाद्यान्न, खाद्यान्नमा स्थायी र अवरोधरहित पहुँच, प्रत्यक्ष रूपमा क्रय गर्न सक्ने क्षमतासहितको खाद्यान्न, गुणस्तरीय र पोषणयुक्त खाद्यान्न, संस्कृतिसँग मेल खाने खाद्यान्न, कीरा-फट्याँग्रारहित खाद्यान्न र शारीरिक तथा मानसिक स्वास्थ्य प्राप्त गर्ने खालको खाद्यान्नको प्रयोग आमनागरिकले उपभोग गर्न पाउनु पर्छ भन्ने कुराहरू उल्लेख गरिएको छ।

मानवअधिकारभित्र केही यस्ता अधिकारहरू पनि छन्, जुन अधिकारहरू मानिसको जीवनमा हरहमेसा प्रत्याभूत हुन्छन्। जसमध्येको एक अधिकार खाद्यान्नको अधिकार हो। खाद्यान्नको अधिकार सशस्त्र द्वन्द्वका बेलामा, युद्धका बेलामा, जेनेभा कन्भेन्सन आकर्षित हुने घटनामा तथा सङ्कटकालका बेलामा समेत लागू रहन्छ र यो निलम्बलनरहित र अहरणीय (Non-Suspendable and Inalienable) अधिकार हो।

खाद्य सम्प्रभुता

खाद्य सम्प्रभुताको अवधारणा नयाँ हो। सन् १९९२ मा स्थापना भएको Via Campensina भन्ने किसानहरूको सङ्गठन जसमा १ सय ४८ भन्दा बढी संस्थाहरू आबद्ध छन्, यसले सर्वप्रथम सन् १९९६ मा खाद्य सम्प्रभुतासम्बन्धी अवधारणालाई अघि सार्दै खाद्य सम्प्रभुताका सातओटा सिद्धान्तलाई अघि साऱ्यो।[3] जसमा खाद्यान्न आधारभूत मानवअधिकार, कृषि सुधार, प्राकृतिक स्रोतको रक्षा, खाद्य व्यापारको पुनःनिर्माण, विश्वव्यापी भोकमरीको अन्त्य, सामाजिक शान्ति र प्रजातान्त्रिक नियन्त्रण भन्ने सातओटा सिद्धान्त रहेका छन्। Via Campensina को मुख्य कार्यालय बेल्जियममा रहेको छ।

खाद्यान्नको अधिकार मानवअधिकारसँग सम्बन्धित छ भने खाद्य सम्प्रभुता राजनीतिक व्यवस्था अनुसारको राजनीतिक कार्यक्रम वा नीतिका रूपमा रहन्छ ।

खाद्यान्नको अधिकार र खाद्य सम्प्रभुता दुई फरक कुराहरू हुन्। खाद्यान्नको अधिकार मानवअधिकारसँग सम्बन्धित छ भने खाद्य सम्प्रभुता राजनीतिक व्यवस्था अनुसारको राजनीतिक कार्यक्रम वा नीतिका रूपमा रहन्छ। जसलाई राजनीतिक व्यवस्था अनुसार परिभाषित गरी राजनीतिक दलको अवधारणा अनुसार नीति, नियम तथा कानुनको निर्माण गरी लागू गरिन्छ। संयुक्त राष्ट्र सङ्घमा हालसम्म कुनै पनि एउटा त्यस्तो दस्तावेज छैन, जहाँ खाद्य सम्प्रभुतालाई अधिकारका रूपमा व्याख्या गरिएको छ। खाद्य सम्प्रभुता त्यतिखेर सम्भव हुन आउँछ, जब आमनागरिकको निर्वाध पहुँच खाद्यान्नमा हुन्छ र राज्यले नागरिकको खाद्यान्नको अधिकार सुनिश्चित र लागू गर्दछ। खाद्यान्नको अधिकार सुनिश्चित नगरी खाद्य सम्प्रभुता लागू गर्न सकिँदैन। नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य सम्प्रभुताको अधिकारको उल्लेख गरे तापनि खाद्यान्नको अधिकारलाई भने सुनिश्चित गरेको छैन। संविधानले के-कस्तो खालको खाद्य सम्प्रभुताको अधिकार नागरिकलाई प्रदान गरको छ भन्ने कुरामा संविधान मौन छ र अन्तरिम संविधान २०६३ को धारा १८(३) अनुसारको कानुनको समेत निर्माण हुनसकेको छैन।

खाद्य सम्प्रभुताले खान पाउने जनताको अधिकारको प्रत्याभूतिको माग गर्दछ। राज्यले नागरिकको खान पाउने अधिकार वा भोकविरुद्धको अधिकारको रक्षा गरिनु पर्दछ भन्ने अवधारणा पनि खाद्य सम्प्रभुताभित्र रहेको हुन्छ। खाद्य सम्प्रभुताले उत्पादकको खाद्य उत्पादन गर्ने साधन

2 हेर्नूस् : The Right to Adequate Food and to Free From Hunger, Update Study on the Right to Food, Asbjorn Eide, 1999 (E/CN.4/sub.2/1999/12)

3 हेर्नूस्, http://en.wikipedia.org/wiki/Via_Campesina

स्रोतमाथिको अधिकार, न्यायोचित वितरण प्रणालीको सुनिश्चितता, खाद्य उपभोग नीति, खाद्य नीति तथा कार्यक्रम तय गर्नमा उत्पादकहरूको सहभागिता र भूमिका, निर्णय प्रक्रियामा उनीहरूको प्रतिनिधित्वलगायतका विषयहरू समेट्छ। यी सबै विषयको सुनिश्चितता हुनु नै खाद्य सम्प्रभुताको मूल मर्म हो। खाद्य सम्प्रभुता मानवअधिकार दृष्टिकोण प्रयोग गर्दै उत्पादनमुखी स्रोतमाथि स्थानीय स्वामित्वलाई प्रवर्द्धन गर्ने अवधारणा हो[4] भन्ने मान्यता पनि रहँदै आएको छ।

अर्को शब्दमा खाद्यान्नमाथि उत्पादकहरूले नै निर्णय गर्न पाउनु खाद्य सम्प्रभुता हो। खाद्यान्न उत्पादन गर्ने समुदाय, किसान, आदिवासीले खाद्यान्न उत्पादनदेखि बिक्री-वितरणसम्मको निर्णयमा आफूलाई सहभागी गराइनु पर्ने माग राख्छन्। वास्तवमा, खाद्य सम्प्रभुता बहुराष्ट्रिय कम्पनीहरूले खाद्यान्नमाथि लिने Patent विरुद्धको अवधारणा पनि हो भन्ने केही विज्ञहरूको राय छ। खाद्य सम्प्रभुतामा विशेषत: दुईखाले अवधारणा पाइन्छ। समाजवादी अर्थ व्यवस्था अँगाल्ने राष्ट्रहरूले खाद्य सम्प्रभुतालाई जोड दिने गरेका छन् भने पुँजीवादी अर्थ व्यवस्था अँगाल्ने राष्ट्रहरूले खाद्यान्नको अधिकारमा जोड दिने गरेका छन्। संयुक्त राष्ट्र सङ्घीय निकायहरू जस्तै : FAO, UNOHCHR आदिले पनि खाद्यान्नको अधिकार सुनिश्चित गर्न जोड दिने गरेका छन्।

खाद्य सम्प्रभुताको मूल मर्म अनुसार संविधानमा नै खाद्य सम्प्रभुतालाई स्वीकार गरिएको राष्ट्र इक्वेडर मात्र हो। इक्वेडरले २००८ को सेप्टेम्बरमा आफ्नो संविधानमा खाद्य सम्प्रभुतालाई पूर्णतया पालना गर्ने भनी उल्लेख गरिएको पाइन्छ।[5]

नेपालमा खाद्यान्नको अधिकार र खाद्य सम्प्रभुता

खाद्य तथा कृषि सङ्गठन (Food and Agricultural Organization)ले गरेको अध्ययन अनुसार खाद्यान्नको अधिकारलाई सुनिश्चित गरिएका विश्वभरका संविधानहरूलाई पाँच भागमा विभाजित गरेको छ। जसमा High Level of constitutional protection of right to food, Medium high level of constitutional protection of the right to food, Medium level of constitutional protection of the right to food, Medium level of constitutional protection of the right to food र Low level of constitutional protection of the right to food पर्दछन्। यी विभाजनमा नेपाल Medium level of constitutional protection of the right to food अन्तर्गत पर्दछ।[6] यो तहमा जम्मा २८ राष्ट्रहरू पर्दछन् भने यो संस्था खाद्यान्न अधिकारमा केन्द्रित रहन्छ न कि खाद्यान्न सम्प्रभुतामा।

मानव मात्रको सबैभन्दा ठूलो मानवअधिकार खान पाउने अधिकार अथवा भोकविरुद्धको अधिकार हो। नागरिक तथा राजनीतिक र अन्य विविध अधिकारहरू पनि महत्त्वपूर्ण हुन्। तर, यी सबै अधिकारहरूको उपभोग गर्नका लागि पनि पहिला त मानिस बाँच्नु पर्छ र बाँच्नका लागि खान पाउने अधिकार पहिलो मौलिक हकका रूपमा हुनु पर्छ।

मानव मात्रको सबैभन्दा ठूलो मानवअधिकार खान पाउने अधिकार अथवा भोकविरुद्धको अधिकार हो। नागरिक तथा राजनीतिक र अन्य विविध अधिकारहरू पनि महत्त्वपूर्ण हुन्। तर, यी सबै अधिकारहरूको उपभोग गर्नका लागि पनि पहिला त मानिस बाँच्नु पर्छ र बाँच्नका लागि खान पाउने अधिकार पहिलो मौलिक हकका रूपमा हुनु पर्छ। नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हक खण्डको मध्यतिर मात्र धारा १८(३) ले कानुनमा व्यवस्था भएबमोजिमको खाद्य सम्प्रभुताको हक नागरिकलाई दिएको छ। तर, उक्त हकलाई प्रत्याभूत गर्ने कानुनको निर्माण हालसम्म भएको छैन। खाद्य सम्प्रभुताको नेपाली मौलिक तथा कानुनी परिभाषाको समेत खाँचो रहेको अवस्था छ। नेपालको कुनै पनि कानुन तथा संविधानले खाद्यान्नको अधिकारलाई सुनिश्चित गरेको छैन। नेपालको अन्तरिम संविधानले खाद्य सम्प्रभुताको हकको व्यवस्था गरे तापनि खाद्यान्नको अधिकारका बारेमा केही उल्लेख गरेको छैन। नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को पक्ष राष्ट्र भएकाले खाद्यान्नसम्बन्धी अधिकार प्रचलनका लागि सामान्यता यही महासन्धिको धारा ११ बमोजिम अदालत तथा अन्य निकायमा दाबी लिने गरिएको पाइन्छ। साथै, संविधानका धारा १२ अनुसारको बाँच्न पाउने अधिकार पनि प्रत्यक्ष रूपमा खाद्यान्न र खाद्यान्नको अधिकारसँग सम्बन्धित रहेकाले यस अधिकारलाई पनि खाद्यान्नको अधिकारसँग अन्तरनिहित रहेको मानिन्छ।

नेपालका केही कानुनहरू जुन प्रत्यक्ष रूपमा भूमि तथा कृषिसँग सम्बन्धित छन्। यस्ता कानुनहरूले पनि नागरिकको खाद्यान्नमाथिको स्वामित्व तथा खाद्यान्नको अधिकारका सम्बन्धमा कुनै कुराहरू उल्लेख भएको पाइँदैन। जग्गा प्राप्ति ऐनले सार्वजनिक प्रयोजनको सम्पत्ति अधिग्रहण गर्ने व्यवस्था गर्छ । यस क्रममा कसैको पुस्तौंपुस्तासम्म खान पुग्ने खेतीयोग्य जमिन छ भने उसले केही मुआब्जा लिएर सार्वजनिक प्रयोजनका लागि दिनुपर्ने हुन्छ। यस्ता कुराहरू प्रत्यक्ष रूपमा खाद्यान्नको अधिकारसँग नै सम्बन्धित हुन पुग्छन्। खाद्य ऐन, २०२३ ले खाद्यान्नको गुणस्तरका बारेमा उल्लेख गर्छ तर नागरिकले खान पाउनु नै पर्छ भन्ने कुरामा भने ऐन मौन छ। भूमिसम्बन्धी ऐन, २०२१ ले भूमिको स्वामित्व, हदबन्दी तथा मोहीयानी हकको व्यवस्था गर्दछ तर खाद्यान्नमाथिको स्वामित्व र खाद्यान्नको अधिकार सम्बन्धमा कुनै प्रावधानहरूको व्यवस्था गर्दैन। दैवी प्रकोप उद्धार ऐन, २०३९ ले प्राकृतिक प्रकोपमा खाद्यान्न वितरण गर्ने व्यवस्था गरेको छ तर प्रकोपपीडितको खाद्यान्नको अधिकार र न्यायोचित वितरणको सवालमा भने ऐन मौन

4 Windfuhr Michael and Jenne Jonsen, Food Sovereignty; Democracy in Localized Food systems, FIAN International, 2005

5 http://asambleaconstituyente.ec/documentos/constitucion_de_bolsillo.pdf

6 हेर्नुस् : The Right to Food Guidelines, Information Papers and Case Studies, FAO, Rome 2006

छ। त्यसै गरी उपभोक्ता संरक्षण ऐन, २०५४ ले उपभोक्ता अधिकार र क्षतिपूर्तिका बारेमा उल्लेख गरे तापनि खाद्यान्नलाई महत्त्वपूर्ण अधिकारका रूपमा व्याख्या गरेको पाइँदैन। कृषिसँग सम्बन्धित अन्य ऐनहरू पनि छन्, जसले खाद्यान्न उत्पादनलाई जोड दिन्छ तर खाद्यान्नको अधिकारको विषयमा कुनै कुराहरू उल्लेख गर्दैन। नेपालको कृषिसँग सम्बन्धित नीति, योजना आदि उत्पादन बढाउने तथा व्यापारीकरणतर्फ उन्मुख छन्। यस्ता नीतिहरूले खाद्यान्नको अधिकारलाई सम्बोधन गरेको पाइँदैन।

नेपालमा खाद्यान्न अधिकारको अवस्था

नेपालले पक्ष राष्ट्रको हैसियतमा संयुक्त राष्ट्र सङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिमा बुझाएको पहिलो प्रतिवेदनको समापन अवलोकन (Concluding Observation) (२००१ सेप्टेम्बर)मा समितिले खाद्यान्नको अधिकार सम्बन्धमा नेपाल सरकारलाई खासै सुझाव नदिए तापनि नेपालको दोस्रो प्रतिवेदनमा समापन अवलोकनबाट (२००७ मे) समितिले नेपाललाई खाद्य अधिकार सुनिश्चित तथा संरक्षणका निमित्त विविध सुझावहरू दिएको छ। जबकि, यी सुझावहरूको कार्यान्वयन भने प्रभावकारी रूपमा भएको पाइँदैन। जसमा मुख्य रूपले तत्काल खाद्य सुरक्षाका लागि आवश्यक कदम चाल्नु पर्ने, सीमान्तकृत तथा पिछडिएको समुदायले खेपेको खाद्यान्न अभावको स्थितिलाई तत्काल सम्बोधन गर्नुपर्ने, कृषि नीति उत्पादन बढाउने तथा व्यावसायिक भन्दा पनि खाद्यान्नको न्यान्योचित वितरणतर्फ अग्रसर हुनुपर्ने तथा दलितहरूको पनि उत्पादन, वितरण तथा उपभोगसम्म पहुँच निर्धारण गर्नुपर्नेलगायत साधारण टिप्पणी नं. १२ को पूर्ण पालना गर्नुपर्ने सुझाव दिएको थियो।

गोदाममा हजारौँहजार क्विन्टल चामल हुँदाहुँदै पनि दुर्गममा खाद्यान्न अभाव हुनु, खाद्यान्न अभाव भएको जिल्लामा एक महिनालाई पुग्नेसमेत खाद्यान्न सञ्चिती नहुनु, चामलको भण्डारण उपयुक्त नहुँदा खाद्यान्न कुहिएर जानु तथा कुहिएको चामलसमेत घरघरमा पुग्नु, लोकतन्त्रको बहालीपश्चात् पनि राजनीतिक दल तथा विभिन्न सशस्त्र समूहहरूले उब्जनी कब्जा गर्ने परिपाटी कायम नै रहनु, नेपालका लगभग ४० जिल्लाहरूमा खाद्यान्न अभाव

सस्तोमा वा अनुदानमा खाद्यान्न आयात गरेर खाद्यान्न वितरण गरी भोकमरीको अन्त्य गर्ने अवधारणा तात्कालिक हो । यसरी खाद्यान्नको अधिकार संरक्षण हुन सक्दैन ।

नै हुनुजस्ता कुराहरूले नागरिकको खाद्यान्नको अधिकार उल्लङ्घन भइरहेको छ। साथै, प्राकृतिक प्रकोप तथा विपत्तिमा परेकाहरूलाई यथेष्ट रूपमा खाद्यान्न वितरण गर्न पनि सरकार सधैँ असफल नै देखिन्छ। अन्तर्राष्ट्रिय रूपमा नै चलिआएको Working Stock, Buffer Stock, Security Stock (Emergency)को प्रचलन सरकारले हालसम्म गरेको पाइँदैन तथा यसको वितरण प्रणाली द्रूत र स्थायी छैन।

गत वैशाख ०६६ देखि जाजरकोटलगायतका जिल्लामा फैलिएको झाडापखालाका क्रममा झाडापखाला प्रभावित क्षेत्रमा अखाद्य पदार्थहरू पनि वितरण भएको कुरालाई राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। त्यसै गरी विश्व खाद्य कार्यक्रमद्वारा वितरित खाद्यान्न पनि दुषित अवस्थामा रहेको कुरालाई आयोग तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आ-आफ्नो प्रतिवेदनमा उल्लेख गरेका थिए। जबकि, खाद्यान्न गुणस्तरीय र पोषिलो हुनुपर्दछ भन्ने मान्यता मानवअधिकारभित्रकै विषय हो।

नेपालमा मुख्य रूपले उत्पादन हुने खाद्यान्नमा चामल, मकै, कोदो, गहुँ र जौ रहेका छन्। नेपालमा उत्पादन हुने खाद्यान्नले आमनेपाली जनतालाई वर्षभरि खान पुग्दैन। एक जना नेपालीलाई एक वर्षमा औसत १ सय ९१ किलोग्राम खाद्यान्न आवश्यक हुन्छ। तर, हालको उत्पादन प्रत्येक नेपाली नागरिकलाई बाँड्ने हो भने प्रत्येकको भागमा १ सय ८६ किलोग्राम मात्र पर्न आउँछ। गत वर्ष प्रत्येक नेपालीको भागमा १ सय ६८ किलोग्राम खाद्यान्न पर्दथ्यो भने यसवर्ष उत्पादन बढेकाले प्रत्येकको भागमा १ सय ८६ किलोग्राम खाद्यान्न नेपालीले उपभोग गरिरहेको दावी कृषि तथा सहकारी मन्त्रालयको रहेको छ।[7] नेपालमा उत्पादन हुने खाद्यान्नले नेपालीहरूलाई नै खान पुग्दैन तर केही राजस्व रकमका लागि नेपाल सरकारले खाद्यान्न निर्यातलाई बढावा दिएको पाइन्छ। तापनि गतवर्षको विश्व खाद्य संकट Global Food Crisis पछि नेपालले खाद्यान्न निर्यातमा रोक लगाए तापनि लुकुछिपी व्यापारीहरूले खाद्यान्नको निर्यात गरी नै रहेको तथ्य सञ्चारमाध्यमहरूमा प्रकाशित भएका छन्।

चुनौती एवम् निष्कर्ष

खाद्य वस्तुको उत्पादन स्थानीय जनता र मुलुकको आवश्यकता अनुसार हुनुपर्दछ। तर, आज निर्यातजन्य वस्तुको उत्पादनमा राज्यले प्राथमिकता दिँदै आएको छ र खाद्यान्न, लत्ताकपडालगायतका दैनिक उपयोग्य वस्तुहरूको आयात गर्नुपरेको छ। यसलाई राज्यको गलत नीति मान्न सकिन्छ। आफ्नो देशको उपभोगका लागि आफैँ उत्पादन गर्न सक्दा मात्र मुलुक अगाडि बढ्न सक्छ। कृषिजन्य नीति उत्पादन निर्यात र आयातमुखी मात्र होइन, आत्मनिर्भर हुने खालको नीतिको अवलम्बन गरिनु पर्दछ। खाद्यान्नमाथिको परनिर्भरतालाई विश्व खाद्य कार्यक्रमले विगत ४० वर्षदेखि सघाइरहेको छ। अब खाद्यान्नमाथिको परनिर्भरतालाई हटाई खाद्यान्नमा आत्मनिर्भर हुने नीतिको अवलम्बन जरुरी छ। विश्व खाद्य कार्यक्रमको कामका लागि खाद्यान्न कार्यक्रमका खराब कार्य प्रक्रियाबारे धेरै गुनासाहरू आएको तथा विश्व खाद्य कार्यक्रमले स्थानीय बजारलाई ध्वस्त बनाएको र परनिर्भरता बढाएको, सरकारको भूमिकालाई विस्थापन गरेको र मानवअधिकार कार्यान्वयन गर्नमा राज्यको कमजोरीलाई थप बढाएको कुरालाई एक प्रतिवेदनले औँल्याएको छ।[8] साथै, विश्व खाद्य कार्यक्रमले ४० वर्षको अवधिमा देशका दुर्गम तथा विकट जिल्लाहरूमा के-कस्ता उपलब्धिहरू हासिल हुनसके र पूर्वाधार

7 विस्तृत हेर्नूस् :Estimated Food Security Situation of Nepal, 2008-09, Ministry of Agriculture and Cooperative, Nepal

8 विस्तृत हेर्नूस् :The Human Right to Food in Nepal, Droits et Democratie Rights and Democracy 2007, Canada (www.dd.rd.ca)

विकास, कृषि उत्पादन तथा आत्मनिर्भरताको स्थितिमा कस्तो प्रकारको सकारात्मक योगदान रहन सक्यो भन्ने सम्बन्धमा पनि समीक्षा हुनु आवश्यक देखिन्छ।[9] नेपाल सरकारका विभिन्न योजनाहरूलाई विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषले सहयोग गर्दै गरिबी घटाउन आर्थिक तथा प्राविधिक रूपमा महत्त्वपूर्ण योगदान दिए तापनि आमनेपाली जनताले त्यसको अनुभूति कहिल्यै पनि गर्न पाएका छैनन्। र, खाद्यान्न अभावको अवस्था प्रत्येक वर्ष विद्यमान नै रहेको देखिन्छ।

खान पाउने अधिकारलाई कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्झौताको माध्यमबाट हनन गरिनु हुँदैन। विश्व व्यापार सङ्गठन अन्तर्गत कृषि सम्झौताको विषयमा नेपाल सरकारले आफ्नो स्पष्ट नीतिसहितको धारणालाई अघि राख्नु पर्दछ। भोका जनतालाई राज्यले खानाको प्रत्याभूति एवम् सर्वसुलभ वितरण गराउनु पर्दछ। सस्तोमा वा अनुदानमा खाद्यान्न आयात गरेर खाद्यान्न वितरण गरी भोकमरीको अन्त्य गर्ने अवधारणा तात्कालिक हो। यसरी खाद्यान्नको अधिकार संरक्षण हुन सक्दैन। नागरिकको खाद्यान्नको अधिकार सुनिश्चित र संरक्षण गर्न स्थानीय स्तरमा खाद्य वस्तुको उत्पादन बढाइ स्वयम् आत्मनिर्भर हुने नीतिको अवलम्बन नै खाद्यान्नको अधिकार सुनिश्चित गर्ने माध्यम बन्न सक्छ।

मानवअधिकार उल्लङ्घनको परिणाम भनेको बारम्बार गरिबी हुनुले पनि हो। विश्वव्यापी औसत प्रगतिमा मात्र ध्यान केन्द्रित गर्नाले त्यसले समुदायलाई पुस्तौंपुस्तासम्म पनि गरिबीमा पुऱ्याइ भित्रसम्म जरा गाडेर भेदभाव र असमानतालाई ढाकछोप गरिदिन्छ। वास्तवमा सहस्राब्दी विकास लक्ष्यतर्फको प्रगति त्यसको कमजोरी र त्यहाँ पुग्न कडा अवरोधको मूल्यमा होइन कि त्यसको नाममा प्राप्त हुन्छ।[10] गरिबीलाई प्रतिशतमा मात्र झार्ने तर स्थानीय समुदायमा समस्या यथावत् हुने हुनाले खाद्यान्नको न्यायोचित वितरण र आत्मनिर्भरतासम्बन्धी कार्यक्रमबाट गरिबी हटाउने कार्यक्रमको थालनी गरिनु पर्दछ।

राजस्व असुलीमा प्रत्येक वर्ष बढोत्तरी र सुधार देखिन्छ र बर्सेनि नेपाल सरकारको बजेट खर्च बढिरहेको छ। त्यही अनुपातमा यहाँ खाद्यान्नको अभाव घटेको छैन र हाल पनि ४० भन्दा बढी जिल्लामा खाद्यान्न अभाव Food Deficit रहेको कुरालाई कृषि तथा सहकारी मन्त्रालयले भन्दै आइरहेको अवस्था छ। नेपाल खाद्य संस्थानले खाद्यान्न अभाव भएका ठाउँमा सस्तो मूल्यमा खाद्यान्न वितरण त गर्दछ तर जहिले पनि अपर्याप्त खाद्यान्न वितरण गर्दछ। संस्थानले आफ्नो खाद्यान्न वितरणबाट कुपोषण वा जोखिममा परेका समूहको सधैं खाद्यान्न पाइरहने अवस्था छ कि छैन भनेर त्यसको प्रभावबारे कुनै अनुगमन गर्दैन।

नेपालमा मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था तथा मानवअधिकार संरक्षणको जिम्मेवारी पाएको राष्ट्रिय संस्था आदिहरू नागरिक तथा राजनीतिक अधिकारमा मात्र बढी केन्द्रित हुने तर आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनको विषयमा भने तदारुकताका साथ कार्य नगर्ने परिपाटी रही आएको छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घन प्रमाणित भएमा राज्य तहबाट तथा राष्ट्रिय मानवअधिकार आयोगबाट समेत पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिने नियम, कानुनहरू रहेका छन् तर आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अधिकार त्यसमा पनि विशेष गरेर खाद्यान्नको अधिकार उल्लङ्घनमा कुनै पनि पीडितले क्षतिपूर्ति पाउँदैन। नेपालमा खाद्यान्नको अधिकारको उल्लङ्घनको कारणबाट कसैको मृत्यु भएमा क्षतिपूर्ति पाउँदैन। यसले के देखाउँछ भने नेपालमा मृत्युको क्षतिपूर्ति पाउनका लागि या त सुरक्षाकर्मीबाट मारिनु पर्छ वा माओवादीबाट तर यस्ता घटनामा पनि क्षतिपूर्ति नपाएका प्रशस्त उदाहरण पनि छन्।

नयाँ बन्ने संविधान अन्तर्गतको मौलिक हक खण्डको बाँच्न पाउने अधिकारपश्चात खाद्यान्नको अधिकारलाई प्रत्याभूत गरिनु पर्छ। मौलिक हक खण्डको पहिलो धारामा नै खाद्यान्नको अधिकार सुनिश्चित हुनुपर्छ। साथै, खाद्यान्नको अधिकार उल्लङ्घन भएमा सोको उपचारका लागि पहुँचसहितको न्यायिक निकायसम्ममा जाने व्यवस्था पनि अपरिहार्य छ। भूमि तथा कृषिसँगसम्बन्धी ऐन, कानुनहरूमा खाद्यान्नमाथि किसान, पिछडिएको समुदाय, सीमान्तकृत वर्गको स्वामित्वलाई प्रवर्द्धन गरिनु पर्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिको समापन अवलोकनका सुझावहरूलाई नेपाल सरकारले कार्यान्वयन गर्नु पर्छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी सन्धिको इच्छाधीन आलेखलाई पनि नेपालले अनुमोदन गर्नुपर्छ। तथा राज्यले सुदूर पश्चिम र मध्यपश्चिमका खाद्यान्न अभाव हुने जिल्लाहरूमा खाद्यान्नमा आत्मनिर्भर हुने नीति तथा कार्यक्रमको तत्काल अवलम्बन गरिनुपर्छ। उत्पादन लागतभन्दा कम मूल्यमा बिक्री वितरण गर्ने गरी आयात गरिने अनुदानयुक्त कृषिजन्य वस्तुहरूको प्रवेशलाई क्रमशः रोक लगाउँदै आत्मनिर्भरमुखी कृषि नीतिको अबलम्बन गरिनु पर्छ।

सन् २००४ मा विश्व खाद्य तथा कृषि सङ्गठनले राष्ट्रिय खाद्य सुरक्षाको सन्दर्भमा आवश्यक खाद्य अधिकारको बोधलाई समर्थन गर्ने स्वयम्सेवी निर्देशिका (Voluntary Guidelines to support the progressive realization of the Right to Adquate Food in the Context of Nataional Food Security) जारी गरेको थियो।[11] यो निर्देशिकाले राज्यलाई ICESCR अनुसार आफ्नो खाद्य अधिकारको प्रतिबद्धतालाई कार्यान्वयनका लागि नीति तथा कार्यक्रम गर्न सहायक हुने उपयोगी साधन प्रदान गर्दछ। यस्ता अन्तर्राष्ट्रिय रूपमा नै कहलिएका निर्देशिकाहरूलाई मुलुक सुहाउँदो परिवेशमा ढाली स्थानीय नयाँ निर्देशिका बनाउन सकिन्छ।

खाद्य सुरक्षाको आधिकारिक दायित्व कृषि तथा सहकारी मन्त्रालयसँग छ भने नीति नियमको निर्माण गर्ने अभिभारा योजना आयोगलाई छ। यी दुवै निकायबीच समन्वयको अभाव छ। कृषि मन्त्रालयको मुख्य ध्यान खाद्य सुरक्षा गर्नेतर्फ नभई कृषि उत्पादनको वृद्धि तथा त्यसको व्यापारीकरणमा केन्द्रित छन्। उत्पादनको वृद्धिले मात्र खाद्यान्न अभाव टर्दैन, जबसम्म यसको न्यायोचित वितरण प्रणालीमा सुधार ल्याउन सकिँदैन र राष्ट्रियस्तरमा नै खाद्यान्न वितरण सम्बन्धमा निर्देशिका जारी गरी लागू गरिँदैन।

(डिसेम्बर १० मा इन्सेकद्वारा आयोजित खाद्य अधिकार र खाद्य सम्प्रभुता विषयक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्र)

(लेखक राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत हुनुहन्छ।)

---

9 जाजरकोटलगायत मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूमा झाडापखालाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन अनुसन्धान प्रतिवेदन, २०६६, राष्ट्रिय मानवअधिकार आयोग ।

10 Louis Arbour, UN High Commissioner for Human Rights, July 7

11 http://www.fao.org/righttofood/en/highlight_5/596en.htm







१. झाडा पखालाको उपचारकालागी आफ्ना छोरालाई बोकेर २ घण्टाको बाटो हिडेर ढिमे उपस्वास्थ्य चौकी आई पुगेकी एक महिला तर उपस्वास्थ्य चौकी बन्द थियो । मानवअधिकारकर्मीले दिएको जिवन जल पानी खान आफ्नो छोरालाई मनाउदैं ।
२. बाबुको पहिले नै मृत्यू भइसकेको र झाडा पखालाबाट आमाको मृत्यू भए पछि टुहुरा बनेका बालबालिका जाजरकोट, पांचकटियस्थित मामाघरमा, सरकारले टुहुराहरुलाई दिने भनेको राहत सामाग्री नपाएको उनीहरूले गुनासो गरे ।
३. स्वास्थ्यकर्मीको अभावमा बन्द अवस्थामा रहेको जाजरकोटको ढिमे गाविस स्थित उपस्वास्थ्य चौकी ।
४. जाजरकोटको सदरमुकाम खलंगाको प्रवेशद्धारमा थुप्रिएको फोहर ।
५. ढिमे गाविसकै उप स्वास्थ्य चौकी भन्दा करिब ३० मिनेटको दूरीमा झाडा पखालका एक विरामी । बोकेर लैजाने मान्छे नभएको र स्वास्थकर्मी नभएको कारण घरैमा उपचार विहीन भएर बस्न बाध्य थिइन । बिरामी आमालाई हेर्दै गरेको नाबालक ।
६. जाजरकोट सदरमुकामबाट विभिन्न गाविसहरूमा जाने बाटोहरूमा, जिवनजलका खाली प्याकेटहरू ठाउँ ठाउँमा भेटिन्थे ।
७. नेपाल रेडक्रसका कार्यकर्ताहरु जाजरकोटमा सरसफाई सम्बन्धी तालिम दिंदै ।
८. शौचालय भए पनि उपयोगहीन ।

जाजरकोट र झाडापखाला

इन्सेकको तथ्याङ्क अनुसार गत बैशाखदेखि असोजसम्म मध्य तथा सुदूरपश्चिमका १८ वटा जिल्लाहरूमा फैलिएको झाडापखालाका कारण ४ सय ६४ जनाले ज्यान गुमाएका थिए । त्यसमध्ये जाजारकोटमा मात्रै १ सय ४४ ज्यानको ज्यान गएको छ भने २५१७१ विरामी परेका थिए । मानवअधिकारकर्मीहरूले एक टोलीले २०६६ भदौ १ देखि १५ गतेसम्म जाजरकोट जिल्लामा स्थलगत अध्ययन गरेको थियो । अध्ययनका क्रममा विभिन्न सरोकारवालाहरूसँग प्रत्यक्ष कुराकानी गरी तथ्य सङ्कलन गरिएको थियो । झाडा पखालाबाट ठूलो सङ्ख्यामा मानिसहरु बिरामी र मृत्युहुनुको प्रमुख कारण औषधी उपचार, सरसफाई तथा स्वास्थ्य सम्बन्धी चेतनाको अभाव र गुणस्तरहीन खाद्यान्न आदी पाइएको थियो ।

–बिमलचन्द्र शर्मा




स्वागत



नवजल



१. झाडा पखालाको उपचारकालागी आफ्ना छोरालाई बोकेर २ घण्टाको बाटो हिडेर ढिमे उपस्वास्थ्य चौकी आई पुगेकी एक महिला तर उपस्वास्थ्य चौकी बन्द थियो । मानवअधिकारकर्मीले दिएको जिवन जल पानी खान आफ्नो छोरालाई मनाउदैं ।
२. बाबुको पहिले नै मृत्यू भइसकेको र झाडा पखालाबाट आमाको मृत्यू भए पछि टुहुरा बनेका बालबालिका जाजरकोट, पांचकटियस्थित मामाघरमा, सरकारले टुहुराहरुलाई दिने भनेको राहत सामाग्री नपाएको उनीहरूले गुनासो गरे ।
३. स्वास्थ्यकर्मीको अभावमा बन्द अवस्थामा रहेको जाजरकोटको ढिमे गाविस स्थित उपस्वास्थ्य चौकी ।
४. जाजरकोटको सदरमुकाम खलंगाको प्रवेशद्धारमा थुप्रिएको फोहर ।
५. ढिमे गाविसकै उप स्वास्थ्य चौकी भन्दा करिब ३० मिनेटको दूरीमा झाडा पखालका एक विरामी । बोकेर लैजाने मान्छे नभएको र स्वास्थकर्मी नभएको कारण घरैमा उपचार विहीन भएर बस्न बाध्य थिइन । बिरामी आमालाई हेर्दै गरेको नाबालक ।
६. जाजरकोट सदरमुकामबाट विभिन्न गाविसहरूमा जाने बाटोहरूमा, जिवनजलका खाली प्याकेटहरू ठाउँ ठाउँमा भेटिन्थे ।
७. नेपाल रेडक्रसका कार्यकर्ताहरु जाजरकोटमा सरसफाई सम्बन्धी तालिम दिंदै ।
८. शौचालय भए पनि उपयोगहीन ।

जाजरकोट र झाडापखाला

कको तथ्याङ्क अनुसार गत बैशाखदेखि असोजसम्म मध्य तथा सुदूरपश्चिमका १८ वटा जिल्लाहरूमा फैलिएको झाडापखालाका कारण ४ सय ६४ ने ज्यान गुमाएका थिए । त्यसमध्ये जाजारकोटमा मात्रै १ सय ४४ ज्यानको ज्यान गएको छ भने २५१७१ विरामी परेका थिए । मानवअधिकारकर्मीहरूले टोलीले २०६६ भदौ १ देखि १५ गतेसम्म जाजरकोट जिल्लामा स्थलगत अध्ययन गरेको थियो । अध्ययनका क्रममा विभिन्न सरोकारवालाहरूसँग प्रत्यक्ष कानी गरी तथ्य सङ्कलन गरिएको थियो । झाडा पखालाबाट ठूलो सङ्ख्यामा मानिसहरु बिरामी र मृत्युहुनुको प्रमुख कारण औषधी उपचार, सरसफाई स्वास्थ्य सम्बन्धी चेतनाको अभाव र गुणस्तरहीन खाद्यान्न आदी पाइएको थियो ।

–बिमलचन्द्र शर्मा

बलपूर्वक बेपत्ता पारिएका नागरिकहरू र पश्चिमाञ्चलको अवस्था

टङ्क खनाल

कुनै पनि नागरिकलाई जुनसुकै अभियोगमा पक्राउ गर्दा त्यसको कारणसहित पक्राउ पुर्जी दिनुपर्ने तथा अनुसन्धानका लागि थुनामा राखिदा तत्काल न्यायिक निकायसमक्ष उपस्थित गराई मानवोचित व्यवहार गरी थुनामा राखिनुपर्नेजस्ता कानुनी प्रक्रिया अपनाइनु पर्ने हुन्छ। तर, कानुनी प्रक्रिया अवलम्बन नगरी बलपूर्वक बेपत्ता बनाउने कार्य नै गैरकानुनी हो। यसबाट नागरिकको व्यक्तिगत स्वतन्त्रता, सुरक्षा, कानुनी उपचारको अधिकार, यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहारविरुद्धको अधिकार, जीवनको अधिकार, मौलिक स्वतन्त्रता र आधारभूत मानवअधिकारको गम्भीर उल्लङ्घन हुन जान्छ।

मुलुकमा एक दशकसम्म जारी सशस्त्र द्वन्द्वका समयमा ठूलो मानवीय तथा भौतिक क्षति हुन पुग्यो। मानवीय क्षतितर्फ यस अवधिमा १३ हजार नागरिकले ज्यान गुमाउन पुगे भने सयौँ नागरिकको स्थिति हालसम्म सार्वजनिक हुन सकेको छैन।

२०५२ फागुन १ गतेदेखि मुलुकमा जारी सशस्त्र द्वन्द्व संयुक्त जनआन्दोलन ०६२/६३ को सफलतापछि ०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतासँगै विधिवत रूपमा समाप्त भएको छ। तर, द्वन्द्वको अवधिमा थुप्रै मानवअधिकार उल्लङ्घन र मानवीय कानुनविरुद्ध ज्यादतीका घटनाहरू भए। यसमध्ये राज्यपक्ष (सुरक्षाकर्मी)बाट विभिन्न अभियोगमा नागरिकलाई गिरफ्तार गरी बलपूर्वक बेपत्ता पार्ने कार्य भयो। यस्तै गैरराज्य (माओवादी) पक्षबाट पनि नागरिकलाई बलपूर्वक अपहरण गरी बेपत्ता बनाउने कार्य भयो। राज्य र गैरराज्यपक्षबाट विभिन्न अभियोगमा यसरी नागरिकलाई गिरफ्तार तथा अपहरणपछि बलपूर्वक बेपत्ता बनाउने कार्यबाट सयौँ नागरिक र उनीहरूको परिवार पीडित बन्नपुगे।

यस अवधिमा तत्कालीन सरकारले द्वन्द्वरत पक्ष (माओवादी)लाई दमन गर्न ०५८ मङ्सिर ११ गतेदेखि पटक-पटक सङ्कटकाल घोषणा गऱ्यो। सङ्कटकालका समयमा धेरै नागरिक गिरफ्तार र अपहरण गरी बेपत्ता पारियो। यससँगै तत्कालीन सरकारले माओवादीलाई लक्षित गरी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ सँगै विभिन्न अध्यादेशहरू जारी गऱ्यो। उक्त ऐन तथा अध्यादेशमा कुनै पनि नागरिकलाई पक्राउ गरी थुनामा राखिँदा पक्राउ पर्ने व्यक्ति र पक्राउ गरिनुको कारणसहितको सूचना सार्वजनिक गर्ने भनी उल्लेख गरिएको भए पनि व्यवहारमा कार्यान्वयन हुन सकेन। विभिन्न अभियोगमा सयौँ नागरिक पक्राउ गरी बलपूर्वक बेपत्ता पार्नेजस्तो गम्भीर मानवअधिकारविरोधी गतिविधिहरू यस अवधिमा भए। हालसम्म कोबाट कति नागरिक बेपत्ता पारिएको छ भन्ने सन्दर्भमा अहिलेसम्म कुनै पनि निकायसँग बेपत्ता व्यक्तिहरूको यकिन तथ्याङ्क र विवरण छैन। न बेपत्ता व्यक्तिको आधिकारिक र यथार्थ तथ्याङ्क तथा विवरण सरकारसँग छ, न त माओवादीसँग नै। बेपत्ता परिवार समाजसँग रहेको तथ्याङ्कले राष्ट्रिय मानवअधिकार आयोगसँग मेल खाँदैन। आयोगसँग भएको तथ्याङ्क रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)सँग मेल खाँदैन। आईसीआरसीसँग रहेको तथ्याङ्क इन्सेकको तथ्याङ्कसँग मिल्दैन। सबैका तथ्याङ्कहरू एकअर्काभन्दा फरक नै छन्। यसको अर्थ अहिलेसम्म राज्यपक्षबाट कति व्यक्तिहरू बेपत्ता पारिएका छन् अथवा माओवादी पक्षबाट कति मानिसहरूको स्थिति अज्ञात राखिएको छ भन्ने यकिन तथ्याङ्क र विवरण कहीँकतै उपलब्ध छैन। यसबाट पनि बेपत्ता नागरिकको खोजी र स्थिति सार्वजनिक गर्न समस्या उत्पन्न भएको देखिन्छ।

कुनै पनि नागरिकलाई राजनीतिक आस्था वा अन्य कुनै पनि अभियोगमा गिरफ्तार वा अपहरण गरी उसको स्थिति सार्वजनिक नगरी अज्ञात राख्ने कार्यलाई बेपत्ता भनिन्छ। यस्तो कार्य मुख्य गरी सरकारी निकाय, गैरसरकारी निकाय तथा कुनै पनि व्यक्ति वा समूहबाट हुने गर्छ। यसरी कुनै पनि नागरिकलाई गैरकानुनी तरिकाले नियन्त्रण वा आफ्नो कब्जामा लिई बेपत्ता बनाउने कार्य मानवअधिकारको गम्भीर उल्लङ्घन हो भने यो मानवताविरुद्धको अपराध हो। यस्तो कार्यबाट नागरिकको जीवनको अधिकार, स्वतन्त्रता र सुरक्षालगायतका मौलिक अधिकार तथा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, जेनेभा महासन्धिलगायत मानवअधिकारसम्बन्धी विभिन्न सन्धि/महासन्धिमा उल्लेख गरिए अनुसार नागरिकका अधिकार उपभोगमा गम्भीर असर पर्छ। साथै, व्यक्तिमा मात्र नभई बलपूर्वक बेपत्ता पार्ने कार्यबाट परिवारमा समेत मानसिक पीडाबोध हुन्छ।

कुनै पनि नागरिकलाई जुनसुकै अभियोगमा पक्राउ गर्दा त्यसको कारणसहित पक्राउ पुर्जी दिनुपर्ने तथा अनुसन्धानका लागि थुनामा राखिँदा तत्काल न्यायिक निकायसमक्ष उपस्थित गराई मानवोचित व्यवहार गरी थुनामा राखिनुपर्नेजस्ता कानुनी प्रक्रिया अपनाइनु पर्ने हुन्छ। तर, कानुनी प्रक्रिया अवलम्बन नगरी बलपूर्वक बेपत्ता बनाउने कार्य नै गैरकानुनी हो। यसबाट नागरिकको व्यक्तिगत स्वतन्त्रता, सुरक्षा, कानुनी उपचारको अधिकार, यातना तथा क्रुर अमानवीय र अपमानजनक व्यवहारविरुद्धको अधिकार, जीवनको अधिकार, मौलिक स्वतन्त्रता र आधारभूत मानवअधिकारको गम्भीर उल्लङ्घन हुन जान्छ।

तसर्थ, कुनै पनि नागरिकलाई गैरकानुनी रूपमा पक्राउ वा नियन्त्रणमा लिई जबरजस्ती एवम् अनिच्छापूर्वक बेपत्ता पार्ने कार्य जटिल प्रकृतिको फौजदारी अपराध हो। पक्राउ गरिएका व्यक्तिलाई कुनै पनि बन्दी शिविर, सैनिक ब्यारेक, सुरक्षा निकायका तालिम केन्द्रलगायतका स्थानमा चरम यातना दिई राख्ने, परिवार, आफन्त वा समाजका बारेमा कुनै किसिमको जानकारी नहुने गरी बाह्य सम्पर्कबाट पूर्ण रूपमा बञ्चित गराई राख्ने र अवस्था अज्ञात बनाई राखिनु नै

बलपूर्वक बेपत्ता पार्ने कार्य हो। यस्तो अवस्थामा कानुनी शासनको उपहास हुन गई दण्डहीनताको संस्कृतिले प्रश्रय पाइरहेको हुन्छ।

बेपत्ताका सम्बन्धमा पश्चिमाञ्चलको स्थिति

इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराले यस क्षेत्र अन्तर्गतका १६ जिल्लामा कार्यरत इन्सेक जिल्ला प्रतिनिधिहरूको सहयोगमा सशस्त्र द्वन्द्वका समयमा बेपत्ता व्यक्तिहरूको तथ्याङ्क तथा विवरण सङ्कलन गरेको छ। जस अनुसार, पश्चिमाञ्चल क्षेत्रमा १३ जिल्लाका १ सय ३३ जना नागरिक हालसम्म बेपत्ता छन्। राज्यपक्षबाट २२ महिला, १ सय २ पुरुष गरी १ सय २४ जनालाई हालसम्म बेपत्ता पारिएको छ। यस्तै, गैरराज्यपक्ष (माओवादी)बाट एक महिला र आठ पुरुष गरी नौ जनालाई बेपत्ता पारिएको तथ्याङ्क छ। समग्रमा हेर्दा नागरिकलाई बेपत्ता बनाउने कार्यमा राज्य पक्ष अग्रपङ्क्तिमा रहेको देखिन्छ।

बलपूर्वक बेपत्ताबाट पर्ने असरहरू

व्यक्तिको जीवन, स्वतन्त्रता तथा मौलिक हकहरू एवम् राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूले प्रत्याभूत गरेका नागरिकका अधिकार उपभोगबाट बेपत्ता व्यक्ति बञ्चित हुन्छन्।

परिवारको कुनै पनि सदस्य बेपत्ता हुँदा उक्त व्यक्तिको परिवारमा अब के हुने, कसो हुने भन्ने डर, त्रासका साथै गम्भीर मानसिक असर पर्छ।

बेपत्ता व्यक्तिका कारण समाजमा भय र त्रासको वातावरण उत्पन्न हुन्छ। साथै, बेपत्ता परिवारलाई समाजले अपहेलना गर्ने तथा शङ्काको दृष्टिले हेर्नेजस्ता अपमानजनक व्यवहार गर्ने गरिन्छ।

बेपत्तालाई अन्तर्राष्ट्रिय फौजदारी कानुनले मानवताविरुद्धको अपराध घोषणा गरेको हुँदा यसले सरकार, सुरक्षा निकायमाथि मानवअधिकारका सन्दर्भमा व्यक्त गरेका प्रतिबद्धताहरूमा प्रश्नचिह्न उठ्न गई अन्तर्राष्ट्रिय स्तरमा समेत मुलुकको बदनाम हुन पुग्छ।

राज्य र गैरराज्यपक्षबाट गरिएका प्रतिबद्धताहरू र त्यसको स्थिति

०६३ जेठ १२ गते गोकर्णमा नेपाल सरकार र नेकपा (माओवादी)बीच सहमति भई दुईपक्षीय सहमतिद्वारा लागू गरिएको युद्धविराम आचारसंहिताको बुँदा नं. १७ मा 'बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने' भनी उल्लेख गरियो। तर, व्यवहारमा कार्यान्वयन भएन।

घोषणापत्रमा बेपत्ताको योजनाबद्ध कार्य मानवताविरोधी अपराधको प्रकृतिको हुन्छ र यसमा कानुनका सामु व्यक्तिका रूपमा मान्यता पाउने अधिकार, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार, यातनाको सिकार हुन नहुने अधिकार उल्लङ्घन समावेश गरेको छ।

०६३ कात्तिक २२ गते सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरूको बैठकको निर्णय नं. १ (ख) र ४ (२) मा 'विगतमा राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकहरूका सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्ने र सो छानबिन आयोगको प्रतिवेदनका आधारमा बेपत्ता भएकाहरूका पीडित परिवारलाई राहत उपलब्ध गराउने' कुरा उल्लेख गरियो। तर, व्यवहारमा लागू हुन सकेन। आयोग गठन गरी स्थिति सार्वजनिक गर्ने सवालमा दुवै पक्ष मौन रहे।

सर्वोच्च अदालतले ०६४ जेठ १८ गते नेपाल सरकारलाई बलपूर्वक बेपत्ता पारी हालसम्म अवस्था अज्ञात राखिएका व्यक्ति तथा तिनको परिवारलाई राहत उपलब्ध गराउन आदेश दिएको थियो। सोही आदेशबमोजिम पछिल्लो समयमा माओवादी नेतृत्वमा रहेको सरकारले आर्थिक वर्ष ०६५/६६ को बजेटमार्फत द्वन्द्वमा मारिएका र बेपत्ता पारिएका नागरिकको परिवारलाई तत्काल राहतस्वरूप प्रतिव्यक्ति एक/एक लाख राहत उपलब्ध गराउने उल्लेख गरेपछि अधिकांश पीडित परिवारले राहत प्राप्त गरिसकेको अवस्था छ। तर, केही परिवारले भने राहत नलगेको अवस्था छ।

०६३ मङ्सिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी)बीच सम्पन्न विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५ को उपबुँदा (५.२.३) मा 'दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर छ' भनी उल्लेख गरियो। तर, दुवै पक्षबाट सहमति उल्लङ्घन भयो। ६० दिनभित्र न माओवादीले आफ्नो पक्षबाट बेपत्ता पारिएकाहरूको तथा युद्धमा मारिएकाहरूको विवरण सार्वजनिक गरी पीडित परिवारलाई जानकारी उपलब्ध गराउन सक्यो, न त राज्यपक्षले नै।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ४ को बुँदा नम्बर ३३ (थ) मा 'सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारलाई राहत उपलब्ध गराउने' उल्लेख गरिएको छ। सो सम्बन्धमा बेपत्ता खोजबिन गर्ने आयोग त जन्माइयो तर सो आयोग जन्मदै अपाङ्ग भएर आयो। चौतर्फी दबाब आएपछि ०६४ साउन १२ गते सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश नरेन्द्रबहादुर न्यौपानेको अध्यक्षतामा अधिवक्ताद्वय शेरबहादुर केसी र रमनकुमार श्रेष्ठ रहेको तीन सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो। जाँचबुझ आयोग ऐन अनुसार गठित आयोगलाई काम सुरु गरेको मितिले छ महिनाको अवधि दिइएको थियो। सो आयोगलाई ०५२ फागुन १ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्म द्वन्द्वमा बेपत्ता पारिएकाको छानबिन र अनुसन्धानको जिम्मा दिइएको थियो। तर, बेपत्ता परिवार समाज, माओवादी विधायक, माओवादी नेता तथा कार्यकर्ताहरूले नै सो आयोग सर्वदलीय नभएको भन्दै असहमति जनाएपछि यो आयोग निष्क्रिय रह्यो।

बेपत्ता नागरिकको अधिकारलाई सम्बोधन गर्ने गरी नेपाल सरकारले ०६५ चैत ३१ गते बेपत्ता पार्ने कार्य (अपराध र सजाय) ऐन २०६५ सम्बन्धी अध्यादेश २०६५ जारी गरेको छ। बेपत्ता पार्ने कार्यलाई अपराध मान्ने र ०५२ फागुन १ देखि ०६३ मङ्सिर ५ गतेसम्म मुलुकमा जारी सशस्त्र द्वन्द्वका समयमा बेपत्ता पारिएका घटनाको छानबिनका लागि छानबिन आयोग गठन गर्ने मनसाय प्रस्तुत गरेको भए पनि उक्त निर्णय कार्यान्वयन हुन सकेको छैन।

अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू

बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र १९९२ संयुक्त राष्ट्रसङ्घीय महासभाले १८ डिसेम्बर १९९२ मा जारी गरेको छ। घोषणापत्रमा बेपत्ताको योजनाबद्ध कार्य मानवताविरोधी अपराधको प्रकृतिको हुन्छ र यसमा कानुनका सामु व्यक्तिका रूपमा मान्यता पाउने अधिकार, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार, यातनाको सिकार हुन नहुने अधिकार उल्लङ्घन समावेश गरेको छ। यसले विशेष गरी बलपूर्वक बेपत्ता पार्ने कार्य रोकथाम र अन्त्य गर्न र विशेषतः त्यस्ता

कार्यलाई फौजदारी कानुन अन्तर्गतका अपराधका रूपमा परिभाषित गर्न र त्यसमा नागरिक उत्तरदायित्व स्थापित गर्न प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य कदमहरू चाल्नुपर्ने दायित्वमा बाँधिएका हुन्छन् भनी उल्लेख गरिएको छ। तर, यो पनि व्यवहारमा ज्यादै न्यून कार्यान्वयन भएको पाइन्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा सबै व्यक्तिलाई जीवन, स्वतन्त्रता तथा वैयक्तिक सुरक्षाको हक, यातना, क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको हक, स्वेच्छाचारी गिरफ्तारी तथा थुनाविरुद्धको हक, फौजदारी न्यायसम्बन्धी हक तथा निष्पक्ष सुनुवाइको हकजस्ता अधिकारहरू अन्तरनिहित भएको उल्लेख गरिएको छ। यस्तै, नागरिक तथा राजनीतिक अधिकार, स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारसम्बन्धी महासन्धि १९६६ को धारा ९ मा कुनै पनि नागरिकको स्वतन्त्रता हरण गर्न नपाइने, कसैलाई पक्राउ गर्दा वा थुनामा राख्दा पक्राउ गरिएको कारण तथा अभियोगको सूचना दिनु पर्ने, समयमै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने तथा गैरकानुनी थुनामा राखिएका व्यक्तिलाई उचित क्षतिपूर्ति उपलब्ध गराइनु पर्ने प्रावधानहरू उल्लेख छ।

यसैगरी, कुनै पनि नागरिकलाई यातना वा अपमानजनक व्यवहार निषेध गरिएको छ भनी यातना, क्रुर तथा अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि १९८४ मा उल्लेख गरिएको छ। साथै, कुनै पनि व्यक्तिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षण महासन्धि १९६६ मा पनि नागरिकका अधिकारहरू स्पष्ट उल्लेख गरिएका छन्। यीबाहेक अन्य कानुनी प्रावधानहरू बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्ध उल्लेख गरिएको भए पनि यसको सफल कार्यान्वयन हुन नसक्दा बलपूर्वक बेपत्ता पार्नेजस्तो गैरकानुनी तथा फौजदारी अपराधका घटनाहरू युद्ध, आन्तरिक राजनीतिक अस्थिरता वा सङ्कटकालका समयमा अधिक हुने गरेको पाइन्छ।

बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा २७ जून २००६ मा पारित भएको थियो भने संयुक्त राष्ट्रसङ्घीय महासभाले २० डिसेम्बर २००६ मा पारित गरेको थियो। २००९ मार्चसम्म १० राष्ट्रले अनुमोदन र ८१ राष्ट्रले हस्ताक्षर गरेका छन्। यसलाई २० राष्ट्रले अनुमोदन गरेपछि मात्र यो कार्यान्वयनमा आउनेछ। बलपूर्वक बेपत्ताका घटनामा पीडित व्यक्तिलाई अपराधबाट संरक्षण गर्नु महासन्धिको प्रमुख कार्य हो। यसले अन्तर्राष्ट्रिय मापदण्डमा बेपत्ता पारिने कार्यबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गर्ने प्रावधानहरूलाई समेटेको छ। मानवअधिकार उल्लङ्घनजस्तो बलपूर्वक बेपत्ता पारिने कार्यविरुद्ध कानुनी रूपमा बाध्यकारी कुनै अन्तर्राष्ट्रिय मापदण्ड नभएको सन्दर्भमा यो महासन्धि जारी भएको हो। तर, यसको कार्यान्वयन भने भएको छैन।

बेपत्ता नागरिकहरूको जिल्लागत विवरण

	म	पु	जम्मा	म	पु	जम्मा	
१. गोरखा	५	१७	२२	-	-	-	२२
२. तनहुँ	५	१२	१७	-	-	-	१७
३. लम्जुङ	२	१४	१६	-	१	१	१७
४. बाग्लुङ	५	१२	१७	-	-	-	१७
५. कास्की	-	१५	१५	-	१	१	१६
६. नवलपरासी	३	५	८	१	१	२	१०
७. स्याङ्जा	१	१२	१३	-	३	३	१६
८. कपिलवस्तु	-	२	२	-	१	१	३
९. पर्वत	-	८	८	-	-	-	८
१०. रूपन्देही	-	२	२	-	-	-	२
११. म्याग्दी	-	१	१	-	१	१	२
१२. गुल्मी	-	२	२	-	-	-	२
१३. अर्घाखाँची	१	-	१	-	-	-	१
१४. पाल्पा	-	-	-	-	-	-	-
१५. मनाङ	-	-	-	-	-	-	-
१६. मुस्ताङ	-	-	-	-	-	-	-मा
कुल सङ्ख्या	**२२**	**१०२**	**१२४**	**१**	**८**	**९**	**१३३**

स्रोत : द्वन्द्वमा पश्चिमाञ्चल पुस्तक-०६५/इन्सेक, पोखरा

बेपत्ताको स्थिति सार्वजनिक गर्ने सम्बन्धमा राज्य र गैरराज्य पक्षबाट पटक-पटक लिखित र मौखिक रूपमा प्रतिबद्धता जाहेर गरी सार्वजनिक गरिए पनि त्यसको कार्यान्वयन हुन नसक्दा बेपत्ता व्यक्तिका परिवारलाई आफ्नो परिवारका सदस्यको अवस्थाबारे जानकारी लिन पाउने हकबाट पूर्ण रूपमा वञ्चित गरिएको छ।

अन्त्यमा

बेपत्ता व्यक्तिहरूका सम्बन्धमा कुनै पनि सरकारले त्यति बढी महत्त्व र चासो दिएको पाइँदैन र सरकार जनताप्रति उत्तरदायी बन्न सकेको छैन। हुन त माओवादी पनि आफ्नो पक्षबाट बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्ने सम्बन्धमा जिम्मेवार देखिँदैन। बेपत्ता सम्बन्धमा सरकार र माओवादी दुवैले एकअर्कालाई दोषारोपण मात्र गरिरहेका छन्। सरकार भन्छ- माओवादीले उसबाट बेपत्ता पारिएकाहरूको स्थिति पहिला सार्वजनिक गर्नुपर्छ अनि मात्र हामी गर्छौं। उता, माओवादी भन्छ- पहिला यो सरकारले राज्यद्वारा बेपत्ता पारिएकाको स्थिति सार्वजनिक गर्नुपर्छ अनि हामी गर्छौं। बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्ने सवालमा पटक-पटक सरकार र माओवादीले लिखित र मौखिक प्रतिबद्धताहरू व्यक्त गरे पनि व्यवहारमा कार्यान्वयनका सवालमा सधैं प्रश्नचिह्न मात्र उब्जेको छ। बेपत्ता नागरिकका परिवारलाई उपेक्षा र ठूलो अपमान दुवै पक्षबाट भएको छ। बेपत्ता नागरिकका आफन्त तथा परिवारजनहरूको एक मात्र माग छ- 'कि लास देखाऊ कि सास देखाऊ। खोइ उनीहरू कहाँ छन् ?" प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को बुँदा नं. २७ मा सूचनाको हक शीर्षकमा उल्लेख गरिए पनि बेपत्ता व्यक्तिका परिवारहरूले अहिलेसम्म त्यो हक उपभोग गर्न पाइरहेका छैनन्। अब कहिँकतैबाट अलमल नगरी द्वन्द्वका समयमा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको स्थिति सार्वजनिक गर्नका लागि सम्पूर्ण सरोकारवाला एकढिक्का भएर जिम्मेवारीपूर्वक अगाडि बढ्नु पर्छ। बेपत्ता परिवारको पीडामा मल्हम लगाई उनीहरूको आँसु पुछ्न सक्नु पर्छ।

(लेखक इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका सहायक प्रलेख अधिकृत हुन।)

सङ्घीय शासन प्रणाली : आधारभूत मानवअधिकारको परिप्रेक्ष्यमा

सङ्घीयताको सर्वस्वीकृत मोडेल वा ढाँचा नभए तापनि यसका केही आधारभूत तत्त्व एवम् मूल्य-मान्यताका सन्दर्भमा भने समानता पाइन्छ । सङ्घीय प्रणालीहरू आफ्नो मुलुकको विशिष्ट परिस्थितिमा विकसित भए तापनि यसमा अन्तरनिहित विशेषताहरूका कारणले यसलाई एकात्मक प्रणालीबाट फरक तुल्याउँछ । सङ्घीय प्रणालीमा सरकारका विविध तहहरू हुन्छन् । सङ्घीयता विकेन्द्रीकरण भन्दा फरक प्रणाली हो । किनभने, विकेन्द्रीकरण अन्तर्गत केन्द्रीय सरकारले आफ्ना केही शक्तिहरूलाई तल्ला निकायमा विकेन्द्रित वा हस्तान्तरित गर्छ भने सङ्घीय प्रणालीमा संविधानद्वारा नै राज्यका विविध तहहरूको निर्माण गरिएको हुन्छ ।



दिनेश त्रिपाठी

सङ्घीय प्रणालीको स्वरूप तथा संरचनाका सम्बन्धमा नेपालमा व्यापक बहस एवम् छलफल भइरहेको छ। नेपालको नयाँ संविधान निर्माणको परिप्रेक्ष्यमा सङ्घीयताको सवाल सबैभन्दा जटिलतम प्रश्नका रूपमा उपस्थित भएको छ। सङ्घीयताको स्वरूप, ढाँचा एवम् संरचनाको प्रश्नलाई उचित एवम् विवेकसम्मत ढङ्गले सम्बोधन गर्न सकिएन भने संविधान निर्माणको प्रक्रिया नै कठिनाइमा पर्न जाने देखिन्छ। सङ्घीयताको कुनै बनिबनाउ एवम् सर्वस्वीकार्य मोडेल छैन। सङ्घीयता अपनाएका प्राय: सबैजसो राष्ट्रले आफ्नो मुलुकको धरातलीय यथार्थ, ऐतिहासिक सन्दर्भ, सांस्कृतिक बनोट, भूगोल एवम् जनताको मनोविज्ञानमा आधारित रहेर सङ्घीय ढाँचा विकसित गरेका छन्। हरेक मुलुकको परिवेश, धरातलीय यथार्थ, ऐतिहासिक सन्दर्भ एवम् जनताको मनोविज्ञान फरक-फरक रहेको छ। हरेक मुलुकका आफ्ना विशिष्टताहरू छन्। हरेक मुलुकले अर्को देशको ऐतिहासिक अनुभवबाट शिक्षा ग्रहण गर्न सक्छन् तर राजनीतिक मोडेल वा ढाँचाहरू जस्ताको तस्तै अर्को देशमा लागू वा कार्यान्वयन गर्न सकिँदैन। राजनीतिक प्रणालीहरू आयात वा निर्यातका विषयवस्तु होइनन्। यिनीहरू लामो समयको अनुभव एवम् अभ्यासबाट विकसित हुन्छन्। कहिलेकाहीँ संविधानको विकासक्रम यसका निर्माताहरूले चिताएको भन्दा भिन्न मार्गमा पनि विकसित भएका देखिन्छन्। यस सन्दर्भमा सङ्घीयताको शास्त्रीय मोडेलका (Classical model) रूपमा रहेका अमेरिका वा क्यानाडाको अनुभवलाई लिन सकिन्छ। जुनबेला फिलाडेसियामा अमेरिकी संविधान लेखिँदै थियो, त्यसबेला अमेरिकी संविधानका पिताहरू (founding fathers) अत्यन्त कमजोर राष्ट्रिय सरकारको पक्षमा थिए भने राज्य सरकारलाई अत्यन्त शक्तिशाली तुल्याउन चाहन्थे। यसको पछाडिको ऐतिहासिक पृष्ठभूमि के थियो भने १३ ओटा अलग-अलग उपनिवेशहरू मिलेर सङ्घको निर्माण गर्न गइरहेका थिए एवम् ती उपनिवेशहरू आफ्नो स्वायत्तका बारे बढी सजग वा सचेत थिए। तर, क्यानाडामा भने राष्ट्रिय सरकारलाई एकदम बलियो एवम् प्रान्तीय सरकारलाई अत्यन्त कमजोर तुल्याउने प्रयास हुँदै थियो। तर, अमेरिका एवम् क्यानाडा दुवैको संवैधानिक विकासको क्रम यसका निर्माताहरूले सोचेको भन्दा विपरीत दिशातर्फ उन्मुख हुँदैछ। अमेरिकामा केन्द्रीय सरकार निरन्तर शक्तिशाली हुँदै गइरहेको छ एवम् प्रान्तीय सरकारहरूको शक्ति निरन्तर क्षीण हुँदै गइरहेको जस्तो देखिन्छ भने क्यानाडामा केन्द्रीय सरकार निरन्तर कमजोर एवम् प्रान्तीय सरकारहरू लगातार शक्तिशाली हुँदै गइरहेको देखिन्छ।

सङ्घीयताको सर्वस्वीकृत मोडेल वा ढाँचा नभए तापनि यसका केही आधारभूत तत्त्व एवम् मूल्य-मान्यताका सन्दर्भमा भने समानता पाइन्छ। सङ्घीय प्रणालीहरू आफ्नो मुलुकको विशिष्ट परिस्थितिमा विकसित भए तापनि यसमा अन्तरनिहित विशेषताहरूका कारणले यसलाई एकात्मक प्रणालीबाट फरक तुल्याउँछ। सङ्घीय प्रणालीमा सरकारका विविध तहहरू हुन्छन्। सङ्घीयता विकेन्द्रीकरण भन्दा फरक प्रणाली हो। किनभने, विकेन्द्रीकरण अन्तर्गत केन्द्रीय सरकारले आफ्ना केही शक्तिहरूलाई तल्ला निकायमा विकेन्द्रित वा हस्तान्तरित गर्छ भने सङ्घीय प्रणालीमा संविधानद्वारा नै राज्यका विविध तहहरूको निर्माण गरिएको हुन्छ। विकेन्द्रीकरणमा तल्ला निकायहरू केन्द्रीय सरकारका मातहतका निकाय हुन्छन् भने सङ्घीयतामा कुनै पनि तहको सरकार कसैको मातहतमा हुँदैन अपितु संविधानका मातहतका निकाय हुन्छन्। राज्यका हरेक तहका सरकारहरूको शक्ति संविधानद्वारा नि:सृत हुन्छ एवम् संविधान नै शक्तिको एक मात्र स्रोत हुने गर्छ। तसर्थ, सङ्घीय प्रणालीमा संविधानको सर्वोच्चता अति नै आवश्यक हुन्छ। संवैधानिक सर्वोच्चताको अभावमा सङ्घीय प्रणाली क्रियाशील हुन सक्दैन। त्यसैगरी, यसको स्वाभाविक परिणतिका रूपमा सङ्घीय प्रणालीमा लिखित संविधान आवश्यक हुन्छ। किनभने, सङ्घीय प्रणाली एउटा जटिल राजनीतिक प्रणाली हो एवम् विविध तहका सरकारहरूबीच शक्तिको बाँडफाँट गर्नुपर्ने भएकाले लिखित संविधान आवश्यक पर्छ। सङ्घीय प्रणाली अन्तर्गत संविधान वास्तवमा शक्ति बाँडफाँटको दस्तावेज हुने गर्छ। तसर्थ, सङ्घीय संविधानले शक्ति बाँडफाँटको स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सक्नुपर्छ होइन भने भविष्यमा यसले राज्यका विविध तहहरूबीच क्षेत्राधिकारसम्बन्धी गम्भीर विवाद आउन सक्ने हुन्छ। शक्ति बाँडफाँटको अस्पष्टताले गर्दा तमाम सङ्घीय मुलुकहरू सङ्कटको सामना गरिरहेका छन्। तसर्थ, सङ्घीय प्रणालीमा आधारित संविधानको निर्माण गर्दा यस सम्बन्धमा पर्याप्त सावधानी अपनाउनु अनिवार्य हुन्छ। यस सम्बन्धमा संविधान लेखनका दौरानमा पर्याप्त होसियारी एवम् बुद्धिमत्ता अपनाउनु पर्ने देखिन्छ किनभने सङ्घीय प्रणाली अपनाएका मुलुकमा संविधान संशोधनको प्रक्रिया पनि निकै जटिल हुन्छ। यसको प्रमुख कारण के हो भने सङ्घीय संविधानको संशोधनमा प्रान्तीय विधायिकाहरूको पनि समर्थन एवम् सहभागिता आवश्यक पर्छ।

सङ्घीय प्रणालीमा राष्ट्रिय विधायिका एक्लैले संविधान संशोधन गर्न सक्दैन। किनभने, यसो गरिनु सङ्घीय प्रणालीको आधारभूत अवधारणाविपरीत हुन जान्छ। केन्द्रीय विधायिकाले एक्लैले संविधान संशोधन गरेर प्रान्तीय सरकारहरूको अधिकार खोस्न नसकोस् भनेर यस किसिमको संवैधानिक बचावटको बन्दोबस्त गरिएको छ।

सङ्घीय प्रणालीमा नागरिकका आधारभूत अधिकारको संरक्षणको प्रश्न महत्त्वपूर्ण हुन्छ। आधारभूत मानवअधिकारको संरक्षणबिना सङ्घीय प्रणालीको सफल कार्यान्वयन हुन सक्दैन। सङ्घीय प्रणाली भनेको कानुनमा आधारित प्रणाली हो। सङ्घीय प्रणालीमा मुलुकलाई विभिन्न प्रान्तहरूमा विभाजित गरिए पनि कुनै पनि प्रान्तमा बसोबास गरे तापनि नागरिकका अधिकारहरू समान हुन्छन्। कुनै पनि प्रान्तले नागरिकहरूबीच वर्ण, लिङ्ग, भाषा, सांस्कृतिक समूहका आधारमा कुनै पनि भेदभाव गर्न पाउनु हुँदैन। मुलुकको जुनसुकै भागमा बसोबास गरे पनि नागरिकका आधारभूत मानवअधिकारहरूमा कुनै कटौती हुन सक्दैन। कुनै पनि नागरिकलाई मुलुकको कुनै पनि भागमा हिँड्डुल वा कुनै पनि पेसा वा रोजगार गर्न पाउने अधिकारबाट बञ्चित गर्न हुँदैन।

हाल नेपालको सन्दर्भमा जातीयताका आधारमा प्रान्तहरूको निर्माण गर्ने बहस चलिरहेको परिप्रेक्ष्यमा यी प्रश्नहरूका बारेमा गम्भीरतापूर्वक ध्यान पुऱ्याउनु आवश्यक छ। लोकतन्त्रको आधारभूत मूल्य र मान्यता भन्नु नै समानताको ग्यारेन्टी एवम् भेदभावको समाप्ति हो। विश्वका सफल सङ्घीय प्राणालीमा नागरिकका आधारभूत हक एवम् स्वतन्त्रतालाई 'बिल अफ राइट्स'ले बलियो रूपमा संरक्षित गरिरहेको हुन्छ। कुनै पनि प्रान्तले सङ्घीय संविधानमा लिपिबद्ध एवम् वर्णित अधिकारहरूमा कुनै पनि किसिमको कटौती गर्न सक्दैन। संविधान केन्द्रीय, प्रान्तीय वा स्थानीय सबै सरकारका लागि एउटा बाध्यात्मक दस्तावेज हुने गर्छ एवम् कुनै पनि तहको सरकारले संविधानले नागरिकहरूसँग गरेको प्रतिबद्धता वा प्रतिज्ञालाई कमजोर तुल्याउन सक्दैन।

समकालीन विश्वमा मानवअधिकारको प्रश्न अत्यन्त महत्त्वपूर्ण सवाल हो। मानवअधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्न एकातिर विश्वव्यापी रूपमा घरेलु कानुनको निर्माण हुँदैछ भने अर्कोतिर कतिपय विश्वयुद्धपछि आधारभूत मानवअधिकार तथा स्वतन्त्रताको रक्षा गर्न निरन्तर अन्तर्राष्ट्रिय कानुनको पनि विकास हुँदै गइरहेको छ। हालका वर्षहरूमा मानवअधिकारको विश्वव्यापी संरक्षण प्रणाली पनि लगातार बलियो एवम् शक्तिशाली हुँदै गइरहेको छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको उपेक्षा गर्नु राष्ट्रिय सरकारहरूका लागि अब त्यति सहज हुँदैन। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको पूर्ण रूपमा पालना एवम् सम्मान गर्नु सम्बन्धित राज्यहरूको अन्तर्राष्ट्रिय कर्तव्य भइसकेको छ। अन्तर्राष्ट्रिय कानुनहरूप्रति असम्मान प्रकट गरेर कुनै पनि मुलुकले प्रगति गर्न नसक्ने तथ्य स्वयम् सिद्ध भइसकेको छ।

संविधान एउटा बाध्यात्मक दस्तावेज हो । संवैधानिक परिकल्पनालाई ध्वस्त वा कमजोर तुल्याउने अधिकार सङ्घीय प्रणालीमा कसैलाई पनि हुँदैन । सङ्घीय प्रणालीमा संविधान एउटा राष्ट्रिय एकताको दस्तावेज हो । तसर्थ, यसले राष्ट्रका सबै नागरिकहरूको अधिकारलाई समान रूपले संरक्षण गरेको हुन्छ । संविधानको दायराभित्र सम्पूर्ण मुलुकभित्र रहेका सम्पूर्ण वर्ग वा समुदाय अटाएका हुन्छन् । लोकतान्त्रिक प्रणालीभित्र संविधानको संरक्षण वा पालना हुन सकेमा मात्र यसले सबैको अधिकार संरक्षण गर्न सक्छ ।

नेपाल पनि विगतका वर्षहरूमा मानवअधिकारसम्बन्धी तमाम अन्तर्राष्ट्रिय कानुनहरूको पक्षधर राष्ट्र भइसकेको छ। संसारका सबैजसो सङ्घीय प्रणालीमा सन्धि गर्ने अधिकार राष्ट्र वा केन्द्रीय सरकारलाई प्रदान गरिएको हुन्छ। तसर्थ, नेपालको सङ्घीय प्रणालीमा अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा प्रवेश गर्ने अधिकार निश्चय नै केन्द्रीय सरकारलाई प्रदान गरिनु पर्छ। साथै, यी अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतालाई कार्यान्वयन गर्ने अधिकार वा सक्षमता पनि संविधानले केन्द्रीय सरकारलाई नै प्रदान गर्नु आवश्यक हुन्छ। सङ्घीय प्रणालीमा नेपाल प्रवेश गरिसकेपछि निश्चय नै अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको कार्यान्वयनका लागि प्रान्तीय सरकारहरूले व्यापक सहयोग एवम् समर्थन गर्न जरुरी हुन्छ। नेपालको आधुनिकीकरण एवम् लोकतान्त्रीकरणका लागि अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको पूर्ण एवम् सफल कार्यान्वयन आवश्यक पर्छ। अन्तर्राष्ट्रिय सन्धि कानुनहरूलाई अमेरिकी संविधानमा व्यवस्था भएझैँ सर्वोच्च कानुनका रूपमा स्वीकारिनु पर्छ। तर, कुनै पनि अन्तर्राष्ट्रिय सन्धिहरू संविधानको आधारभूत मूल्य र मान्यताविपरीत भने हुनु हुँदैन। कुनै पनि प्रान्तीय सरकारले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनको कार्यान्वयन प्रक्रियामा अवरोध पुऱ्याउनु हुँदैन एवम् सबै प्रान्तीय सरकार वा विधायिकाहरूको अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूसँगको सङ्गति स्थापित गर्न संविधानमा स्पष्ट व्यवस्था हुनु पर्छ। यस सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगजस्ता निकायहरूले प्रान्तीय कानुनहरूको निर्माण प्रक्रियामा विशेष निगरानी राख्नुपर्ने हुन्छ। यस सम्बन्धमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको कार्यान्वयनलाई सुनिश्चित गर्न भेनेजुएलाको संविधानमा गरिएझैँ एउटा विशेष संयन्त्रको व्यवस्था पनि गर्न सकिन्छ।

संविधानमा व्यवस्थित मौलिक हकहरूलाई बिना कुनै भेदभाव आफ्ना बासिन्दाहरूलाई सुनिश्चित गर्नु एवम् संविधानमा व्यवस्थित मौलिक हकको कार्यान्वयनका लागि आवश्यक बन्दोबस्त एवम् उपायहरू अवलम्बन गर्नु प्रान्तीय सरकारहरूको संवैधानिक कर्तव्य हुनुपर्छ। यस सम्बन्धमा मानवअधिकार वा मौलिक हकसम्बन्धी कानुनको प्रयोगमा नागरिकहरूबीच बासस्थान, जाति, धर्म, भाषा, लिङ्ग, राजनीतिक विचार वा अन्य कुनै पनि आधारमा विभेद हुनुहुँदैन।

नेपालको नयाँ संविधानमा नागरिकका आधारभूत अधिकारहरूको रक्षकका रूपमा न्यायपालिकालाई स्थापित गर्नु जरुरी छ। न्यायपालिकालाई सक्षम, स्वतन्त्र वा प्रभावकारी नतुल्याई नागरिकका आधारभूत अधिकारहरूको वास्तविक संरक्षण सम्भव छैन। लिखित संविधान सङ्घीयताको आधारभूत विशेषता हो। यसका साथै सङ्घीय प्रणालीको सफल सञ्चालनका लागि संवैधानिक सर्वोच्चता पनि आवश्यक पर्छ। संवैधानिक सर्वोच्चताको अभावमा सङ्घीय प्रणाली क्रियाशील हुन सक्दैन। सरकारका सबै तहहरू संवैधानिक सीमा वा रेखाभित्र बस्न स्वीकार गरेनन् भने सङ्घीय प्रणाली विशृङ्खलित भएर जानेछ। संविधानको चार किल्लाभित्र मात्र राज्यका विभिन्न निकायहरू क्रियाशील हुनुपर्छ एवम् संविधानले तोकेको घेरालाई कसैले पनि नाघ्नु हुँदैन। यदि यसो हुन सकेन भने संवैधानिक प्रणाली ध्वस्त भएर जान्छ। संवैधानिक सर्वोच्चताको रक्षा गर्ने संयन्त्र भनेको निश्चय पनि न्यायपालिका हो। यसले राज्यका हरेक निकायहरूलाई

संवैधानिक अनुशासनभित्र रहन बाध्य तुल्याउँछ। लिखित संविधान भएको मुलुकमा यो संविधानको आधिकारिक एवम् अन्तरिम व्याख्यता हो र यसले गरेको कानुन एवम् संविधानको व्याख्या राज्यका हरेक निकायका लागि बाध्यात्मक हुने गर्छ। अमेरिकी सर्वोच्च अदालतले माखरी मुद्दामा न्यायिक पुनरावलोकनको सम्बन्धमा गरेको व्याख्या लिखित संविधान भएको मुलुकमा एउटा आधारभूत मान्यताका रूपमा स्थापित भइसकेको छ।

संविधानमा आधारभूत मौलिक हक एवम् स्वतन्त्रताहरूको उल्लेख हुनु मात्र पर्याप्त छैन। यी हक एवम् स्वतन्त्रताहरूमा आघात पुगेको बेलामा संविधानद्वारा व्यवस्थित हक एवम् अधिकारको प्रचलनका लागि संविधानमा आवश्यक एवम् प्रभावकारी बन्दोबस्त हुनु पनि त्यत्ति नै आवश्यक छ। संविधानद्वारा स्थापित न्यायपालिकाले गरेको संविधानको व्याख्या एवम् यसले गरेको कुनै फैसला वा आदेशलाई कुनै पनि प्रान्तीय सरकार वा विधायिकाले उल्टाउन सक्दैन। संविधानद्वारा वर्णित मौलिक हक वा स्वतन्त्रताभन्दा बढ्ता अधिकार कुनै पनि प्रान्तले आफ्ना बासिन्दालाई प्रदान गर्न सक्छ तर संविधानद्वारा व्यवस्थित अधिकारमा भने कुनै पनि कटौती हुन सक्दैन।

संविधान एउटा बाध्यात्मक दस्तावेज हो। संवैधानिक परिकल्पनालाई ध्वस्त वा कमजोर तुल्याउने अधिकार सङ्घीय प्रणालीमा कसैलाई पनि हुँदैन। सङ्घीय प्रणालीमा संविधान एउटा राष्ट्रिय एकताको दस्तावेज हो। तसर्थ, यसले राष्ट्रका सबै नागरिकहरूको अधिकारलाई समान रूपले संरक्षण गरेको हुन्छ। संविधानको दायराभित्र सम्पूर्ण मुलुकभित्र रहेका सम्पूर्ण वर्ग वा समुदाय अटाएका हुन्छन्। लोकतान्त्रिक प्रणालीभित्र संविधानको संरक्षण वा पालना हुन सकेमा मात्र यसले सबैको अधिकार संरक्षण गर्न सक्छ।

आधारभूत मानवअधिकारको प्रत्याभूतिसम्म एवम् लोकतान्त्रिक सभ्य एवम् लोकतान्त्रिक समाजको आधारभूत तत्त्व हो। आधारभूत मानवअधिकारको प्रत्याभूति नै राज्यको वैधताको आधार हो। आफ्ना नागरिकहरूको अधिकारको ग्यारेन्टी गर्न नसक्ने राज्यले आफ्नो वैधतालाई नै गुमाउन पुग्छ। लिखित संविधानको आधारभूत उद्देश्य एकातिर राज्यको शक्तिलाई सीमित वा परिभाषित गर्नु हो भने अर्कोतिर नागरिक अधिकारहरूको सुनिश्चितता एवम् बढोत्तरी पनि गर्नु हो। लिखित संविधानले राज्य एवम् सरकारको अधिकारलाई सीमित एवम् परिभाषित गर्दै नागरिक हक एवम् अधिकारलाई व्यापक सुनिश्चितता प्रदान गर्न खोजेको हुन्छ। किनभने, राज्यको असीमित एवम् अपरिभाषित अधिकार, नागरिक अधिकार एवम् स्वतन्त्रताका लागि निरन्तर घातक हुन सक्छ। संविधान राज्य एवम् नागरिकहरूका बीच एउटा सम्झौता एवम् करार हो। संविधानको सफल कार्यान्वयनका लागि सम्झौताका सर्तहरू स्पष्ट हुनु जरुरी छ।

समकालीन विश्वमा मानवअधिकार एवम् लोकतान्त्रिक चेतनाको व्यापक, अभूतपूर्व एवम् आश्चर्यजनक रूपमा विस्तार भएको छ। शिक्षा, सञ्चार एवम् औद्योगिक क्षेत्रको विस्तारले मानवीय चेतना, एवम् अधिकार एवम् स्वतन्त्रताको चाहनालाई व्यापक रूपमा विस्तारित गरेको छ। मानवअधिकार एवम् लोकतन्त्रको सवाल आजको समकालीन विश्वको केन्द्रीय सवाल हो। अन्तर्राष्ट्रिय सम्बन्ध एवम् राजनीतिको पनि यो एउटा प्रमुख सवाल भइसकेको छ। सञ्चारमा आएको क्रान्तिले लोकतान्त्रिक राज्यहरूद्वारा आफ्ना नागरिकहरूको चेतनालाई नियन्त्रित गर्ने क्षमतालाई समाप्त गरिदिएको छ। सञ्चार क्रान्तिको यस युगमा मानव चेतनालाई बन्दी तुल्याउन सम्भव छैन। व्यापक परिवर्तनहरू घटित भइरहेको यस युगमा मानवअधिकारसम्बन्धी विधिशास्त्रको पनि व्यापक विस्तार भएको छ। मानवअधिकार पनि एउटा निरन्तर विकसित अवधारणा हो। एकातिर नयाँ निर्मित भइरहेका संविधान र सम्बन्धित देशका अदालती निर्णयहरूले मानवअधिकारको क्षेत्र एवम् अवधारणाहरूलाई निरन्तर विकसित गर्दै लगिरहेका छन् भने अर्कोतिर मानवअधिकारको अन्तर्राष्ट्रिय विधिको पनि निरन्तर विकास भइरहेको छ। मानवअधिकारको अन्तर्राष्ट्रिय बिल पनि जारी भइसकेको छ। मानवअधिकारको अन्तरवस्तु एवम् क्षेत्र पनि निरन्तर विकसित हुँदै जाँदा मानवअधिकारको पहिलो, दोस्रो हुँदै हाल तेस्रो पिँढीको अवधारणा विकसित भइसकेको छ। पहिलो एवम् दोस्रो पिँढीको अधिकारमा नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारहरू पर्छन् भने तेस्रो पिँढीको अधिकारमा वातावरणको अधिकार, विकासको अधिकारका साथै सहभागिताको अधिकार पनि पर्छन्। तसर्थ, यस संविधानले समकालीन विश्वमा विकसित नवीनतम् अवधारणाहरूलाई पनि आत्मसात् गर्न सक्नु पर्छ।

नेपाल अन्तर्राष्ट्रिय प्रणाली एवम् प्रक्रियाबाट अलग रहन सक्दैन। तसर्थ, अन्तर्राष्ट्रिय कानुनको क्षेत्रमा विकसित मानवअधिकारसम्बन्धी अवधारणालाई नेपालले आत्मसात् गर्नु जरुरी छ। यसै सन्दर्भमा नयाँ संविधानले नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारलाई पनि नयाँ सविधानमार्फत सुनिश्चितता प्रदान गर्नु आवश्यक छ। त्यसै गरी नेपालको नयाँ बन्ने संविधानले वातावरणीय एवम् विकासको अधिकारलाई पनि सुनिश्चितता प्रदान गर्न सक्नु पर्छ।

नेपाल एउटा बहुभाषिक एवम् बहुसांस्कृतिक समाज हो। नेपालको व्यापक विविधता नेपालको विशिष्टता हो र यसलाई सम्मान एवम् विवेकसम्मत व्यवस्थापन गरिनु पर्छ। यसलाई एउटा समस्याका रूपमा हेरिनु हुँदैन। लोकतन्त्रलाई स्थायित्व प्रदान गर्न आगामी संविधानले विविधतालाई व्यवस्थापन गर्न उचित उपायहरू अवलम्बन गर्नु जरुरी छ। यस सम्बन्धमा विविध सांस्कृतिक समूहहरूको भाषा एवम् संस्कृतिलाई राज्यले मान्यता एवम् संरक्षण प्रदान गर्नु पर्छ। अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्ड अनुसार भाषिक एवम् सांस्कृतिक अधिकारलाई सुनिश्चित गरिनु पर्छ। मुलुकमा ठूलो सङ्ख्यामा आदिवासी, जनजाति, दलित, मधेसी समुदायका मानिसहरू बसोबास गर्छन्। संविधानले अल्पसङ्ख्यक समुदाय एवम् महिला अधिकारको उचित ग्यारेन्टी गर्नु पर्छ। आदिवासी जनजातिहरूको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनको दस्तावेज आईएलओ १६९ लाई नेपालले अनुमोदन गरिसकेको छ। तसर्थ, आदिवासी जनजाति अधिकारलाई संविधानले विशेष किसिमले सम्बोधन गर्नु पर्छ। पाखामा पारिएका सीमान्तकृत समुदाय, दलित समुदायको अधिकार पनि नयाँ संविधानमा लिपिबद्ध हुनु आवश्यक छ। नयाँ संविधानले बहिष्करणको समस्यालाई विश्वासिलो ढङ्गले सम्बोधन गर्नु पर्छ।

सिफारिस/निष्कर्ष

नयाँ संविधानले मानवअधिकारको नवीनतम् विधिशास्त्रलाई लिपिबद्ध गर्नु पर्छ। यसले उदार लोकतन्त्रका लागि आवश्यक अधिकारहरू जस्तै: अभिव्यक्तिको स्वतन्त्रता, सङ्गठनको स्वतन्त्रता, प्रेस स्वतन्त्रता, कानुनसमक्ष समानता इत्यादिका साथै स्वास्थ्य, शिक्षा, सम्मानपूर्ण जीवनको अधिकार, वातावरणीय अधिकारहरूलाई पनि सुनिश्चितता गर्नु पर्छ।

अल्पसङ्ख्यक, सीमान्तीकृत वर्ग एवम् समुदायको अधिकार, आदिवासी जनजातिको अधिकार, महिला एवम् दलित

अधिकारलाई विशेष रूपमा प्रत्याभूति प्रदान गर्न आवश्यक छ।

संविधानमा शक्तिशाली 'विल अफ् राइटस्' समावेश गरिनु पर्छ। यसलाई संविधानको आत्मा एवम् मुटुका रूपमा स्वीकार गरिनु पर्छ।

मुलुकका जुनसुकै भागमा बसोबास गरे तापनि मौलिक मानव अधिकारमा कटौती एवम् भेदभाव नहुने कुराको प्रत्याभूति हुनु पर्छ। कुनै पनि प्रान्तले अर्को प्रान्तबाट बसाइँसराइ गर्ने, नागरिकसँग भेदभावपूर्ण व्यवहार गर्न पाउँदैन भन्ने कुराको सुनिश्चितता हुनु पर्छ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको कार्यान्वयनलाई सङ्घीय सरकारले एकरूपताका साथ कार्यान्वयन गर्ने संवैधानिक सक्षमता प्राप्त हुनु पर्छ।

संविधान प्रदत्त हकअधिकारको संरक्षकका रूपमा महत्त्वपूर्ण भूमिका खेल्न सक्षम स्वतन्त्र एवम् शक्तिसम्पन्न न्यायिक प्रणालीको संवैधानिक बन्दोबस्त हुनु पर्छ।

प्रान्तीय सरकारद्वारा संविधानमा वर्णित अधिकारमा कटौती गर्न नपाउने व्यवस्था हुनु पर्छ।

(लेखक अधिवक्ता हुन्।)

छातिभरी द्वन्द्वको पीडा बोकेर काल पर्खदै

'अब उँभो आइएला भन्ने त आशै छैन,उँधो जान पनि गाह्रो भयो । काल नआई मर्न पनि सकिदो रहेन छ । मर्नु न बाँच्नुको घिडघिडो भएर बाँचेको छु । कालले पनि दुःखीलाई नै दुःख दिँदो रहेछ । नत्र यस्तो दुःख पाएर बाच्नै पर्ने थिएन नी ! अस्तिनै लगिहल्ल्यो नी । मलाई त काल पर्खन पनि गारो भयो ।'

८६ वर्षको वृद्ध उमेर । त्यस माथि रोगैरोगको भण्डार । एउटै थलामा थलिएको पनि निक्कै भयो । तैपनि रोगले छाडेको छैन । बाहिरको रोग भएको पो निको हुनु । भित्रको रोग के निको हुन्थ्यो । मनको रोगले त्यो बुढो सरिरलाई सनैसनै जलाई रहेको छ । पीर चिन्ता र शोकले उनको शरिर नै जिर्ण भएको छ । अब सरिरको कुनै भागमा मासु बाँकि छैन सबैतिर छाला र हाडमात्र छ । अझ भनौभने डरलाग्दो अस्थिरपञ्ज नै भएको छ उनको सरिर ।

पीर नहोस् पनि कसरी आफ्नो घरमा सुति रहेको छोरो आफ्नै आँखा अगाडिबाट तानेर लगेर हत्या गरेपछि । छोराको हत्या पछि धमिलिएको उनको मन अहिलेसम्म सङ्लन सकेको छैन । बुढेसकालमा पाल्ला भन्ने छोरो नै नभएपछि चिन्ताले नसताउने कुरा पनि भएन । छोराको शोक बोकेर बाच्नुको पीडा उनी जस्तै पीडा बोक्ने बाहेक अरुले अन्दाजै गर्न सक्दैन ।

घटना २०५९ साल कात्तिक ७ गतेको हो । विहानीपख झिसमिसे उज्यालो नै नहुँदा देउराली गाविस-९ का बमबहादुर श्रेष्ठको घर सेनाले घेरि सकेको रहेछ । मान्छे चिन्ने उज्यालो पनि हुन नपाउँदै उनको साहिँलो छोरा रामजी श्रेष्ठलाई सेनाले ओच्छयानबाटै उठाएर लिएर गयो । छोरा फर्कने आशमा बसेका बमबहादुरलाई दिउँसो अबेर गरी खबर आयो रामजी लगायत सोही गाउँका सेनाले लिएर गएका ६ जना गाउँलेहरूलाई सालु गाविसको दुङ्गेछापमा लगेर गोलि ठोकेर मार्‍योरे । त्यसपछि घरमा कोकोहोलो मचियो । आफू जानुपर्ने ८० वर्षको उमेरमा छोराको मृत्युको खबरले बमबहादुरको हृदयमा बज्रपात नै भयो । यकातिर छोरो मारिएको पीडा अर्कोतिर बुहारी र ५ वटा साना नाति नातिनीको भविष्य । वर्तमान र भविष्यको कुनै परिकल्पना नै गर्न सकेनन् बमबहादुरले ।

रामेछापको तत्कालिन नारायणदल गुल्मको सेना देउराली गाविसको देउराली डाँडामा अस्थायी क्याम्व बनाएर बसेको थियो । सोही क्रममा माओवादीको एकजना जिम्मेवार नेतालाई सेनाले नियन्त्रणमा लिने क्रममा उनीबाट माओवादीका केही दस्तावेज पनि फेला पारेका थिए । जसमा देउराली गाविस-९ का राजकुमार केसी, सोही गाविसका नेत्रबहादुर कार्की, रामजी श्रेष्ठ, लोकबहादुर भुजेल, टेकबहादुर बस्नेत र दुर्गाबहादुर बस्नेत माओवादीले गठन गरेको गाउँको सेल कमिटिमा रहेको रेकर्ड सेनाले फेला पारेको थियो । सेनाले सो रेकर्ड फेला पारेपछि उनीहरू डराएर जिल्ला सदरमुकाम मन्थलीमा पुगेका थिए ।

फिचर

घटना भएको अघिल्लो दिन प्रमुख जिल्ला अधिकारीसँग भेटि आफूहरूलाई माओवादीले जवर्जस्ति उनीहरूको समितिमा राखेको तथा सो पार्टीमा आफूहरू बस्न नचाहेकोले आत्मसमर्पण गर्न तयार रहेको बताएका थिए । स्थानीय प्रशासनलाई उनीहरूले सबै कुरा सुनाएपछि उनीहरूलाई अब सुरक्षा फौजको तर्फबाट केही नहुने भन्दै घरमा गएर बस्न बताएको थियो ।

सेनाले ६ जनालाई रातिनै घरमा घेरा हालेर विहान उज्यालो हुन नपाउँदै नियन्त्रणमा लिई २ घण्टा माथि ल्याएर सामुहिक हत्या गरेको थियो । उनीहरूको हत्य पछि पनि गाउँले र मृतकका आफन्तहरू हत्या गरिएको ठाउँमा जान सकेनन् । सेनाले उनीहरूलाई हत्या गरेको ठाउँमा कोही गए तिनलाई पनि मारिदिने धम्कि स्थानीय गाउँलेलाई दिएको थियो । मारिएकाहरूको अन्तिम संस्कार गरिएपछि अरुको पीडा त बिस्तारै हट्दै गयो तर बमबहादुर लगायत मारिएकाको आफन्तको पीर बीसको उन्नाइस पनि भएन । उनीहरूलाई पीरले भित्रभित्रै जलाउन लाग्यो र अन्तिममा यो अवस्थासम्म ल्याइपुऱ्यायो । ओच्छयानमा थलिएका बमबहादुर भन्छन्-'मुटुको टुक्रा काटेर लगेपछि त्यसको पीडा कहिलै कम हुन्छ र ! मैले अब त्यो पीर बिर्सन त म आफू चिताको अग्नीमा जल्नु पर्छ । त्यसपछि मात्र पीडा हट्छ । नत्र के गरी हट्छ ?'

बमबहादुरलाई पारीवारिक अवस्थाको कारणले पनि थप दुःखी बनाएको छ । उनकी कान्छी पत्नी तर्फका ४ भाई छोरा । ४ भाईमध्ये एउटा छोरो २२ वर्ष भयो बेपत्ता भएको, कहाँ गयो कुनै पत्तो छैन । अर्को छोरा विराटनगरको जुटमीलमा काम गर्थे, उतै दुःखजिलो गरेर बसेका छन् । घरमा आउँदैनन् । खेति किसानी गर्ने, घरव्यवहार गर्ने तिनै साहिँलो छोरो रामजी थिए । उनलाई सेनाले मारिदिएपछि उनको बाँच्ने आधार नै टुट्यो । उनी भन्छन्-'एउटाको खोट खबर नै छैन । अर्को बाहिरै बस्छ । कान्छो छोरो अधवस्रो छ । यो ले भन्दा ऊ ल्याउँछ । आफूलाई पाल्ने त्यही साहिँलो थियो । त्यसलाई मारिदिई हाले । त्यसलाई मारेपछि मेरो त आत्माले नै हरेस खायो । अब म त ओच्छयान परि हालें । यी साना नातीनातिनाको बिजोग हुने भयो ।'

हत्या गरिएका रामजिको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको छ । रामजीकी पत्नी सुन्तलीमाया रातदिन काममा दौडन्छिन् । तैपनि उनलाई घरव्यवहार धान्न धौधौ परेको छ । ४ वटी छोरी मध्ये जेठीछोरी गोमा श्रेष्ठले बाबुको हत्यापछि पढ्न सकिनन् । उनी पनि घरखेतिमा लागेकी छिन् । माहिली १६ वर्षकी नीरकुमारी अहिले ९ कक्षामा पढ्छिन् । साहिँली १० वर्षकी लिला ५ मा र कान्छी ८ वर्षकी खड्गकुमारी २ कक्षाम पढ्दै छिन् । छोरा १२ वर्षको नेत्रबहादुर श्रेष्ठ ६ कक्षामा पढ्छन् । उनीहरूको पढाई धान्न निक्कै गारो भएको छ- सुन्तलीलाई । त्यसमाथि सुष्त मनस्थितिका देहोरपनि उनीसँगै छन् । उनलाई पनि पाल्नु परेको छ- उनले ।

आफ्नो छोरो कुनैपनि पार्टीको नेता नभएको ठम्याई छ- बमबहादुरको । उनी भन्छन्-'के को पार्टीमा लाग्नु । घरव्यहार गरेर बसेको मानिस ।' उनको यो लडाई के को लागि र यसबाट कसले के पायो भन्ने गम्भिर प्रश्न पनि छ । उनी भन्छन्-'म त छातिभरि पीडा बोकेर मर्ने नै भएँ । अब ओच्छयान परेको म बुढो उठ्न सक्दिन । आखिर ढीलो चाँडो जान्छु नै । अरुले त यतिका मान्छे किन मारिए जवाफ खोज्लान् नी ! त्यसको जवाफ कसले दिन्छ ?'

प्रस्तुती : नवराज पथिक

मध्यपश्चिममा झाडापखाला प्रकोप र राज्यको दायित्व

भोला महत

इन्सेकले सुरुकै दिनमा अर्थात् झाडापखालाले महामारीको रूप नलिँदै त्यसलाई रोकथाम गर्न सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउने काम गरेको थियो । तर, समयमा नै प्रभावकारी काम हुन नसक्दा ठूलो मानवीय क्षति बेहोर्नु पऱ्यो। अहिले पनि इन्सेकले प्रभावित जिल्लाहरूमा आफ्ना जिल्ला प्रतिनिधिहरूमार्फत नियमित अनुगमन तथा अभिलेखीकरण गरिरहेको छ ।

जाजरकोटको सक्ला गाविस-४ की २७ वर्षीया भगवती परियारको २०६६ वैशाख १७ गते झाडापखालाका कारण मृत्यु भएको खबरले कसैको मन छोएन। तर, उनीबाटै सुरु भएको झाडापखाला मध्य तथा सुदूरपश्चिमका सर्वसाधारण नागरिकहरूका लागि पछिल्ला दिनहरूमा नियति नै बन्न पुग्यो। दर्जनौं नागरिकले ज्यान गुमाइसकेपश्चात् मात्र राज्यको आँखा खुल्यो। विडम्बना ! सयौं नागरिक सामान्य रोगबाट मृत्युको सिकार हुन पुगे। समयमा नै सरकारबाट रोकथामका उपायहरूको प्रभावकारी कदम नचालिँदा नागरिकले अकालमै ज्यान गुमाउनु पऱ्यो। लोकतान्त्रिक गणतन्त्र भनाउँदो सरकारले पनि दुर्गम भेगका जनतासामु सामान्य जीवनजल र स्वास्थ्यसम्बन्धी सामान्य संचेतनासमेत पुऱ्याउन नसकिरहेको यथार्थता छर्लङ्ग भयो। जतिसुकै प्राथमिक स्वास्थ्य सेवा नि:शुल्क र सुलभ भने तापनि यसपालिको झाडापखालाले सरकारको कथित नि:शुल्क र सुलभ स्वास्थ्यसेवाको वास्तविकतासमेत देखाइदियो।

मध्यपश्चिमका रुकुम, रोल्पा, सुर्खेत, सल्यान, डोल्पा, दाङ, कालीकोट, दैलेख र हुम्ला जिल्लामा पनि भगवती परियारकै नियति सयौं सर्वसाधारण नागरिकले बेहोर्नु पऱ्यो। राज्यका विभिन्न निकायमा मृत्यु हुनेहरूको सङ्ख्या फरक-फरक भए पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले आफ्ना जिल्ला प्रतिनिधीहरूमार्फत ती प्रभावित जिल्लाहरूमा झाडापखालाबाट मृत्यु हुनेहरूको तथ्याङ्कको अभिलेखीकरण गरेको छ। इन्सेकको तथ्याङ्क अनुसार पनि ज्यान गुमाउनेहरूको सङ्ख्या जाजरकोटमा २ सय ३६, रुकुममा ५७, रोल्पामा ८, सुर्खेतमा १३, सल्यानमा ५, डोल्पामा ११, दाङमा २, कालीकोटमा ३५, दैलेखमा ३५ र हुम्लामा ११ रहेका छन्। यो महामारीले सबैभन्दा बढी जाजरकोट जिल्लालाई पिरोलेको छ। यस घटनाबाट तीन महिनामा नै जाजरकोटमा २ सय ३६ जना नागरिकले ज्यान गुमाउनु पऱ्यो, जुन तथ्याङ्क दसवर्षे माओवादी जनयुद्धमा मारिएकाहरूको तथ्याङ्कभन्दा बढी हो। अझ भन्ने हो भने झाडापखालाका कारण ज्यान गुमाउनेहरूमध्ये दलित र बालबालिकाको सङ्ख्या अत्यधिक छ।

इन्सेकले सुरुकै दिनमा अर्थात् झाडापखालाले महामारीको रूप नलिँदै त्यसलाई रोकथाम गर्न सरकार र सरोकारवालाको ध्यानाकर्षण गराउने काम गरेको थियो। तर, समयमा नै प्रभावकारी काम हुन नसक्दा ठूलो मानवीय क्षति बेहोर्नु पऱ्यो। अहिले पनि इन्सेकले प्रभावित जिल्लाहरूमा आफ्ना जिल्ला प्रतिनिधिहरूमार्फत नियमित अनुगमन तथा अभिलेखीकरण गरिरहेको छ। अन्य सङ्घसंस्थाहरूले पनि झाडापखालाको समस्यालाई महत्त्वका साथ उठाएका छन्। सर्वोच्च अदालतले झाडापखालाको प्रकोप फैलिएको क्षेत्रमा तत्काल उपचार सेवा पुऱ्याउन सरकारका नाममा अन्तरिम आदेश जारी गऱ्यो। अदालतले रोगको प्रकोप फैलिएका क्षेत्रमा रोग नियन्त्रणका लागि तत्काल प्रभावकारी कदम चाल्न सरकारलाई आदेश पनि दिएको थियो। न्यायाधीश राजेन्द्रप्रसाद कोइरालाको एकल इजलासले सरकारलाई सर्वसाधारण जनताको स्वास्थ्य र बाँच्न पाउने अधिकारमा गम्भीर हुन पनि आदेश दिएको थियो तर शिक्षा र स्वास्थ्यको पूर्ण ग्यारेण्टी लिएको सरकारले भने आफ्नो जिम्मेवारी पूर्ण रूपमा बहन गर्न सकेन। ग्रामीण इलाकामा स्वास्थ्य चौकीहरू स्थापना भए पनि औषधी र आवश्यक जनशक्तिको अभावका कारण नागरिकले अकालमा नै ज्यान गुमाउनु पऱ्यो।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को धारा १६ ले वातावरण तथा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक अधिकारका रूपमा ग्यारेण्टी गरेको छ। साथै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२ को उपधारा २ को 'ग'मा प्रकोप, महामारी तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण र 'घ'मा बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्ने भनी उल्लेख भएको र नेपाल सो प्रतिज्ञापत्रको पक्षराष्ट्र बनिसकेको छ। नेपाल पक्ष भएको संयुक्त राष्ट्रसङ्घको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ ले नागरिकको जीवनको अधिकारको सुनिश्चितता गर्ने दायित्व राष्ट्रको हुने व्यवस्था गरेको भए पनि झाडापखालाजस्तो सामान्य रोगका कारण यस क्षेत्रमा लगभग ४ सय नागरिकले ज्यान गुमाउनुले पनि सरकार सर्वसाधारणको स्वास्थ्य र जीवनको अधिकारप्रति गम्भीर नभएको पुष्टि हुन्छ। सरकारको यो उदासिनताले अन्तरिम संविधान, २०६३ र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-महासन्धिको समेत उल्लङ्घन भएको छ।

दुषित पानी, बासी खानेकुरा, अखाद्य वस्तुको प्रयोग, सरसफाइको कमी, स्वच्छ पिउने पानीको अभाव झाडापखाला लाग्नुका मुख्य कारणहरू हुन् भन्ने कुरामा दुईमत छैन। तर, मध्य तथा सुदूरपश्चिममा महामारीका रूपमा फैलिएको झाडापखाला सयममा नै नियन्त्रणमा ल्याउन नसक्नु र ठूलो सङ्ख्यामा मानवीय क्षति बेहोर्नुको मुख्य कारणचाहिँ उपचार पद्धतिको निर्धारण हुन नसक्नु नै हो। महामारीको लक्षण देखा पर्नासाथ प्रकोप नियन्त्रण गर्ने विषयमा राज्य संवेदनशील भएन, उद्दारमा संलग्न भएका

निकायहरूबीच प्रभावकारी समन्वय हुन सकेन, सहयोगी दाताहरूले दिएको औषधी होस् या अन्य सहयोग, प्रयोग गर्नका लागि उपयुक्त थिए/थिएनन् भन्ने कुराको प्रभावकारी अनुगमन स्थानीय तहमा सरकारका तर्फबाट हुन सकेन। उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूको व्यवस्थित बसोबासको प्रबन्ध हुन नसक्दा स्वास्थ्यकर्मीहरू बीचबाटै फर्कन बाध्य भए। राजनीतिक दलका भ्रातृसङ्गठनहरू जुन रूपमा परिचालन हुनपर्ने थियो, भएनन्। सहयोगको एकद्वार प्रणाली भएन।

अर्कातिर अहिले पनि हाम्रा पहाडी जिल्लाहरू भौगोलिक विकटताका साथसाथै सबै दृष्टिकोणले पछि परेका छन्, संचेतनाको कमी छ, अशिक्षा, गरिबी व्याप्त छ, रुढीवादी परम्परा कायमै छ, स्वास्थ्यसम्बन्धी जनचेतनाको अभाव छ। विभिन्न कालखण्डका थरीथरीका सरकार होस् या स्वास्थ्यका बारेमा चेतना जगाउने गैरसरकारी सङ्घसंस्थाहरू हुन्- दुवैको समन्वयात्मक ढङ्गले काम हुन नसक्दा वर्षौंदेखिको स्वास्थ्यमा गरिएको लगानी खेर गइरहेको छ।

नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष झलक गैरे भन्छन्, "यसपालि मध्य तथा सुदूरपश्चिम क्षेत्रमा फैलिएको झाडापखालाले प्रकोपको रूप लिनुमा राज्यले बेलैमा गम्भीरता नदेखाएको कारण प्रमुख हो।" जनतामा व्याप्त अभाव र अचेतनाका कारण नाजुक अवस्थामा पुगेका त्यहाँका सर्वसाधारणको स्वास्थ्यमा महामारीले सङ्क्रमण गर्दा बेलैमा राज्यले जुन गम्भीरता देखाउनु पर्थ्यो, त्यो हुन नसक्दा नै यति धेरै मानवीय क्षति बेहोर्नु परेको गुनासो पनि उनको छ। झाडापखालाको कारकतत्त्व निदानका लागि पनि सरकार अपेक्षित गम्भीर हुन सकेको देखिँदैन। जस्तो कि, डब्लूएफपीको गुणस्तरहीन खाद्यान्नबाट पनि सङ्क्रमणमा बल पुगेको व्यापक जनगुनासो आइरहँदा दोषीलाई कारबाही हुनुपर्ने हो तर यस विषयमा सरकारले हालसम्म पनि कारबाही गरेको पाइएको छैन। "भविष्यमा यस्ता घटनाको पुनरावृत्ति हुन नदिन पनि सरकारको भूमिका प्रभावकारी हुनपर्छ," गैरेको जोड छ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि महामारीका रूपमा फैलिएको झाडापखालाका सम्बन्धमा स्थलगत अध्ययन, अनुसन्धान गरी सरकारको ध्यानाकर्षण गराउने काम गरेको छ। स्थलगत अध्ययनमा संलग्न आयोगका नेपालगन्जस्थित संरक्षण अधिकृत रमेशकुमार थापा भन्छन्, "नेपाल सरकारले व्यापक रूपमा स्वास्थ्य शिक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै जिल्लाका स्वास्थ्य कार्यालय, स्वास्थ्य केन्द्रहरूलाई स्रोतसाधनका हिसाबले सम्पन्न पारी दरबन्दी अनुसारको स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गराउनुपर्ने र त्यस्ता कार्यक्रमहरू तत्काल एवम् दीर्घकालीन रूपमा लागू गर्नुपर्दछ। साथै, झाडापखाला/हैजाबाट मृत्यु भई आफ्न्त गुमाएका असहाय बालबालिकाहरूको पालनपोषण, हेरचाह र शिक्षाका लागि उचित व्यवस्था गरिएमा पीडित तथा प्रभावितहरूले तत्कालीन राहतको महसुस गर्नेछन् र आगामी दिनमा यस प्रकारका समस्याहरूलाई समयमै समाधान गर्नका निमित्त सरकारले एकीकृत र व्यवस्थित रूपमा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू प्याकेजका रूपमा व्यवस्था गर्नुपर्ने कुरामा उनको जोड छ।

अन्य जिल्लाहरूका तुलनामा जहिले पनि दुर्गम पहाडी जिल्लाका जनता नै सामान्य रोगको सिकार किन भइरहेका छन ? क्षेत्रगत हिसाबले पनि मध्य तथा सुदूरपश्चिमकै नागरिक किन अन्य क्षेत्रभन्दा बढी कुपोषणको सिकार बनेका छन् ? राष्ट्रसङ्घीय निकायका तथ्याङ्क अनुसार मध्य तथा सुदूरपश्चिममा पाँच वर्षमुनिका बालबालिकामध्ये ६० प्रतिशत कुपोषणबाट प्रभावित छन्। स्वास्थ्य र शिक्षामा प्रत्येक वर्ष गरिएको मोटो लगानी आवश्यकताका आधारमा भएको छैन, किन ? सरकार, सरोकारवाला तथा नागरिक समाजले यी सबै सवालहरूमा बहस, छलफल र नागरिक स्तरबाटै त्यसको अनुगमन गर्न आवश्यक भइसकेको छ। प्रत्येक वर्ष जाजरकोटलगायतका जिल्लाहरूकै जस्तो नियति सर्वसाधारण नागरिकले भोग्न नपरोस् भन्नका खातिर पनि राज्यले विशेष नीति र प्रभावकारी कार्यान्वयनको बाटो अवलम्बन गर्न आवश्यक देखिन्छ।

राज्यले दुर्गम जिल्लामा चिकित्सक एवम् स्वास्थ्यकर्मीहरू सेवा प्रदान गर्न अनिच्छुक रहने प्रवृत्तिको अन्त्य गर्न बाध्यकारी एवम् विशेष सुविधाको नीति अवलम्बन गरी त्यस्ता क्षेत्रमा अनिवार्य गर्न सक्नुपर्छ। रोग लाग्नुपूर्व नै अपनाउनुपर्ने सचेतनाका बारेमा व्यापक प्रचार-प्रसार हुनसके र स्वास्थ्य-शिक्षा तथा सचेतना कार्यक्रम गाउँ तहसम्म सञ्चालन गर्नसके पक्कै पनि स्वास्थ्य सेवामा केही परिवर्तन हुनसक्छ। विकासका दृष्टिले पछि परेका जिल्लाहरूको छनोट गरी स्वास्थ्य तथा सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन गर्नसके त्यसले पनि मद्दत गर्छ। साथै, शुद्ध खानेपानीको व्यवस्था, स्वास्थ्य व्यवस्थापनका लागि प्रभावकारी अनुगमन प्रणाली अपरिहार्य हुन्छ। होइन भने बर्सेनि मध्य तथा सुदूरपश्चिमका जनताले जाजरकोट जिल्लाको जस्तै नियति भोगिरहनु पर्नेछ र नागरिकलाई पनि राज्य छ भन्ने अनुभूति हुने छैन।

(लेखक इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयका संयोजक हुन्।)

मानवअधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्न गरिएको

मानवअधिकार शिक्षा कार्यक्रम

रेडियो नेपालबाट प्रत्येक शनिबार बिहान ८:२५ बजेदेखि ८:४० बजेसम्म
तथा
देशभर ९१ वटा स्थानीय एफएमहरू

- इलाम एफएम, ९३ मेगाहर्ज, इलाम,
- रेडियो जनकपुर, ९७ मेगाहर्ज, जनकपुर,
- नारायणी एफएम १०३.८ मेगाहर्ज, बिरगञ्ज,
- रेडियो प्रतिध्वनी, ९७ मेगाहर्ज, दामन,
- उज्यालो नेटवर्क, ९० मेगाहर्ज, काठमाडौं,
- रेडियो तरङ्ग एफ.एम, १०७.६ मेगाहर्ज, पोखरा,
- रेडियो मनपोखरा १०६.९ मेगाहर्ज, तानसेन,
- रेडियो लुम्बिनी ९६.८ मेगाहर्ज, बुटवल,
- मध्यपश्चिम एफएम ९१.४ मेगाहर्ज, घोराही,
- रेडियो भेरी आवाज ९५.६ मेगाहर्ज, बाँके,
- रेडियो रोल्पा, ९३.८ मेगाहर्ज, रोल्पा,
- दिशा एफएम ९३.८ मेगाहर्ज, कैलाली

हरेक आइतबार बिहान ७:३० बजेदेखि ८ बजेसम्म एकै समयमा प्रसारण भइरहेको छ । सुन्न नभुल्नु होला ।

मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रमा केही महिनादेखि फैलिएको झाडापखालाको प्रकोप
(इन्सेकको अनुगमन प्रतिवेदन)

मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रमा फैलिएको झाडापखालाका कारण ४ सय ६४ मानिसको मृत्यु हुनपुग्यो । सम्बन्धित निकायले समयमै समस्याको गम्भीरतामा ध्यान नदिँदा यस्तो सामान्य रोगबाट समेत धेरै मानिसहरूले ज्यान गुमाउनु पऱ्यो । इन्सेकले मध्य र सुदूरपश्चिम क्षेत्रमा फैलिएको झाडापखालाका सम्बन्धमा निरन्तर अनुगमन गर्दै सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदै आएको थियो । यसै क्रममा इन्सेकले ०६६ साउन ३१ गते सो प्रकोपका सम्बन्धमा सार्वजनिक गरेको प्रतिवेदनको पूर्ण पाठ :

मध्यपश्चिमाञ्चल क्षेत्रका जाजरकोट, रुकुम, सुर्खेत, कालीकोट, सल्यान, दैलेख, रोल्पा, डोल्पा र दाङ जिल्ला तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका डोटी, बाजुरा, अछाम, डडेलधुरा, कञ्चनपुर र बझाङ जिल्लाहरूमा झाडापखालाले महामारीको रूप लिएको छ। यी क्षेत्रमा २०६६ वैशाख १७ गतेदेखि साउन ३० गतेसम्म १ सय ९० पुरुष र २ सय ४ महिला गरी ३ सय ९४ जनाको मृत्यु भइसकेको विवरण इन्सेकमा अभिलेखित छन्। तीमध्ये १ सय २४ बालबालिका रहेका छन्। यसरी यो अवधिमा ती क्षेत्रमा प्रतिदिन तीन जनाभन्दा बढीको मृत्यु भएको छ। विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुरूप यो सङ्ख्या नियन्त्रणबाहिरको अवस्था हो।

प्रधानमन्त्री माधवकुमार नेपालले साउन ४ गते रोग प्रभावित जाजरकोट जिल्लाको भ्रमणका क्रममा रोग नियन्त्रणका लागि कुनै कसर बाँकी नराख्ने बताउनु भएको थियो। ०६६ साउन १९ गते स्वास्थ्यमन्त्री उमाकान्त चौधरीले झाडापखाला नियन्त्रणमा आइसकेको सार्वजनिक रूपमा दाबी गरे तापनि सो रोगकै कारण मानिसहरूको मृत्यु हुने क्रम रोकिएको छैन। सरकारले स्वास्थ्यकर्मीको टोली परिचालन गर्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायलाई समेत सहयोगका लागि अपिल गरे पनि समन्वयको अभावमा यी प्रयासहरू प्रभावकारी बन्न सकिरहेका छैनन्। संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओचा)द्वारा प्रकाशित प्रतिवेदनमा जनाइए अनुसार २० ओटा नमुना परीक्षण गर्दा आठओटा नमुनामा हैजाका किटाणु घनात्मक (पोजेटीभ) पाइएको छ*।

प्रकोपग्रस्त जिल्लाहरू सशस्त्र द्वन्द्वबाट अत्यधिक प्रभावित जिल्लाहरू हुन्, जहाँका केही स्वास्थ्यकेन्द्र, खानेपानीलगायतका संरचनासमेत तत्कालीन विद्रोही पक्षबाट ध्वस्त पारिएका थिए। तिनको उपयुक्त पुन:निर्माण अझै हुन सकेको छैन। प्रकोपग्रस्त जिल्लाहरूमा स्वास्थ्यसेवाको उपयुक्त अनुगमनसमेत नगरिएको अवस्था रहेको छ।

क्षेत्रीय स्वास्थ्य निर्देशनालय अनुसार मध्यपश्चिमाञ्चल क्षेत्रका दैलेख, जाजरकोट, रुकुम, सल्यान, रोल्पा, सुर्खेत, दाङ र डोल्पामा १ सय १ जना डाक्टरको दरबन्दी रहे तापनि त्यहाँ जम्मा ३३ जना मात्र डाक्टर बहाल रहेको पाइएको छ। त्यस्तै सुदूरपश्चिमाञ्चल क्षेत्रमा ७० जना डाक्टरको दरबन्दी भए तापनि ३९ जना मात्र नियुक्त छन्। चार जनाको दरबन्दी रहेको जाजरकोट जिल्ला अस्पतालमा एक जना मात्र डाक्टर रहेका छन्। त्यसैगरी स्वास्थ्यकेन्द्र तथा उपकेन्द्रमा पनि दरबन्दी अनुरूप स्वास्थ्यकर्मीहरू नियुक्त गरिएका छैनन् ।

झाडापखालाबाट सबैभन्दा बढी प्रभावित जाजरकोट जिल्लाका १० गाविसमा स्वास्थ्यसम्बन्धी सर्वेक्षण गरी इन्टरनेसनल रेस्क्यु कमिटीले २७ जून २००९ मा सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख भए अनुसार १० प्रतिशत उत्तरदाताले स्वास्थ्यकर्मी नभेटिने, ४१ प्रतिशतले औषधि उपलब्ध नहुने र ४९ प्रतिशतले स्वास्थ्य संस्था टाढा भएकाले सरकारी स्वास्थ्य संस्थामा आफूहरू नजाने बताएका थिए। ९० प्रतिशत उत्तरदाताहरूको यस्तो जवाफबाट जाजरकोट जिल्लाका स्वास्थ्य संस्थाहरूले विगतदेखि नै स्थानीय जनतालाई सेवा पुऱ्याउन नसकिरहेको अवस्था रहेको पुष्टि भएको छ।

इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले साउन २० गतेदेखि २५ गतेसम्म जाजरकोट जिल्लाको खलङ्गा, खगेनकोट, रोकायगाउँ, झाप्रा र ढिमे गाविसको स्थलगत अध्ययन गरेको थियो। अध्ययनका क्रममा कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमद्वारा डिप्रोक्स नेपाल, जीटीजेड र हेल्भिटासमार्फत वितरित खाद्यसामग्रीहरू गुणस्तरीय नभएको स्थानीय बासिन्दाले बताए। त्यस्तै म्याद नाघेको पियूष र वाटरगार्ड पनि जिल्लामा वितरण भएको पाइएको थियो, जसको वितरण कोबाट भएको हो, थाहा हुन सकेको छैन। इन्सेकले स्थानीय बासिन्दाको रोहबरमा त्यस्ता सामग्रीको मुचुल्का उठाइ सङ्कलन गरेको छ। यस्ता सामग्री कसरी उपयोगका लागि स्थानीय तहमा पुगे, त्यसको सरकारले यथाशीघ्र छानबिन गर्नु पर्छ।

केही सञ्चारमाध्यममा विश्व खाद्य कार्यक्रम अन्तर्गत वितरित खाद्यान्नका कारणले हैजा फैलिएको भनेर इन्सेकले आरोप लगाएको भन्दै विश्व खाद्य कार्यक्रम र विश्व स्वास्थ्य सङ्गठनले खण्डन गरेको समाचार प्रकाशन भएको छ। झाडापखालाग्रस्त जिल्लामा विश्व खाद्य कार्यक्रम अन्तर्गत वितरित खाद्य सामग्री गुणस्तरयुक्त नभएको भेटिएपछि इन्सेकले चासो व्यक्त गर्दै के कस्ता कारणले त्यस्तो सामग्री वितरण भयो, त्यसको छानबिन हुनुपर्ने र दोषीहरूउपर सरकारले कारबाही गर्नुपर्ने धारणा व्यक्त गरेको हो। इन्सेकले हैजा शब्द



* इन्सेक जिल्ला प्रतिनिधिहरूद्वारा रोग प्रभावित जिल्लाहरूमा २०६६ वैशाख १७ गतेदेखि साउन ३० गतेसम्म गरिएको अनुगमनमा आधारित प्रतिवेदन http://un.org.np/resources/diarrhoea-outbreak/

प्रयोग नगरेको कुरा इन्सेकका आधिकारिक प्रकाशनको अध्ययनबाट स्पष्ट हुनसक्छ। दुई वर्षअघि यसै कार्यक्रम अन्तर्गत दैलेखमा वितरित गुणस्तरहीन खाद्यान्न उपयुक्त तवरले नष्ट नगरिएका कारण ती खाद्य पदार्थ गाईवस्तुले खाँदा बिरामी भई मरेको समाचार विभिन्न समाचार माध्यममा प्रकाशन भएको थियो ।

समस्या तथा कमजोरीहरू

दुर्गम जिल्लाका अस्पतालमा आवश्यकता अनुरूप डाक्टर नियुक्त नगरिनु। दरबन्दी अनुसारका डाक्टरलगायत अन्य स्वास्थ्यकर्मी उपस्थिति नहुनु। स्वास्थ्य सेवाप्रदायक संस्थाहरूको सरकारले प्रभावकारी अनुगमन नगर्ने परम्परा कायम रहनु ।

महामारीको लक्षण देखापर्नासाथ प्रकोप नियन्त्रण गर्ने विषयमा राज्य संवेदनशील हुन नसक्नु।

महामारी फैलिएपछि उद्दारमा संलग्न भएका निकायहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु। समन्वयका अभावका कारण स्वास्थ्यकर्मीहरू समेत फर्कन थाल्नु ।

प्रभावित क्षेत्रमा पर्याप्त स्वास्थ्यकर्मी र औषधि पुऱ्याउन नसक्नु। रोगका बारेमा सचेतना कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न नसक्नु।

जनचेतनाको कमीका कारण बिरामी र उनका परिवार धामीझाँक्रीजस्ता अवैज्ञानिक चिकित्सा पद्धतिमा भर पर्नु ।

कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत वितरित खाद्यान्नको गुणस्तर सम्बन्धमा स्थानीय प्रशासनले कुनै चासो नदेखाउनु ।

झाडापखालाको समस्या देखिनेबित्तिकै प्रभावकारी रूपमा काम नगर्नु ।

मध्य तथा सुदूरपश्चिमका पहाडी जिल्लाहरू उपेक्षित अवस्थामा रहेका छन् ।

राज्यको अनुगमन संयन्त्र प्रभावकारी नहुनु।

राष्ट्रसङ्घीय निकायका तथ्याङ्क अनुसार मध्य तथा सुदूरपश्चिममा पाँच वर्षमुनिका बालबालिकामध्ये ६० प्रतिशत सङ्ख्या कुपोषणबाट प्रभावित छन्। त्यसतर्फ सरकारको ध्यान नजानु।

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली प्रत्येक जिल्लामा सरकारले व्यवस्था गरेको हुन्छ। तर, जाजरकोटमा विगत छ महिनादेखि विभिन्न स्वास्थ्य केन्द्र, इलाका स्वास्थ्य केन्द्रबाट स्वास्थ्यका बारेमा जानकारी आउन छाडेको छ। स्वास्थ्य केन्द्र तथा इलाका स्वास्थ्य केन्द्रहरूबाट सूचना सिट भरेर जिल्ला जनस्वास्थ्य कार्यालयलाई बुझाउनु पर्ने दायित्वबाट पन्छिएका छन्। यसले गर्दा जिल्लाका विभिन्न गाविसहरूमा सम्भावित रोगहरूका बारेमा बेखबर हुनाले पनि समयमा नै व्यवस्थित उपचार नागरिकले नपाएको अवस्था रहेको छ।

झाडापखाला भएका जिल्लाहरूमा क-कसले के-कति परिमाणमा कुन-कुन औषधि तथा अन्य सहयोग गरे भन्ने कुराको व्यवस्थित लेखाजोखा नहुनु ।

झाडापखालाबाट मृत्यु भएकाको सङ्ख्या

जिल्ला	पुरुष	महिला	जम्मा		जिल्ला	वयस्क	बालबालिका	उमेर नखुलेको	जम्मा
अछाम	६	१२	१९		अछाम	१२	६		१९
बतडी	२	८	१०		बतडी	६	४		१०
बझाङ	३	४	७		बझाङ	५	२		७
बाजुरा	७	६	१३		बाजुरा	९	४		१३
डडेल्धुरा		३	३		डडेल्धुरा	३			३
दलेख	१०	१२	२२		दलेख	१६	४	२	२२
दाङ	२		२		दाङ		२		२
डोल्पा	५	३	८		डोल्पा		८		८
डोटी	३	६	९		डोटी	४	५		९
जाजरकोट	१०५	११४	२१९		जाजरकोट	१४७	५९	१३	२१९
कलाली	२	१	३		कलाली		३		३
कालीकोट	१		१		कालीकोट	१			१
कञ्चनपुर		१	१		कञ्चनपुर	१			१
रोल्पा	१	६	७		रोल्पा	५	२		७
रुकुम	३०	२२	५२		रुकुम	३४	१८		५२
ल्यान	४	१	५		सल्यान	२	३		५
खेत	८	५	१३		सुखेत	१०	३		१३
जम्मा	**१९०**	**२०४**	**३९४**		**जम्मा**	**२५५**	**१२४**	**१५**	**३९४**

जिल्ला	ब्राहमण	क्षेत्री	दलित	जनजाति	न्यी	जम्मा
अछाम		७	१२			१९
बैतडी	१	५	४			१०
बझाङ		३	४			७
बाजुरा		५	५	३		१३
डडेल्धुरा		१	२			३
दैलेख	५	६	११			२२
दाङ				१	१	२
डोल्पा		४	१	३		८
डोटी		२	७			९
जाजरकोट	१	१०५	९७	१६		२१९
कैलाली		२	१			३
कालीकोट			१			१
कञ्चनपुर		१				१
रोल्पा		३	२	२		७
रुकुम		१५	२७	८	२	५२
सल्यान		२	२	१		५
सुर्खेत		७	५		१	१३
जम्मा	**७**	**१६८**	**१८१**	**३४**	**४**	**३९४**

९ सुझाव

अल्पकालीन उपाय

जिल्लाका सबै स्वास्थ्य निकायहरूमा दरबन्दी अनुरूप कर्मचारीहरू नियुक्त गर्नुपर्ने। स्वास्थ्य केन्द्रहरूको नियमित अनुगमन गरिनु पर्ने ।

राजनीतिक दलका भ्रातृसङ्गठनको सञ्जाल गाउँ-गाउँसम्म भएकाले स्वयम्सेवीको रूपमा तिनको परिचालनमा सबै दलले ध्यान दिनुपर्ने ।

रोगको प्रभाव नदेखिएका तर सम्भावित खतरा भएका ठाउँहरूमा पनि उच्च सतर्कता अपनाउनु पर्ने ।

मृतकका आफन्त र परिवारलाई तत्काल उचित राहत उपलब्ध गराउनु पर्ने र मृतकको सही तथ्याङ्क सङ्कलन हुनुपर्ने ।

स्थानीय गैरसरकारी संस्थाहरूको परिचालन गरिनुपर्ने ।

आफ्नो जिम्मेवारी पालना नगर्ने स्वाथ्यकर्मीहरूलाई कारबाही गरिनु पर्ने।

महामारी नियन्त्रणमा परिचालित सरकारी निकाय, गैरसरकारी सङ्घ-संस्था, अन्तर्राष्ट्रिय संस्थाहरू र अन्य स्वयम्सेवीबीचमा प्रभावकारी समन्वय कायम गर्नुपर्ने ।

कामका लागि खाद्यान्न अन्तर्गत वितरित उपयोग अयोग्य खाद्य सामग्री वितरण हुनाको कारण पत्ता लगाई दोषीउपर कारबाही गर्नुपर्ने ।

दीर्घकालीन उपाय

दुर्गम जिल्लामा चिकित्सक एवम् स्वास्थ्यकर्मीहरू सेवा प्रदान गर्न अनिच्छुक रहने प्रवृत्तिको अन्त्य गर्न बाध्यकारी एवम् विशेष सुविधाको नीति अवलम्बन गरी त्यस्ता क्षेत्रमा अनिवार्य गर्नुपर्ने।

रोग लाग्नुपूर्व नै अपनाउनु पर्ने सचेतनाका बारेमा व्यापक प्रचार-प्रसार हुनुपर्ने र स्वास्थ्य शिक्षा तथा सचेतना कार्यक्रम गाउँ तहसम्म सञ्चालन गर्नुपर्ने ।

विकासका दृष्टिले पछि परेका जिल्लाहरूको छनोट गरी स्वास्थ्य तथा सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन गरिनुपर्ने ।

शुद्ध खानेपानीको व्यवस्था गरिनु पर्ने। स्वास्थ्य व्यवस्थापनका लागि प्रभावकारी अनुगमन प्रणाली लागू गरिनुपर्ने।

विस्तृत शान्ति संझौता

५.१.८ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरु लगत खडा गरी तत्काल फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन् ।

५.२ स्थिति सामान्यीकरणका उपायहरु:

५.२.१ इच्छा विपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी संकलन र कर असूली गर्न पाइने छैन ।

५.२.२ आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुबै पक्ष मञ्जुर गर्दछन् ।

५.२.३ दुबै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको वास्तविक नाम,थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४ दुबै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुको लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५ दुबै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गंभीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६ दुबै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताकासाथ देशमा विद्यमान सबै स्वरुपका युद्ध, आक्रमण, प्रत्याक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुबै पक्षले एक अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७ दुबै पक्ष विभिन्न व्यक्तिहरुलाई राजनीतिक कारणले लगाइएका आरोप, दावी, उजुरी र विचाराधीन रहेका मुद्दामामिला फिर्ता लिन र थुनामा राखिएका बन्दीहरुको स्थिति तत्कालै सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८ दुबै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरु पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरुलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

५.२.९ उपरोक्त सन्दर्भमा उत्पन्न समस्याहरु आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकुल वातावरण श्रृजना गर्ने कार्यमा सबै राजनितिक दलहरु, नागरिक समाज र स्थानीय संघ संस्थाहरु समेतको सहयोगमा व्यक्तिगत तथा सामुहिक रुपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न गराउन दुबै पक्ष सहमत छन् ।

७.१ .१ मानव अधिकार

७.१.१ दुबै पक्षले मानव अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानूनप्रतिको प्रतिबद्धताको पुन:पुष्टि गर्दछन् र कुनै पनि व्यक्ति उपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनु हुँ दैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२ दुबै पक्ष नेपाली जनताको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृ तिक अधिकारको उपभोग गर्ने बातावरण सिर्जना गर्न सहमत छन् र भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिबद्ध छन् ।

७.१.३ दुबै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरु माथि कानुन अनुसार निष्पक्ष छानवीन तथा कारवाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहिनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

७.१.४ दुबै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यक कारवाही समेत गर्नेछन् ।

८. मतभेद निरुपण तथा कार्यान्वयन संयन्त्र यन्त्र

८.१ दुबै पक्ष विगतमा भए गरेका त्रुटिहरुलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रुपमा सच्याउँदै लैजाने गरी बैयक्तिक एवम् सामुहिक रुपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकता अनुसार संयन्त्रहरुको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्री परिषद्ले तय गरे बमोजिम हुनेछ ।

८.३ दुबै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्याहरु आपसी सम्वाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा (माओवादी) बीच भएका सबै निर्णय, सहमति र समझदारीहरु कार्यान्वयन गर्न अन्तरिम मन्त्रीपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचना सम्बन्धी उच्चस्तरीय सुझाव आयोग लगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरुको गठन गर्ने र तिनीहरुको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुबै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

नागरिकता र प्रस्तावित नागरिकता मस्यौदा विधेयक

चन्द्रकान्त ज्ञवाली

राष्ट्र र जनता दुवैको पहिचान कायम राख्न, कानुनको पालना गर्न/गराउन, जनतालाई राष्ट्रप्रतिको कर्तव्य बहन गराउन, राष्ट्रमा अनिवार्य सेवाको सुनिश्चितता गर्न, राज्यको शासन व्यवस्था सञ्चालन गर्न, राष्ट्रिय सुरक्षा कायम राख्न प्रत्येक राष्ट्रको एक पूर्वसर्तको रूपमा नागरिकता रहेको हुन्छ। नागरिकता राज्यको निरपेक्ष आन्तरिक मामिलाका रूपमा रहेको र विभिन्न देशहरूले आ-आफ्नै रूपमा यसको अभ्यास गरिरहेको भए तापनि मूलतः वंशज, जन्म र अङ्गीकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ।

नागरिक र नागरिकताको अर्थ

नागरिकले सरकारलाई कर तिर्नु पर्ने, सरकारले नागरिकलाई संरक्षण र हित हुने कार्य गर्नुपर्ने मनुस्मृतिमा भनिएको छ। अरस्तुले आइमाई, केटाकेटी, दास तथा विदेशीलाई नागरिक मान्दैनथे। वास्तवमा निश्चित भू-भाग, सो भू-भागभित्र बसोबास गर्ने नागरिक वा जनता, सार्वभौमसत्ता र बलियो सरकार राज्यका आवश्यक तत्त्व हुन्। राज्य र यसभित्र बसोबास गर्ने नागरिकहरूबीचको सम्बन्ध निर्धारण गर्ने माध्यमलाई नागरिकता भनिन्छ। नागरिक भएको वा नभएको आधारमा सङ्गठित राजनीतिक समुदायमा राजनीतिक अधिकार प्राप्त हुने वा नहुने अवस्था विद्यमान रहन्छ।

नागरिकता एक राजनीतिक अवधारणा हो। राष्ट्र र त्यस देशका बासिन्दाबीचको राजनीतिक सम्बन्धलाई नागरिकताले परिभाषित गर्दछ। सामान्य अर्थमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्रप्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ। स्थायी जनसङ्ख्या, सार्वभौमसत्ता, भूगोल र सरकार राज्यको पूर्वसर्त हो। राज्यको राजनीतिक जनसङ्ख्या नागरिक हो, राज्य र नागरिकबीचको सम्बन्ध सेतु नागरिकता हो। तसर्थ, नागरिकताले राष्ट्र र सो राष्ट्रमा बस्ने व्यक्तिहरूबीचको राजनीतिक सम्बन्धलाई बुझाउँछ ।

नागरिकताको अवधारणा अन्तर्गत राजनीतिक समुदायभित्र नागरिकले गर्न सक्ने योगदान, प्राप्त गर्ने अधिकार र स्वतन्त्रता एवम् लाभसमेतका आधारमा राष्ट्रिय कानुनद्वारा नागरिकको हैसियत प्रदान गर्दै उक्त राजनीतिक समुदायको सदस्यका रूपमा अधिकार, कर्तव्य र दायित्व निर्धारण हुने[1] (-the concept of citizenship may refer to a status conferred by law, it may also be deployed to argue that persons have entitlements as consequence of their position within a community or polity) उल्लेख गरेको देखिन्छ ।

व्यक्ति र राज्यबीचको सम्बन्ध निर्धारण गर्ने माध्यमका रूपमा नागरिकतालाई लिँदै नागरिक राष्ट्रप्रति बफादार हुनुपर्ने र त्यसबापत राष्ट्रबाट सुरक्षा पाउने मतदानको अधिकार, सार्वजनिक पद धारण गर्ने अधिकारका साथै नागरिकका राष्ट्रप्रति निष्ठा एवम् वफादारी राख्ने, कर तिर्नुपर्ने र सैनिक सेवा गर्नुपर्नेसमेतका कर्तव्य हुने[2] (In general, full political rights, including the right to vote and to hold public office are predicated on citizenship. Citizenship entails obligations usually including allegiance, payment of taxes and military service) उल्लेख गरेको पाइन्छ।

राष्ट्र र जनता दुवैको पहिचान कायम राख्न, कानुनको पालना गर्न/गराउन, जनतालाई राष्ट्रप्रतिको कर्तव्य बहन गराउन, राष्ट्रमा अनिवार्य सेवाको सुनिश्चितता गर्न, राज्यको शासन व्यवस्था सञ्चालन गर्न, राष्ट्रिय सुरक्षा कायम राख्न प्रत्येक राष्ट्रको एक पूर्वसर्तको रूपमा नागरिकता रहेको हुन्छ। नागरिकता राज्यको निरपेक्ष आन्तरिक मामिलाका रूपमा रहेको र विभिन्न देशहरूले आ-आफ्नै रूपमा यसको अभ्यास गरिरहेको भए तापनि मूलतः वंशज, जन्म र अङ्गीकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ। कतिपय देशहरूले एकल नागरिकता, कतिपयले बहु-नागरिकता र कतिपयले केही सीमाको अधीनमा रही बहु-नागरिकता प्रणाली अवलम्बन गरेको पाइन्छ।

राष्ट्रियतालाई व्यक्तिको मानवअधिकारका रूपमा आत्मसात् गरेको पाइन्छ ।[3] मानवअधिकारको अभियानको विकाससँगै मानिसहरूबीच लिङ्ग, वर्ग, उत्पत्तिजस्ता कुनै पनि आधारमा विभेद गर्न नहुने अवधारणा र अभ्यास विकसित हुँदै आयो। नागरिकता राज्यको विशेषाधिकारको विषयबाट क्रमशः व्यक्तिको राष्ट्रविहीनताको समस्या समाधान गर्ने राष्ट्रको सकारात्मक कर्तव्य हुँदै मानव अधिकारको रूपमा समेत विकसित हुँदै गएको पाइन्छ।

पक्ष राष्ट्रले महिलालाई पुरुषसरह आफ्नो राष्ट्रियता प्राप्त गर्ने, कायम राख्ने वा परिवर्तन गर्ने समान अधिकार प्रदान गर्ने, विदेशीसँग विवाह गरेको कारणबाट वा

---

1 Andrew Reeve, Political Dictionary

2 Britannica Concise Encyclopedia

3 अमेरिकी अभिसन्धि १९६९ को धारा २० र राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धि, १९९७ को धारा ४, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा ९,

विवाहको अवधिमा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वत: परिवर्तन नहुने र निजलाई राष्ट्रियताविहीन नबनाइने वा पतिकै राष्ट्रियता लिन बाध्य नपारिने सुनिश्चितता गर्दै महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरुषसरहको समान अधिकार प्रदान गर्ने व्यवस्था गरेको छ ।

बालक जन्मनासाथ बालबालिकालाई दर्ता गरिने, नाम राख्न पाउने, राष्ट्रियताको अधिकार हुने व्यवस्था गरेको छ। पक्ष राष्ट्रहरूले बालबालिकाहरूलाई राष्ट्रविहीन हुन नदिन अन्तर्राष्ट्रिय दायित्वबमोजिम बालबालिकाका यी अधिकार आ-आफ्नो राष्ट्रिय कानुनमार्फत कार्यान्वयन गर्ने सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।[4]

अन्तर्राष्ट्रिय कानुनको सन्दर्भमा नागरिकता र राष्ट्रियता समानार्थी शब्दका रूपमा प्रयोग भएको पाइन्छ। कानुनको प्रयोग गर्न, कूटनीतिक संरक्षण प्रदान गर्न, सम्पत्तिको संरक्षण गर्न, मानवअधिकार संरक्षणलगायतका कतिपय विषयमा राष्ट्रियता महत्त्वपूर्ण मानिन्छ। तर, राष्ट्रिय कानुनमा राष्ट्रियता र नागरिकताबीच विभिन्न समानता र भिन्नताहरू रहन्छन्। जसरी राज्य अन्तर्राष्ट्रिय कानुनको विषय हो, त्यसरी नै नागरिकता राष्ट्रिय कानुनको विषय हो। नागरिकता राज्य र यसका नागरिकका बीचको राजनीतिक सम्बन्ध हो ।

विश्वमा नागरिकता प्राप्तिका आधारहरू

विश्वमा दुई किसिमका मानिसहरू हुन्छन् : नागरिक र गैरनागरिक। नागरिकले देशका सम्पूर्ण मौलिक हक र राजनीतिक अधिकारहरूको उपभोग गर्न पाउँछन्। विदेशीले राजनीतिक अधिकार प्रयोग गर्न पाउँदैनन्। नागरिकताको प्राप्ति मुख्यत: १. जन्म, २. वंशज, ३. रजिस्ट्रेसन, ४. अङ्गीकरण, ५. क्षेत्रविलय, ६. पुन:स्थापना आदि ।

वंशको आधार (Jus Sanguinis)

वंशका आधारमा नागरिकताको प्राप्ति विश्वको एक प्राचीन अवधारणा हो। नागरिकता प्राप्तिसम्बन्धी वंशको अवधारणालाई *Jus Sanguinis* (right of blood) अर्थात् रगतको अधिकार वा वंशजको अधिकार पनि भन्ने गरिन्छ। नागरिकताको *Jus Sanguinis* अर्थात् रगतको अधिकारको सिद्धान्तलाई सन् २००० अघि जर्मनीले अवलम्बन गरेको पाइन्छ। अभिभावकको नागरिकताका आधारमा तिनका सन्तानलाई नागरिकता प्रदान गर्ने मान्यतालाई यस अवधारणाले समेट्छ। बुल्गेरिया, चीन, क्रोएसिया, इटोनिया, फिनल्यान्ड, जर्मनी, ग्रीस, हङ्गेरी, आइसल्यान्ड, भारत, आयरल्यान्ड, इजरायल, इटाली, जापान, लेबनान, पोल्यान्ड, रुमानिया, रुस, रुवान्डा, सर्बिया, स्लोभाकिया, दक्षिण कोरिया, स्पेन, टर्की र युक्रेनलगायतका देशहरूमा मुख्य रूपमा रगतको अधिकारको *(Jus Sanguinis)* सिद्धान्त अपनाएको पाइन्छ ।

जन्मसिद्ध (Jus soli)

नागरिकतासम्बन्धी *Jus soli* को मान्यता व्यक्ति जुन देशमा जन्मेको छ, उसलाई सोही देशको नागरिक मानिनु पर्छ भन्ने हो। यस सिद्धान्तलाई (right of soil) अर्थात् जन्मभूमिको अधिकार वा जन्मको अधिकार पनि भनिन्छ। नागरिकतासम्बन्धी यो अवधारणा फ्रान्सेली अवधारणाका रूपमा रहेको छ।

अर्जेन्टिना, अजरबैजान, बारबाडोस, बेलिज, बोलिभिया, ब्राजिल, क्यानाडा, चिली, कोलम्बिया, डोमिनिका, इक्वेडर, एल साल्भाडोर, फिजी, ग्रेनेडा, ग्वाटेमाला, गायना, हन्डुरस, जमैका, लेसोथो, मेक्सिको, निकारागुवा, पाकिस्तान, पनामा, पाराग्वे, पेरु, माल्दोभा, रुमेनिया, सेन्ट क्रिस्टोफर, सेन्ट लुसिया, ग्रेनेडा, ट्रिडिनाग र टेभेगो, उत्तरी साइप्रस, संयुक्त राज्य अमेरिका, उरुग्वे र भेनेजुएलालगायतका मुलुकहरूले नागरिकतासम्बन्धी जन्मभूमिको आधार *(Jus Soli)*लाई अपनाएको पाइन्छ। वर्तमान विश्वमा नागरिकता प्राप्तिका यी दुवै आधारहरूको मिश्रित स्वरूपलाई अवलम्बन गर्ने अभ्यास बढ्दो रूपमा रहेको छ ।

अङ्गीकरणको आधार (Naturalization)

अङ्गीकरणबाट राष्ट्रियता प्राप्त गर्ने छ तरिका छन् : १. विवाह, २. वैधकरण, ३. चयन, ४. स्थायी बसोबास, ५. सरकारी सेवामा नियुक्त, ६. निवेदन आदि ।

विभिन्न मुलुकहरूले निश्चित योग्यता पुगेका विदेशीहरूलाई पनि कानुनको प्रक्रिया पुऱ्याई नागरिकता प्रदान गर्ने अभ्यास रहेको छ। त्यसलाई *Naturaliazation* अर्थात् अङ्गीकरण पनि भन्ने गरिन्छ। अङ्गीकरण गरेर नागरिकता प्रदान गर्ने अभ्यास र प्रचलन प्राय: सबै मुलुकहरूमा रहेको भए तापनि यसका आधारहरू सबै मुलुकमा एकै प्रकारको भएको पाइँदैन।

तथापि, निश्चित अवधिको स्थायी बसोबास (Domicile), विवाह, निकटतम व्यक्तिहरू रहेका जस्ता आधारमा विदेशीहरूलाई पनि अङ्गीकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ। नागरिकता राज्यको निरपेक्ष आन्तरिक विषय भएकाले यसलाई व्यक्तिको अधिकार वा सुविधाभन्दा पनि राज्यको अधिकारका रूपमा लिने गरिन्छ। त्यसमा पनि विदेशीलाई अङ्गीकरण गर्ने विषय नितान्त उक्त देशको निरपेक्ष हित र इच्छाको विषय हो। विदेशी व्यक्तिको अधिकारका रूपमा यो विषय रहेको हुँदैन।

छनोटको आधार

विभिन्न मुलुकहरूले अपनाएको नागरिकतासम्बन्धी नीतिका कारण कतिपय अवस्थामा कुनै व्यक्तिलाई दुई देशको नागरिक बन्न सक्ने अवस्थाहरू पनि सिर्जना हुन सक्छन्। यस्तो अवस्थामा त्यस्ता व्यक्तिहरूलाई नागरिकता छनोट गर्नुपर्ने अवस्था आउँछ। यसरी एकभन्दा बढी मुलुकको नागरिकता प्राप्त गर्न सक्ने अवस्थाका व्यक्तिले छनोट गरी कुनै एक देशको नागरिकता प्राप्त गर्ने आधारलाई छनोटको आधार भनिन्छ ।

भौगोलिक क्षेत्रको प्राप्तिको आधार

कुनै मुलुकमा गाभिने गरी कुनै भूभाग प्राप्त भएमा सो भूभागमा बस्ने बासिन्दालाई उक्त भूभाग विलय भएको राष्ट्रको नागरिकता प्राप्त हुन सक्छ। यसप्रकारको नागरिकताको प्राप्तिलाई भौगोलिक क्षेत्रको विलयको कारण प्राप्त नागरिकताको रूपमा लिइन्छ ।

यी आधारहरूका अतिरिक्त कतिपय अवस्थामा विभिन्न कारणले लोप भएको नागरिकता पुन:प्राप्ति पनि हुनसक्छ। त्यसैले पुन:प्राप्ति पनि नागरिकता प्राप्तिको आधार हुनसक्छ भने कतिपय मुलुकहरूमा त्यस देशको सार्वजनिक पदमा नियुक्त भएमा पनि त्यस देशको नागरिकता प्राप्त हुन सक्ने व्यवस्था भएको पाइन्छ ।

4 बालअधिकार महासन्धि, १९८९ को धारा ७

दोहोरो नागरिकता

नेपाल, भारतजस्ता मुलुकहरूले आफ्नो देशको नागरिकले अर्को देशको नागरिकता प्राप्त गरेमा त्यस्तो व्यक्तिको नागरिकता समाप्त हुने व्यवस्था गरेका छन्। विश्वका कतिपय देशहरूले विदेशी नागरिकता लिएको कारणले मात्र सो देशको नागरिकता प्राप्त गर्न वा कायम रहन रोक लगाएको देखिँदैन। बङ्गलादेश, आयरल्यान्ड, दक्षिण अफ्रिका, ब्राजिल, इजरायल, स्पेन, क्यानाडा, इटाली, स्वीस महासङ्घ, कोलम्बिया, जोर्डन, सिरिया, इजिप्ट, लेबनान, टोगा, माल्टा, टर्की, फ्रान्स, नेदरल्यान्ड, संयुक्त अधिराज्य, हङ्गेरी, न्युजिल्यान्ड, संयुक्त राज्य अमेरिका, मेसेडोनिया, पोर्चुगल र पश्चिम समोवालगायतका देशले बहु-नागरिकतालाई अनुमति दिएको देखिन्छ। अर्कोतर्फ अस्ट्रिया, इन्डोनेसिया, पाकिस्तान, बेल्जियम, इरान, पपुवा न्युगिनी, ब्रुनाई, जापान, पेरु, म्यानमार, केन्या, फिलिपिन्स, चिली, किरिवाती, पोल्यान्ड, चीन, कोरिया, रुमानिया, डेनमार्क, लात्भिया, सिङ्गापुर, इक्वेडर, लिथुवानिया, सोलोमन आइल्यान्ड, फिजी, मलेसिया, स्वीडेन, फिनल्यान्ड, मौरिसस, थाइल्यान्ड, जर्मनी, मेक्सिको, भियतनाम, आइसल्यान्ड, नेपाल, भेनेजुएला, भारत, नर्वे र जिम्बावे आदि देशहरूले बहु-नागरिकतालाई अनुमति प्रदान गरेको पाइँदैन ।

पछिल्लो समयमा विभिन्न मुलुकहरूले प्रवासमा रहेका आफ्नो मूलका विदेशीहरूलाई सीमित अधिकारसहितको बहु-नागरिकता प्रदान गर्न थालेको पाइन्छ। भारतमा भारतीय मूलका विदेशीलाई नागरिकता भएको देशको कानुनले अनुमति दिएमा विदेशीका लागि भारतीय नागरिकता (Overseas Citizenship of India) प्रदान गर्ने गरेको पाइन्छ। यस्ता नागरिकलाई भारतीय नागरिकको तुलनामा राजनीतिक र कतिपय आर्थिक अधिकारमा बन्देज लगाएको छ। भारतमा यस प्रकारको नागरिकतालाई प्रवासी भारतीयलाई भारतका तर्फबाट दिइएको सहुलियतका रूपमा लिने गरिन्छ ।

बहु-नागरिकता प्रणाली अवलम्बन गर्दा कानुनको कार्यान्वयनमा जटिलता थपिने, आफ्ना नागरिकको संरक्षणमा कठिनाइ हुनसक्ने, प्रत्यक्ष/परोक्ष रूपमा देशमा वैदेशिक हस्तक्षेप बढ्न सक्नेजस्ता राष्ट्रतर्फका र आवश्यक भएका बखत उचित संरक्षण प्राप्त हुन नसक्नेजस्ता नागरिकतर्फका जटिलताहरूसमेत रहन्छन् ।

प्रवासी

युद्ध, औपनिवेशीकरण, विज्ञान र प्रविधिको विकास, आर्थिक उदारीकरण, विश्वव्यापीकरण, अवसरको खोजी, बहुराष्ट्रिय कम्पनीहरूको विस्तारजस्ता विभिन्न कारणले विश्वको एक कुनाको व्यक्ति अर्को कुनामा बस्ने प्रवृत्ति बढ्दो रूपमा रहेको छ। अवसरको खोजीका लागि विदेशिएका यस्ता नागरिक प्रकारान्तरले आप्रवास भएको मुलुकको नागरिक बन्दै गएको भए तापनि आफ्नो जन्मभूमि, आफन्त, आफ्नो संस्कृति, मूल्य, मान्यता, परम्परा, धर्म, संस्कृतिसमेतका कारणले आफ्नो पुर्ख्यौली थलोसँगको सम्बन्धलाई कायमै राख्न चाहन्छन्।

एकातर्फ प्रवासमा रहेका व्यक्तिहरूलाई आफ्नो पुर्ख्यौली देशप्रतिको माया, ममता, सुरक्षित लगानी गर्ने इच्छा र अर्कोतर्फ विकसित मुलुकमा बसोबास गरेका व्यक्तिहरूको नयाँ ज्ञान, सीप, दक्षता, प्रविधि र सम्पत्तिको उपयोग हुनसकेमा राष्ट्रिय विकासमा महत्त्वपूर्ण सहयोग पुग्न सक्ने आधारमा आफ्नै मूलका विदेशी नागरिकलाई राष्ट्रहरूले विशेष महत्त्व दिँदै आएको पाइन्छ। राष्ट्रिय विकासमा विदेशमा रहेबसेका आफ्ना मूलका व्यक्तिहरूको ज्ञान, सीप, क्षमता र प्रविधिको उपयोग गर्ने नीति विश्वका विभिन्न देशहरूले अपनाउने गरेको पाइन्छ। यसरी राष्ट्रिय विकासमा प्रवासीको ज्ञान, सीप, प्रविधि र लगानी आकर्षित गर्न विकसित राष्ट्र मात्र होइन, विकासशील राष्ट्रहरू पनि प्रयत्नशील रहेका देखिन्छन् ।

भारतले भारतमा जन्मेका र बङ्गलादेश र पाकिस्तानबाहेकका अन्य मुलुकको नागरिकता प्राप्त गरेका व्यक्तिहरूलाई त्यस्ता मुलुकको कानुनले अनुमति दिएमा विशेष प्रकारको नागरिकता Overseas Citizenship of India दिने गरी भारतीय नागरिकता ऐन, १९५५ को दफा ७ (१)मा व्यवस्था गरेको देखिन्छ। त्यस्ता नागरिकलाई भारतीय राहदानी प्राप्त हुँदैन। भारतमा राजनीतिक अधिकार (लोकसभा, राज्यसभा, राष्ट्रपति, न्यायाधीशलगायतका संवैधानिक पदमा र भारतीय सरकारी सेवामा नियुक्ति हुने आदि अधिकार) प्राप्त हुँदैन। तर, कृषि तथा वन जङ्गल प्रयोजनार्थबाहेक अन्य आर्थिक प्रयोजनका लागि सम्पत्ति खरिद गर्न पाउनेजस्ता अधिकार प्रदान गरेको देखिन्छ। यस्तै गरी भारतीय मूलका विदेशीलाई पनि भारतीय मूलका विदेशी (Persons of Indian Origin)को परिचयपत्र प्रदान गर्ने व्यवस्थासमेत भएको देखिन्छ ।

नेपाली मूलका व्यक्तिहरू पनि इतिहासको लामो कालखण्डदेखि विभिन्न कारणले प्रवासमा रहे/बसेका छन्। त्यसमध्ये वैवाहिक सम्बन्धबाट भारत, भुटान, बर्मा, सिक्किम, चीनलगायतमा गएको देखिन्छ भने सैनिकका रूपमा बेलायत र राष्ट्रमण्डलका राष्ट्रहरूमा प्रवासमा गएको देखिन्छ। अवसरको खोजीमा प्रतिभा पलायनस्वरूप विश्वका विभिन्न मुलुकहरूमा र रोजगारका क्रममा खाडी मुलुकमा जाने र उतै बसोबास गर्ने नेपालीहरूको सङ्ख्या समेत पछिल्ला दिनहरूमा उल्लेखनीय रूपले वृद्धि हुँदै गइरहेको छ।

प्रतिभा पलायन र शैक्षिक अवसरको खोजीमा विदेशमा गएर उतै बसोबास गर्ने नेपाली मूलका व्यक्ति ज्ञान, सीप, प्रविधि र आर्थिक उन्नतिका दृष्टिले सम्पन्न भएको पाइन्छ। पछिल्लो समयमा नेपाली मूलका विदेशीहरू तथा विदेशमा बस्ने नेपालीहरू अर्थात् गैरआवासीय नेपालीहरूले संस्थागत रूपमा नेपालको विकास प्रक्रियाको सहयात्री हुन नेपालमा आफ्नो पहिचान र सुविधाको माग पनि गरेको पाइन्छ। यसै सन्दर्भमा नेपालमा गैरआवासीय नेपालीहरूलाई सम्बोधन गर्न गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ समेत जारी गरिएको छ ।

गैरआवासीय नेपालीहरूमा नेपालप्रतिको सामीप्य अभिवृद्धि गरी त्यस्ता व्यक्तिलाई नेपालको सर्वाङ्गीण विकासमा सहभागी गराउन उत्प्रेरित गर्ने उद्देश्यले जारी गरिएको उक्त ऐनले 'गैरआवासीय नेपाली' भन्नाले नेपाली मूलको विदेशी नागरिक सम्झनु पर्छ र विदेशमा बस्ने नेपाली नागरिकसमेतलाई जनाउने गरी परिभाषा गरेको पाइन्छ।

संयुक्त राज्य अमेरिकामा जन्मेका वा अङ्गीकरण भएका तथा यसको क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिहरू संयुक्त राज्य अमेरिकाका तथा आफू बसोबास गरेको राज्यका नागरिक हुने तथा कुनै राज्यले संयुक्त राज्य अमेरिकाका नागरिकको अधिकार र सुविधालाई कटौती गर्ने गरी कानुन बनाउन वा लागू गर्न नपाउने गरी व्यवस्था गरेको छ ।[5]

5 संयुक्त राज्य अमेरिकाको संविधानले यसको निर्माणका समयमा नागरिकतासम्बन्धी व्यवस्था नगरिएको र यसको चौधौं संशोधन, १८६८

दक्षिण अफ्रिकामा साझा नागरिकता रहने, सबै नागरिक अधिकार, सुविधा र लाभका समान हिस्सेदार हुने, नागरिक समान कर्तव्य र उत्तरदायित्वका विषय हुने, नागरिकताको प्राप्ति, समाप्ति र पुन:प्राप्ति कानुनद्वारा व्यवस्था भएबमोजिम हुने व्यवस्था गरेको छ ।

स्वीस महासङ्घको संविधानले नागरिकता तथा राजनीतिक अधिकारसम्बन्धी छुट्टै भागको व्यवस्था गरेको छ ।[6] नगरपालिका (Municipality) र राज्य (Canton)को नागरिक स्वीस महासङ्घको नागरिक हुने, कुनै पनि व्यक्तिलाई नागरिकताका आधारमा कुनै विशेषाधिकार तथा बेफाइदा नहुने व्यवस्था गरेको छ। धारा ३८ ले वंश, विवाह र अङ्गीकरणका आधारमा स्वीस महासङ्घले नागरिकताको प्राप्ति, समाप्ति र पुन:प्राप्तिको नियमन/व्यवस्था गर्ने, यसले राज्यहरूले विदेशीहरूको अङ्गीकरणका लागि न्यूनतम मापदण्ड तोक्ने तथा अनुमति प्रदान गर्ने एवम् महासङ्घले राज्यविहीन बालबालिकाहरूको अङ्गीकरणका लागि सहजीकरण गर्ने व्यवस्था गरेको छ ।

कुनै पनि नागरिकले एक मात्र राज्यमा राजनीतिक अधिकार प्रयोग गर्न पाउने लगायतको व्यवस्था गरेको छ। महासङ्घले विदेशमा बस्ने स्वीस नागरिकको स्वीट्जरल्यान्डसँगको सम्बन्ध प्रवर्द्धन गर्ने तथा विशेष गरी सङ्घीय तहमा राजनीतिक अधिकारको प्रयोग, सैनिक वा अतिरिक्त सेवासम्बन्धी कर्तव्य सम्बन्धमा लोककल्याण र सामाजिक सुरक्षा सम्बन्धमा विदेशमा बस्ने स्वीस नागरिकको अधिकार तथा कर्तव्यका बारेमा नियम बनाउने व्यवस्था गरेको छ ।

भारतको संविधानले संविधान प्रारम्भ हुँदाका बखतको नागरिकतासम्बन्धी व्यवस्था अन्तर्गत संविधानमा भारतमा बसोबास गरेको, भारतमा जन्मेको वा निजको कुनै अभिभावक भारतमा जन्मेको वा संविधान जारी हुनुभन्दा कम्तीमा पाँच वर्षअघिदेखि भारतमा बसोबास गरेको व्यक्ति भारतको नागरिक ठहर्ने, कुनै पनि व्यक्ति आफैं वा निजको बाबुआमा वा हजुरबुबा हजुरआमा भारतमा जन्मेको र विदेशमा बसेको भएमा भारतीय नागरिकका रूपमा कूटनीतिक नियोगमा पञ्जीकरण भएमा त्यस्तो व्यक्ति पनि भारतको नागरिक हुने, कुनै भारतीय नागरिकले स्वेच्छाले विदेशको नागरिकता प्राप्त गरेमा भारतको नागरिक नरहने, भारतका नागरिक वा भारतको नागरिक ठहर्ने व्यक्तिहरू संविधानका अन्य प्रावधान तथा पछि बन्ने कानुनबमोजिम निरन्तर रूपमा भारतको नागरिक कायम नै रहने र नागरिकता प्राप्ति र समाप्तिका सम्बन्धमा संविधान प्रतिकूल नहुने गरी कानुन बनाउन सकिने व्यवस्था गरेको छ ।

नागरिकतासम्बन्धी नेपालको संवैधानिक व्यवस्था

वि.सं. २००९ वैशाख २६ गते नागरिकता ऐन, २००९ जारी भएको थियो। नागरिकता ऐन, २००९ ले नेपालको 'अधिवासी' भई नेपालमा जन्मेको वा आमाबाबुमध्ये एक नेपालमा जन्मेको वा स्थायी बसोबास गरेको व्यक्ति र नेपालको नागरिकसँग विवाह गरेकी स्वास्नीमानिस नेपालको नागरिक हुने व्यवस्था गरेको थियो ।

संवैधानिक रूपमा सर्वप्रथम नेपालको संविधान, २०१९ ले नेपालमा जन्मेको वा आमाबाबुमध्ये एक जना नेपालमा जन्मेको, नेपाली नागरिकसँग विवाह भएकी स्वास्नीमानिस र नेपालको कानुनबमोजिम नागरिकताको प्रमाणपत्र लिइसकेको नेपालमा स्थायी बासस्थान भएको व्यक्ति संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको थियो। संविधान प्रारम्भ भएपछि राष्ट्रभाषा बोल्न र लेख्न जान्ने, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्याग्न कारबाही चलाएको समेतका आधारमा नागरिकता प्रदान गर्न सक्ने गरी कानुन बनाउन सकिने व्यवस्था गरेको थियो। त्यस्तै, अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपाली नागरिकताका लागि आवेदन गरेमा वा विशेष ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था थियो। नेपालका विरुद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको वा राज्यका विरुद्ध अन्य अपराध गरेको वा युद्धको समयमा वा अन्य सङ्कटकालीन अवस्थामा कानुनद्वारा निर्धारण गरिए अनुसार राज्यको सेवा नगरेको वा गर्न नखोजेको आधारमा नेपाली नागरिकता समाप्त हुने व्यवस्थासमेत गरेको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको वंशज वा अङ्गीकृत नागरिकता प्राप्त गरेका व्यक्तिहरू संविधान प्रारम्भ हुँदाका बखत नेपालका नागरिक ठहर्ने व्यवस्था गऱ्यो। संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने र नेपालभित्र फेला परेको पितृत्वको ठेगाना नभएको नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक ठहर्ने व्यवस्था गऱ्यो। नेपालमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति कानुनका अधीनमा रही नेपालको नागरिक हुने र संविधान प्रारम्भ भएपछि विदेशीलाई कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्दा नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्यागेको र कम्तीमा १५ वर्षसम्म नेपालमा बसोबास गरेको जस्ता आधारहरू तोकेको थियो। नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने, अङ्गीकृतबाहेकको नेपाली नागरिकको छोरा, छोरी वा वंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा दुई वर्षसम्म बसोबास गरेको भए कानुनबमोजिम नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था थियो। संविधानले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने व्यवस्था पनि गरेको थियो। नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ ले नागरिकतासम्बन्धी व्यवस्था गरेको छ ।

संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र भाग २ बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुने व्यवस्था गरेको छ। संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भई संविधान प्रारम्भ हुनुअगावै वंशजका आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति र जन्मदाका बखत बाबु वा आमा नेपाली नागरिक भएको व्यक्ति र नेपाल सरहदभित्र फेला परेको पितृत्व-मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजका आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको छ। संवत् २०४६ चैत्र मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले एकपटकका लागि तोकिएको अवधिभित्र निवेदन दिने व्यक्ति वा नेपाली नागरिकसँग

6 दक्षिण अफ्रिकाको संविधानको धारा ३

वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला वा नेपालभित्र गाभिने गरी प्राप्त भएको क्षेत्रभित्र बसोबास भएको व्यक्ति साथै विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मेको, नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताका आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्ति कानुनको अधीनमा रही नेपालको नागरिक हुन सक्ने व्यवस्थासमेत गरेको छ। नेपाल सरकारले अङ्गीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्थासमेत गरेको छ। साथै, नागरिकता पाउन योग्यता पुगेका व्यक्तिलाई नागरिकता प्रदान गर्न नागरिकता वितरण टोली खटाउने व्यवस्था पनि गरेको छ।

नागरिकता सम्बन्धमा नेपालमा अदालती अभ्यास

वेन्जामिन पिटरविरुद्ध गृह मन्त्रालयसमेत[7](को रिटमा नेपाली नागरिक पुरुष र महिलाबीच भिसा सम्बन्धमा रहेको विभेद हटाउन सर्वोच्च अदालतसमक्ष परेको निवेदनमा स्वीट्जरल्यान्डका नागरिक वेन्जामिन पिटर र नेपाली नागरिक मीनाकुमारी तिलिजाको बीच मिति २०४७ वैशाख २५ मा दर्ता विवाह भई पतिपत्नीको सम्बन्ध रहेको र एक सन्तान छोराको जन्म भएकामा विदेशीसम्बन्धी नियमावली, २०३२ को नियम १४(३) ले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाले भिसाको म्याद थप्नु नपर्ने एवम् वैवाहिक सम्बन्ध कायम रहुन्जेल र त्यसपछि तीन महिनासम्म भिसा बहाल रहने तथा सो नियमावलीमा २०४५ सालमा भएको संशोधनले नेपाली महिला नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी लोग्नेलाई साधारणतया एक वर्षभित्र अधिकतम चार महिनाका लागि मात्र गैरपर्यटक भिसा दिइने गरी नियम १४(४) ले गरेको व्यवस्थाले नेपाली पुरुष नागरिक र नेपाली महिला नागरिकबीच भेदभावपूर्ण व्यवहार गरेकाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको हकविरुद्ध भएकाले बदर घोषित गरिपाउँ भन्ने माग भएकामा संविधानले प्रत्याभूत गरेको समानताको व्यवस्था सामान्य प्रकारको हो भने नागरिकतासम्बन्धी व्यवस्था विशेष व्यवस्था हो ।

नागरिकतासम्बन्धी विशेष व्यवस्था सामान्य व्यवस्था अनुरूप भएन भन्ने कुरा मान्य हुँदैन भनी विदेशी नागरिकप्रति विभेदयुक्त व्यवस्था रहेको उक्त नियमावलीको व्यवस्था बदर घोषित गरिएन।

छवि पिटरविरुद्ध गृह मन्त्रालय समेत[8] भएको रिटमा जहाँसुकै जन्मेको भए पनि बाबु नेपाली नागरिक भए निजका सन्तान वंशजका आधारमा नेपाली नागरिक हुने तर नेपाली नागरिक महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मेका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता पाउन नसक्ने भनी उक्त रिट खारेज भएको पाइन्छ ।

अधिवक्ता बालकृष्ण नेउपानेविरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत[9] भएको २०५४ सालको रिट नं.२९८० मा सर्वोच्च अदालतले संविधान, नागरिकता ऐन र नियमावलीले परिकल्पना नगरेको नागरिकता वितरण टोली कार्य निर्देशिका, २०५३ का आधारमा कानुनबमोजिमको अख्तियारी र प्रक्रिया पूरा नगरी नागरिकता वितरण टोलीले नागरिकता वितरण गर्ने सम्बन्धमा गरेका कार्यहरू नेपाल अधिराज्यको संविधान, २०४७ तथा नेपाल नागरिकता ऐन, २०२० मा व्यवस्थित नागरिकतासम्बन्धी संवैधानिक तथा कानुनी आधारभन्दा थप आधारको व्यवस्था गरेको र अनधिकृत रूपमा नागरिकता वितरण टोलीबाट ठूलो परिमाणमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने गरेको कार्य संविधान र कानुन अनुकूल मान्न नसकिने ठहर गर्दै नागरिकतासम्बन्धी विषय मुलुकको राष्ट्रियतासँग जोडिएको अति नै संवेदनशील विषय भएकाले नागरिकताको प्रमाणपत्र प्रदान गर्दा निर्देशिकाका आधारमा नभई संविधान, ऐन, नियम तथा अदालतबाट प्रतिपादित सिद्धान्तको परिधिभित्र रही नागरिकताको प्रमाणपत्र प्रदान गर्न सरकारका नाममा परमादेशको आदेश जारी गरेको छ ।

अधिवक्ता बालकृष्ण नेउपानेविरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत भएको सम्वत् २०५३ सालको रिट नं. १९४७ उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने निवेदनमा सर्वोच्च अदालतबाट मिति २०५८ कात्तिक २४ मा आदेश भई नेपाली नागरिकताको प्रमाणपत्र दिने आधार र प्रक्रिया नेपाल अधिराज्यको संविधान, २०४७ र प्रचलित नेपाल कानुनद्वारा निर्धारित हुने गरेको र सोभन्दा बेगल आधार र सर्तहरू तोकी कानुनमा व्यवस्था भएभन्दा प्रतिकूल प्रक्रियाद्वारा नागरिकताको प्रमाणपत्र दिने गरी भएको निर्णय आदेशहरूको कानुनी मान्यता नहुने स्पष्ट हुँदा गृह मन्त्रालयको सूचनाका आधारमा सम्बन्धित निर्णयबमोजिम नागरिकता दिने/दिलाउने कार्य भई कसैलाई नागरिकताको प्रमाणपत्र दिने कारबाही भइरहेको भन्ने नदेखिँदा रिट निवेदन दायर हुनुपर्ने परिपक्वताको समयपूर्व (Premature) अवस्थामा दायर भएकाले मिति २०५३ असार २० को 'गोरखापत्र'मा प्रकाशित नागरिकताको प्रमाणपत्र दिनेसम्बन्धी गृह मन्त्रालयको समाचार छापिएको विषयको सम्बन्धमा ऐन-नियम संशोधन नभई लागू हुन नसक्ने भएकाले मिति २०५८ कात्तिक २४ मा रिट निवेदन खारेज भएको देखिन्छ ।

अधिवक्ता बालकृष्ण नेउपानेविरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत[10] भएको उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदनमा नेपाल अधिराज्यको संविधान, २०४७ नेपाल नागरिकता ऐन, २०२० र त्यसपछि मिति २०४९ जेठ ५ मा जारी भएको नागरिकता नियमावली, २०४९ को नियम ३(४) मा प्रमुख जिल्ला अधिकारीले नागरिकता दिँदा सम्वत् २०३२ सालमा खटिएको नागरिकता टोलीको लगतमा नाम समावेश भएको, सम्वत् २०३७ सालमा भएको जनमतसङ्ग्रहका लागि तयार गरिएको मतदाता नामावलीमा नाम समावेश भएको र नेपालको कुनै सरकारी वा सरकारी स्वामित्वको संस्थामा अविच्छिन्न सेवा गरिरहेको वा सेवा गरी अवकाश प्राप्त गरेको भन्ने थप एवम् गैरसंवैधानिक प्रावधान राखेकाले संविधानको धारा ८ र ९ सँग बाझिने व्यवस्था बदर घोषित गरिपाउँ भन्ने मागदाबी रहेकामा सर्वोच्च अदालत विशेष इजलासले संविधान र ऐनले नागरिक ठहऱ्याउने गरी निर्धारण गरेका आधारबाहेक अरू आधारहरू सिर्जना गर्न र तोक्न नियम सक्षम रहेको देखिँदैन। यस्ता आधारहरू नियमद्वारा तोक्न सक्ने गरी ऐनले अधिकारसमेत दिएको नदेखिँदा संविधान र ऐनले तोकेका आधारविपरीत हुने गरी २०३२

7 ने.का.प.२०४८ अङ्क ११, पृष्ठ ७४९
8 ने.का.प.२०४९, पृष्ठ ४४३
9
10 ने.का.प. २०५१, अङ्क ९, पृष्ठ ६७५

र २०३७ सालका आधार वर्ष (cut of year) मान्नुपर्ने अवस्था सिर्जना हुने गरी संविधान र ऐनले निर्धारण गरेको आधार उल्लङ्घन गरी थपिएको नागरिकता नियमावली, २०४९ को नियम ३(४) को खण्ड (क), (ख), (ग) को व्यवस्था संविधानको धारा ८ र ९ तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ र १६ सँग बाझिएकाले सो हदसम्म प्रारम्भ भएको मितिदेखि नै अमान्य र बदर घोषित गर्ने ठहर भएको छ ।

अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत[11] भएको सम्वत् २०५७ सालको रिट नं.३६६८ उत्प्रेषणयुक्त परमादेशमा आमा नेपाली नागरिक भए पनि निजका सन्तानले वंशजका आधारमा नागरिकता नपाउने व्यवस्था लिङ्गका आधारमा नागरिकतामा भएको भेदभावजन्य व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ र ११ सँग बाझिएकाले बदर घोषित गरिपाउन र आमाका नामबाट सन्तानले नागरिकता नपाउने विभेदयुक्त व्यवस्था हटाउन माग भएकामा सर्वोच्च अदालतले नागरिकतासम्बन्धी विषय अत्यन्त महत्त्वपूर्ण र संवेदनशील विषय भएकाले संविधानमा नै नागरिकताको व्यवस्था गरिएको, नेपाल नागरिकता ऐन, २०२० र नागरिकता नियमावली, २०४९ अनुसार नेपालको नागरिकता प्राप्त गर्दा बाबु नेपाली नागरिक भएका आधारमा मात्र वंशजका आधारमा नेपालको नागरिकता प्रदान गर्ने व्यवस्था भएकाले आमा नेपाली नागरिक भए पनि निजका सन्तानले वंशजका आधारमा नागरिकता नपाउने व्यवस्थालाई कायम राख्दै सर्वोच्च अदालत विशेष इजलासले बाबु नेपाली नागरिक भएका आधारमा मात्र वंशजको नागरिकता लिन सकिने व्यवस्था समानतासम्बन्धी हकसँग बाझिएको भन्न नमिल्ने भनी रिट निवेदन खारेज गरेको देखिन्छ ।

प्रस्तावित मस्यौदा संविधान, २०६७

१. **एकल सङ्घीय नागरिकताको व्यवस्था** : नेपालमा सङ्घीय सरकारले प्रदान गर्ने गरी प्रादेशिक पहिचानसहितको एकल नागरिकताको व्यवस्था गरिएको छ ।

नोट : स्थानीय पहिचान राख्नुपर्ने ।

२. **नेपालको नागरिक ठहर्ने** : नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति यो संविधानबमोजिम नेपालको नागरिक ठहर्नेछ :

क. यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त व्यक्ति,

ख. यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकता प्राप्त व्यक्ति,

ग. धारा ३ बमोजिम नेपालको नागरिकता प्राप्त गर्न योग्य व्यक्ति ।

नोट : नागरिकता प्राप्त नगर्दै नागरिक ठहर गर्न नहुने ।

३. **वंशजका आधारमा नागरिकता** : (१) नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्तिलाई वंशजका आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ :

क. कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,

नोट : आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिको सट्टा आमा वा बाबु नेपाली नागरिक रहेछ भन्ने शब्द राख्नुपर्ने।

ख. विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति ।

नोट : आमा वा बाबु नेपाली नागरिक रहेछ भन्ने शब्द राख्नुपर्ने।

२. नेपाल सरहदभित्र फेला परेको आमा/बाबुको ठेगान नभएको प्रत्येक नाबालक/नाबालिका निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजका आधारमा नेपाली नागरिक ठहर्नेछ ।

नोट : नेपालको वंशज भन्नुपर्ने ।

४. **अङ्गीकृत नागरिकतासम्बन्धी** : अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था : (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानुनी रूपमा १५ वर्ष बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि प्रचलित कानुनबमोजिम अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

तर, यो संविधान प्रारम्भ हुनुभन्दा अगावै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम भएका विदेशी महिलाले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारबाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ ।

नोट : प्रचलित भन्ने शब्द हटाउनुपर्ने र त्याग गरेपछि भन्ने शब्दको सट्टा विदेशी मुलुकको नागरिकता त्याग्ने कारबाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने शब्द राख्नुपर्ने।

२. नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिले प्रचलित कानुनबमोजिम अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

३. विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताका आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले प्रचलित कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।

४. यो संविधान प्रारम्भ भएपछि नेपालको आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको विदेशीलाई अन्य कुराका अतिरिक्त देहायका सर्त र अवस्था पूरा गरेको आधारमा प्रचलित कानुनबमोजिम सङ्घीय सरकारले नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्नेछ :

क. नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको,

ख. नेपालमा कुनै व्यवसाय गरी बसेको,

ग. अन्य मुलुकको नागरिकता त्यागेको,

घ. कम्तीमा १५ वर्षसम्म नेपालमा कानुनी रूपमा बसोबास गरेको,

ङ. नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानुनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिक भएको,

च. असल चालचलन भएको ।

५. उपधारा (४) बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकतासम्बन्धी विवरण सङ्घीय व्यवस्थापिकासमक्ष प्रस्तुत गर्नुपर्नेछ ।

५. **क्षेत्र गाभिँदाको नागरिकता** : नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति

11 ने.का.प. २०५८, अङ्क ११, पृष्ठ १

प्रचलित कानुनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।

६. **वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता** : प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशका आधारमा लैङ्गिक पहिचानसहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।

नोट : : यो धारा आवश्यक नभएको ।

७. **नागरिकताको पुन:प्राप्ति** : नेपाली नागरिकता त्याग गरी विदेशी मुलुकको नागरिकता लिएका व्यक्तिले पुन: नेपालमा आई पाँच वर्ष बसोबास गरी विदेशी मुलुकको नागरिकता त्याग गरेमा पहिले जुन किसिमको नेपालको नागरिकता प्रदान गरिएको हो, निजलाई सोही किसिमको नागरिकता प्रदान गर्न सकिनेछ ।

तर, यो व्यवस्था धारा ४ को उपधारा (४)बमोजिम प्रदान गरिएको अङ्गीकृत नागरिकको हकमा लागू हुने छैन ।

नोट : पाँच वर्षको सट्टा दुई वर्ष राख्नुपर्ने ।

८. सम्मानार्थ नागरिकता : सङ्घीय सरकारले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ ।

नोट : सङ्घीय सरकारले अन्तर्राष्ट्रिय ख्याति प्राप्त र नेपाललाई योगदान पुऱ्याएको व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्नेछ भन्ने शब्द राख्नुपर्ने ।

९. **झूटो विवरण पेस गरी वा पटक-पटक नागरिकता लिन/दिन नहुने** : कसैले झूटो विवरण वा बयान दिई वा एकपटक भन्दा बढी वा एकभन्दा बढी स्थानबाट नागरिकता लिन/दिन हुँदैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

तर, प्रमाणका आधारमा नागरिकता प्रमाणपत्रमा उल्लिखित लेखाइ वा छपाइका सामान्य त्रुटि सच्याउन वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिन/दिन यस धाराले रोक लगाएको मानिने छैन ।

१०. **नागरिकताको प्रमाणपत्रउपर छानबिन गर्ने** : यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय सरकारले नेपाली नागरिकताको प्रमाणपत्रउपर छानबिन गरी गैरनेपालीले लिएको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्न र त्यस्तो व्यक्तिलाई नेपाली नागरिकबाट हटाउन सक्नेछ ।

नोट : ९ र १० ऐनमा राख्नुपर्ने ।

११. **नागरिकता कायम नरहने** : (१) देहायको अवस्थामा कुनै पनि व्यक्तिको नेपाली नागरिकता कायम रहने छैन :

क. स्वेच्छाले नेपालको नागरिकता परित्याग गरेमा,

ख. विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा,

ग. यस भागमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै गैरनेपालीले नेपालको नागरिकता लिएको प्रमाणित भएमा।

(२) नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेको कुनै व्यक्ति अन्य मुलुकको पनि नागरिकता प्राप्त गर्न योग्य रहेछ भने त्यस्तो व्यक्तिले नागरिकता प्रमाणपत्र लिन योग्यता पुगेको दुई वर्षभित्र तथा नाबालक/नाबालिकाको हकमा बालिग भएको मितिले दुई वर्षभित्र नेपालको नागरिकता नरोजेमा त्यस्तो व्यक्ति नेपालको नागरिक कायम रहने छैन ।

१२. **विवरण अद्यावधिक गर्ने** : नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका विदेशी नागरिक तथा त्यस्ता दम्पतीबाट जन्मेका सन्तानहरूको विवरण कानुनबमोजिम अद्यावधिक गरिनेछ ।

१३. **पदाधिकारीको नागरिकतासम्बन्धी व्यवस्था** : १. नेपालको राष्ट्रप्रमुख तथा उपप्रमुख, सङ्घीय वा राज्यस्तरको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको प्रमुख र संवैधानिक अङ्ग तथा सुरक्षा निकाय प्रमुखको पदमा निर्वाचित वा नियुक्त हुन वंशजका आधारमा नागरिकता प्राप्त नेपाली नागरिक हुनु पर्नेछ।

२. यो संविधानबमोजिम नेपालको संवैधानिक पदमा नियुक्तिका लागि योग्य हुने अङ्गीकृत वा जन्मका आधारमा नेपाली नागरिकता प्राप्त नेपाली नागरिक कम्तीमा १० वर्ष र नेपालको नागरिकता त्याग गरी पुन: वंशजका आधारमा नागरिकता प्राप्त गरेको नेपाली नागरिक कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनुपर्ने ।

नोट : **नेपालको राष्ट्रप्रमुख, राष्ट्र उपप्रमुख तथा नेपालको सङ्घीय एवम् राज्यस्तरका सबै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका प्रमुखको पदमा, संवैधानिक अङ्ग तथा सुरक्षा निकायको प्रमुखको पदमा वंशजका आधारमा नेपालको नागरिकता प्राप्त व्यक्तिहरू मात्र निर्वाचित वा नियुक्त हुन पाउने गरी सोही ठाउँमा व्यवस्था गर्नु उपयुक्त हुन्छ। अङ्गीकृत वा जन्मका आधारमा नेपालको संवैधानिक पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था हुनुहुँदैन।**

१४. **गैरआवासीय नेपालीलाई परिचयपत्र दिन सकिने** : नेपालको नागरिकता त्याग गरी विदेशको नागरिकता प्राप्त गरेका नेपाली मूलका व्यक्तिलाई प्रचलित कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली परिचयपत्र प्रदान गर्न सकिनेछ ।

नोट : नेपालमा लगानी गर्न कम्पनी ऐनले विदेशीलाई रोक नलगाएकाले यो आवश्यक नभएको।

१५. कानुनबमोजिम हुने : नागरिकतासम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ ।

नोट : यो यहाँ आवश्यक नभएको ।

निष्कर्ष

कुनै पनि नागरिक राष्ट्रियताविहीन हुन नहुने र गैरनागरिकले नागरिकता पाउनु हुँदैन। कुनै पनि देशको नागरिकतासम्बन्धी नीति राष्ट्रिय हितसँग जोडिएको हुन्छ। नागरिकतासम्बन्धी नीति निर्धारण गरिरहँदा राष्ट्रिय हितलाई सर्वोपरि राख्नुपर्ने हुन्छ। नेपालको भू-राजनीतिक विशिष्ट अवस्था, भूगोल र जनसङ्ख्याका दृष्टिले विशाल दुई छिमेकी, नेपाल र छिमेकी राष्ट्रबीचको सांस्कृतिक समानता, खुला सिमानाजस्ता विभिन्न आधारले नेपालका लागि नागरिकतासम्बन्धी विषय ज्यादै संवेदनशील रूपमा रहेको छ। अत: संविधानमा नै नागरिकता सम्बन्धमा स्पष्ट नीति कायम गरी नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, अखण्डता र नेपाली जनताको अगाध राष्ट्रप्रेमलाई अक्षुण्ण राख्न नेपालले नागरिकता सम्बन्धमा कठोर नीति अवलम्बन गर्नु आवश्यक छ ।









इन्सेकका केही प्रकाशनहरू











www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल



नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।









इन्सेकका केही प्रकाशनहरू